## परिच्छेद- १
## परिचय र उद्देश्य

१.१ पृष्ठभूमि :

वगनासकाली गाउँपालिकाको आवधिक योजना, बार्षिक बजेट तथा कार्यक्रम र बिभिन्न क्षेत्रगत रणनीतिक योजनाले लिएका समष्टिगत तथा विषय क्षेत्रगत लक्ष्य र उद्देश्यहरु हासिल गर्न सार्वजनिक खर्च ब्यवस्थापनको महत्वपुर्ण भूमिका हुन्छ।आवधिक योजनालाई वार्षिक बजेट र कार्यक्रमसंग जोड्ने वित्तीय अनुशासनको औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले विनियोजन कुशलता, कार्यान्वयन दक्षता र वित्तीय सुशासन कायम गरी सार्वजनिक श्रोत ब्यवस्थापनलाई प्रभावकारी बनाउँन सहयोग गर्दछ।नेपालमा आ.व. २०५९/६० वाट उपयोगमा ल्याइएको मध्यमकालीन खर्च संरचनाको प्रमुख उद्देश्य सरकारले गर्ने सबै खर्च प्राथमिकताका आधारमा बाडफाँड गरी खर्चको प्रभावकारिता बढाउनु हो ।स्थानीय तहमा पनि यसले विकास योजनाको लक्षित नतिजा हासिल गर्न श्रोत-साधनको प्रभावकारी विनियोजन र परिचालन, पारदर्शी र मितव्ययी खर्च प्रणाली, वित्तीय अनुशासन जस्ता पक्षमा सुधार ल्याउँन महत्वपूर्ण भूमिका निर्बाह गर्दछ।

१.२ मध्यमकालीन खर्च संरचनाको अबधारणा र उद्देश्य

१.२.१ अबधारणा

सार्वजनिक बित्त ब्यवस्थापनको एक औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले गाउँपालिकासंग उपलब्ध सीमित श्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ।यस अन्तर्गत संघ तथा प्रदेशबाट गाउँगाउँपालिका लाई विभिन्न शिर्षकमा प्राप्त हुने श्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य श्रोत समेत आंकलन गरी समष्टिगत वित्तीय खाका निर्धारण गरिन्छ।यसैको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरुप बिषयगत कार्यालय/शाखा र गाउँगाउँपालिका को अन्य निकायहरूसंग सम्बन्धित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक मध्यम अबधिको बजेट विनियोजन गर्न मध्यमकालीन खर्च अनुमानको विषयगत सीमा तयार गरिन्छ ।यसरी निर्धारण भएको बजेटको सीमा भित्र रहेर बिषयगत महाशाखा/कार्यालय/शाखाहरुले नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक खर्चको कार्यक्रम तथा आयोजनागत विनियोजन अनुमान गर्दछन्।यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ । यसमा पहिलो वर्ष बजेटको वास्तविक अनुमान हुन्छ भने बाँकी दुई वर्षको बजेट प्रक्षेपण गरिन्छ।पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ ।जसमा पहिलो वर्षको प्रगति समिक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन गरी थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ ।यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ । यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपुर्ण भूमिका खेल्दछ ।

१.२.२. उद्देश्यहरु;

गाउँपालिकाले तर्जुमा गर्ने मध्यमकालीन खर्च संरचनाको मूख्य उद्धेश्य देहाय बमोजिम रहेका छन्;

१) आवधिक योजना र बार्षिक बिकास योजनालाई बजेटसँग तादाम्यता कायम गरी श्रोत-साधनको विनियोजनलाई उपलब्धिमुलक बनाउनु,

२) आयोजनाहरुको प्राथमिकीकरण गर्न र प्राथमिकता प्राप्त आयोजनालाई श्रोतको सुनिश्चितता गर्न,

३) सार्वजनिक खर्च प्रणालीमा वित्तीय अनुशासन कायम गरी समष्टिगत आर्थिक स्थायित्व प्राप्त गर्नका लागि गाउँगाउँपालिका लाई प्राप्त हुने मध्यम अवधिको आन्तरिक र बाह्य श्रोतको वास्तविक अनुमान गरी बजेट खाका तर्जूमा गर्नु,

४) सार्वजनिक खर्चलाई बढी प्रभावकारी र कुशल बनाइ लक्षित प्रतिफल सुनिश्चित गर्नु ।

५) बजेट अनुमानलाई बढी वास्तविक बनाउनु,

१.२.३ आवधिक योजना, मध्यमकालीन खर्च संरचना र वार्षिक बजेट तथा कार्यक्रम बीचको सम्वन्ध;

आवधिक योजना अनुरुप मध्यमकालीन खर्च संरचना तयार गर्नु पर्ने र मध्यमकालीन खर्च संरचना अनुरुप बार्षिक विकास कार्यक्रम तर्जुमा गरी आवधिक योजनाका लक्ष्य र उद्देश्य हासिल गर्न सकिने हुन्छ।

१.३ कानुनी ब्यवस्थाः

सार्बजनिक खर्च ब्यबस्थापनको सन्दर्भमा संविधानले ब्यबस्था गरेको प्राबधानहरु एबं स्थानीय तहको अधिकार क्षेत्रभित्रका आर्थिक,सामाजिक, वाताबरणीय तथा राजनीतिक पक्षसँग सम्बन्धित बिभिन्न नीति,ऐन,नियमको कार्यान्वयन तथा दिर्घकालिन योजना,आवधिक योजना र बिषयगत रणनीतिक योजनाको लक्ष्य हासिल गर्ने पक्षलाई ध्यान दिनु आबश्यक छ | सोहि मुताबिक यो मध्यमकालीन खर्च संरचना तयार गर्दा देहायमा उल्लिखित पक्षलाई आधार लिएको छ;

- नेपालको संबिधान
- स्थानीय सरकार संचालन ऐन,२०७४
- अन्तरसरकारी वित्त ब्यवस्थापन ऐन २०७४
- आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायीत्व ऐन, २०७६ र नियमावली २०७७
- स्थानीय तहको मध्यमकालीन खर्च संरचना दिग्दर्शन,२०७८ (परिमार्जित)
- स्थानीय तहको योजना तर्जुमा दिग्दर्शन, २०७८
- गाउँपालिकाको बिगत २ आर्थिक बर्षको बार्षिक नीति तथा कार्यक्रम र बजेट एबम बिषयक्षेत्रगत नीति/रणनीति |
- वगनासकाली गाउँपालिकाको आवधिक योजना (०८०/०८१-०८४/०८५)
- गाउँपालिकाको बिनियोजन ऐन
- संघ र प्रदेश सरकारवाट प्राप्त अनुदान र राजश्व बाँडफाँटको सिलिंग

१.४ मध्यमकालीन खर्च संरचना तर्जुमा प्रक्रियाः

वगनासकाली गाउँपालिकाले आफ्नो मध्यमकालीन खर्च संरचना (आ.ब.०८२/८३-०८४/८५) गाउँपालिकाले स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन, २०७८ मा भएको व्यवस्था अनुरुपको प्रक्रिया र समयसीमा अनुसरण गर्नेछ।

क) त्रिवर्षीय प्रक्षेपण सहित कुल बजेट र श्रोतको आकार तयारी गर्नेः गत आर्थिक वर्षको यथार्थ स्थिति, चालु आर्थिक वर्षको प्रक्षेपित अवस्था, सङ्घ र प्रदेश सरकारबाट प्राप्त स्रोतको आधारमा आगामी ३ वर्षको बजेट तथा कार्यक्रम बारेमा वडा कार्यालय, सम्बन्धित बिषयगत कार्यालय, योजना तथा प्राविधिक महाशाखा र गाउँगाउँपालिका को कार्यपालिकाले नीतिगत छलफल गरी आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको बजेट तथा कार्यक्रमको प्रक्षेपण गरी प्रारम्भिक प्रतिवेदन गरिएको छ । यो कार्य गर्दा सम्बन्धित निकायहरूको संलग्नतामा योजना शाखाले समग्रमा पुनरावलोकन गरी

अवधारणापत्र तयार गरेको छ भने स्रोत समितिले गाउँगाउँपालिका को अर्थतन्त्रको वर्तमान स्थिति, चालु आवधिक योजना, सङ्घ र प्रदेश सरकारवाट विभिन्न शिर्षकमा प्राप्त हुने बजेट स्रोत, राजस्व बाँडफाँटबाट प्राप्त हुने रकम तथा रोयल्टी बापत प्राप्त हुने रकम, बाह्य एवम् आन्तरिक वित्तीय साधनको सम्भावना, करको लचकता, राजस्व प्रक्षेपण तथा कार्यगत नीति र प्राथमिकताको आधारमा आगामी आर्थिक वर्ष र थप २ आर्थिक वर्षको कुल बजेटको आकार तयार गरिएको छ। यस सम्बन्धि विवरण **अनुसूची-२** मा उल्लेख गरिएको छ ।

ख) बजेट सीमा निर्धारण तथा बाँडफाँट : स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले तयार गरेको आगामी ३ वर्षको स्रोत तथा खर्च अनुमान तथा प्रक्षेपणका आधारमा योजना शाखाद्वारा निकायगत र विषयगत रुपमा चालु, पुँजीगत र वित्तीय व्यवस्थासहितको बजेटको सीमा र मार्गदर्शन तयार गरियो ।माथि उल्लेख भएअनुसार तयार भएको निकायगत/विषयगत बजेट सीमा र मार्गदर्शन कार्यदलमा पेश भै आबश्यक छलफल तथा परिमार्जन गरी स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति मार्फत कार्यपालिकामा स्वीकृतिको लागि पेश गरिएको थियो | कार्यपालिकावाट स्वीकृत बजेट सीमा र मार्गदर्शनलाई वडा कार्यालयसँगको प्रतक्ष्य सम्पर्क र सहयोग समेतको आधारमा बिषय उपक्षेत्रगत र क्षेत्रगत रुपमा मध्यमकालीन खर्च संरचना तयार गर्न सम्बन्धित शाखामा प्रेषित गर्ने |

ग) बिषय क्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयारीः

गाउँकार्यपालिकावाट स्वीकृत गरी पठाएको बजेट सीमा र मार्गदर्शनभित्र रही सम्बन्धित बिषयगत शाखाले आफ्नो बिषय क्षेत्रसँग सम्बन्धित कार्यक्रम तथा आयोजनामध्ये वडा कार्यालयसँगको समेत समन्वयमा आवश्यकता र प्राथमिकीकरणका आधारमा छनौट भएका आयोजना/कार्यक्रमहरूको त्रिबर्षीय खर्च प्रक्षेपण सहितको बिषय उपक्षेत्रगत मध्यमकालीन खर्च संरचना विवरण तयार गरियो र यसरी उपक्षेत्रगत रुपमा तयार भएको मध्यमकालीन खर्च संरचनाको विवरणलाई कार्यदलले सम्बन्धित शाखा प्रमुखसँगको सहकार्यमा बिषयक्षेत्रगत रुपमा एकिकृत गरी बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचनाको प्रारम्भिक मस्यौदा तयार गरी गाउँपालिकाको आबाधिक योजना, नीति तथा कार्यक्रम, स्थानीय प्राथमिकता र बिषयक्षेत्रगत नीति तथा गुरुयोजना अनुरुप आबश्यक छलफल एबम् परिमार्जनको लागि सम्बन्धित विषयगत समितिमा पेश गरियो। बिषयक्षेत्रगत रुपमा प्रस्तावित मध्यमकालीन खर्च संरचनामा प्रस्तावित आयोजना/कार्यक्रम तथा उपक्षेत्रको रणनीतिक स्तम्भ, प्राथमिकीकरण, जलवायु संकेत, लैंगिक संकेत र दिगोविकास लक्ष्यका आधारमा सांकेतीकरण समेत गर्नुपर्दछ |

घ) विषयगत समितिमा छलफल तथा परिमार्जनः बिभिन्न बिषयगत शाखाबाट प्रस्तावित भई कार्यदलले तयार गरेको आयोजना/कार्यक्रमहरूको त्रिबर्षिय खर्च प्रक्षेपण सहितको बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट माथी सम्बन्धित विषयगत समितिमा दफावार छलफल गर्नुपर्दछ। यसरी छलफल गर्दा नेपालको संविधान (मौलिक हक, राज्यका निर्देशक सिद्धान र नीतिहरू र सम्बन्धित स्थानीय तहको कार्यक्षेत्र/क्षेत्राधिकार), राष्ट्रिय दीर्घकालीन सोच, राष्ट्रिय आवधिक योजना, प्रादेशिक आबाधिक योजना, गाउँपालिकाको आवधिक योजना, नीति तथा कार्यक्रम, आवश्यकता, समस्या र सम्भावना, क्रमागत आयोजना/कार्यक्रम, दिगो विकास लक्ष्य स्थानीयकरणका सवाल समेतको आधारमा छलफल गरी आयोजना/कार्यक्रम तथा उपक्षेत्रको प्राथमिकीकरण एवम् बजेट बाँडफाँट गर्नुपर्दछ।

ङ) एकिकृत मस्यौदा तयारः विषयगत समितिमा दफावार छलफल गरी प्रस्ताव भएका कार्यक्रम/आयोजना तथा उपक्षेत्रगत त्रिवर्षिय खर्च प्रक्षेपण सहितको बिषयक्षेत्रगत मध्यमकालीन खर्च संरचना र बार्षिक बजेट तथा कार्यक्रमलाई बजेट तथा कार्यक्रम तर्जुमा समितिले कार्यदलको सहयोगमा आबश्यक छलफल तथा परिमार्जन सहित मध्यमकालीन खर्च संरचनाको एकीकृत मस्यौदा तयारी गरियो। सो क्रममा बजेट तथा कार्यक्रम तर्जुमा समितिले खर्चको माग र उपलब्ध स्रोत बीच सामन्जस्यता कायम हुनेगरी विश्लेषण गरी बिषय क्षेत्रगत माग र स्रोतको विवरण तयार गर्नुपर्दछ ।

च) कार्यपालिकामा पेश तथा स्वीकृतिः बजेट तथा कार्यक्रम तर्जुमा समितिले तयार गरेको मध्यमकालीनखर्च संरचनाको एकिकृत मस्यौदा स्वीकृतिको लागि कार्यपालिकामा पेश गर्नुपर्दछ । पेश भएको एकिकृत मस्यौदा उपर गाउँकार्यपालिकामा छलफल भई आबश्यकता अनुसार परिमार्जन सहित स्वीकृत गर्ने । कार्यपालिकावाट स्वीकृत भएको मध्यमकालीन खर्च संरचनालाई अनुमोदनका लागि गाउँ सभामा पेश गर्ने ।

# परिच्क्षेद २

## मध्यमकालीन खर्च संरचना

### २.१ पृष्ठभूमी

सार्वजनिक बित्त ब्यवस्थापनको एक औजारको रुपमा मध्यमकालीन खर्च संरचनाले सरकारसँग उपलब्ध सीमित श्रोत-साधनको वस्तुनिष्ठ आंकलन गर्ने र त्यसलाई योजनाको प्राथमिकताको क्षेत्रमा मध्यम अवधिको लागि बाँडफाँट गर्ने गर्दछ । यस अन्तर्गत संघ तथा प्रदेशबाट गाउँपालिकालाई विभिन्न शिर्षकमा प्राप्त हुने श्रोत, आन्तरिक आय, आन्तरिक ऋण तथा अन्य श्रोत समेत आंकलन गरी समष्टिगत वित्तीय खाका निर्धारण गरिन्छ।यसैको आधारमा खर्च क्षेत्रगत प्राथमिकता अनुरुप बिषयगत शाखा र गाउँपालिकाको अन्य निकायहरूसंग सम्बन्धित नीति तथा कार्यक्रमहरु कार्यान्वयन गर्न आवश्यक मध्यम अबधिको बजेट विनियोजन गर्न मध्यमकालीन खर्च अनुमानको विषयगत सीमा तयार गरिन्छ।यसरी निर्धारण भएको बजेटको सीमा भित्र रहेर बिषयगत शाखाहरुले नीति तथा कार्यक्रम कार्यान्वयनको लागि आवश्यक खर्चको कार्यक्रम तथा आयोजनागत विनियोजन अनुमान गर्दछन्।यो खाका तयार गर्दा बजेटको कार्यान्वयनबाट तीन वर्षमा प्राप्त हुने प्रतिफलको पनि अनुमान गरिन्छ ।यसमा पहिलो वर्ष बजेटको वास्तविक अनुमान हुन्छ भने बाँकी दुई वर्षको बजेट प्रक्षेपण गरिन्छ।पहिलो वर्षको बजेट कार्यान्वयन भएपछि नयाँ मध्यमकालीन खर्च संरचना तयार गरिन्छ।जसमा पहिलो वर्षको प्रगति समिक्षा गरी बाँकी दुई वर्षको प्रक्षेपित अनुमान परिमार्जन गरी थप एक वर्षको बजेट प्रक्षेपण गरिन्छ ।यसरी मध्यमकालीन खर्च संरचनामा चक्रीय हिसाबले प्रत्येक वर्ष तीन वर्षको बजेटको आंकलन गर्नुपर्ने हुन्छ।यसबाट मध्यमकालीन खर्च संरचनाले बजेट तर्जुमा प्रक्रियालाई बढी यथार्थपरक र बस्तुनिष्ठ बनाउन महत्वपुर्ण भूमिका खेल्दछ ।मध्यमकालीन खर्च संरचनाले गाउँपालिकाको बजेट बिनियोजन तथा कार्यान्वयन कुशलता मार्फत गाउँपालिकाको समग्र दिगो विकास तर्फ मार्गदर्शन गर्दछ ।

नेपालमा विकास योजनावाट अपेक्षित उपलब्धि हासिल हुन नसक्नुको एक प्रमुख कारण उपलब्ध स्रोत साधनको सन्तुलित एवम् वस्तुपरक र प्राथमिकताका आधारमा बिनियोजन हुन नसक्नु हो | जसले गर्दा न्यून पुँजीगत खर्च, आर्थिक बर्षको अन्त्यमा गएर खर्च हुने, आर्थिक अनुशासन कायम हुन नसक्दा लगानी र सम्पन्न आयोजना/कार्यक्रमले दिगो एवम् समाबेशी प्रतिफल दिन सकेको छैनन् | यसको प्रतक्ष्य असर सार्बजनिक बित्त क्षेत्रको अतिरिक्त समग्र अर्थतन्त्र र आर्थिक-सामाजिक विकासमा पर्न गएको छ | नेपालको संविधानले परिकल्पना गरे बमोजिमको आर्थिक सामाजिक एबं भौतिक विकास प्राप्त गर्न नेपाल सरकारको दीर्घकालीन सोंच सहितको सोहौं आवधिक योजना, दिगो विकास लक्ष्यका स्थानीय सवाल, लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना, र गाउँपालिकाको आवधिक योजना र बार्षिक बजेट तथा कार्यक्रम र मध्यम अबधिमा हासिल गर्ने उपलब्धिको घोषणा तथा प्राथमिकतावीच तादात्म्यता कायम हुनेगरी आगामी ३ बर्षको मध्यमकालीन खर्च संरचना (२०८२/०८३-०८४/८५) तर्जुमा गरिएको छ |

## २.२ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

प्रस्तुत मध्यमकालीन खर्च संरचना तयार गर्दा गाउँपालिकाको आवधिक योजनालाई प्रमुख आधारको रुपमा लिइएको छ ।गाउँपालिकाको आवधिक योजनामा उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य, प्राथमिकता तथा रणनीति र विषय क्षेत्रगत सोच, लक्ष्य तथा उद्देश्य र रणनीतिलाई यस चक्रीय योजनाको समष्टिगत सोच, लक्ष्य उद्देश्य तथा रणनीति विषय क्षेत्रगत सोच, उद्देश्य तथा रणनीतिका रुपमा उल्लेख गरिएको छ ।गाउँ स्थिति पत्र (प्रोफाइल), तथा चालु आर्थिक बर्षको नीति तथा कार्यक्रम, पन्ध्रौ राष्ट्रिय योजना, लुम्बिनी प्रदेश सरकारको प्रथम आवधिक योजना एवं राष्ट्रिय, प्रदेश र गाउँपालिकाको विषयगत नीतिलाई समावेश गरिएको छ।सो अनुसार मध्यमकालीन खर्च संरचनाको समष्टिगत सोच, उद्देश्य तथा रणनीति देहाय बमोजिम रहेको छ ।

### २.२.१ गाउँ विकासको दीर्घकालीन सोच

“समृद्ध वगनासकाली गाउँको सारः समग्र विकासको दिगो आधार”

### २.२.२ गाउँ विकासको लक्ष्य

“कृषिमा आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण, पर्यटकीय पूर्वाधार निर्माण एवं प्रवद्र्घन, औद्योगिक विकास, गुणस्तरीय एवं प्राविधिक तथा व्यवसायिक शिक्षाको उपलव्धता, सर्वसलभ र सहज स्वास्थ्य सेवामा पहुँच अभिवृद्धि, लक्षित वर्गलाई मूलप्रवाहीकरण गरी समन्यायिक सुनिश्चिता, खेलकुदमा व्यवसायिकता विकास, व्यवस्थित दिगो वातावरणमैत्री भौतिक पूर्वाधारको निर्माण, वातावरणीय स्वच्छता, विपद जोखिम न्यूनीकरण, सुशासनको प्रत्याभूत गर्दै नागरिकहरुको जीनवस्तरमा सुधार भएको हुनेछ”

### २.२.३ गाउँ विकासको उद्देश्य

गाउँपालिकाको समग्र आर्थिक, सामाजिक तथा भौतिक बिकासको लागि लगानी बृद्धि गरी उपरोक्त लक्ष्य हासिल गर्न आवधिक योजनामा देहायअनुसारको उद्देश्य लिईएको छः

१. स्थानीय अर्थतन्त्रमा गतिशीलता ल्याई रोजगारी एवं आय आर्जनवाट आमनागरिकको आर्थिक स्थितिमा सुधार ल्याउनु
२. सामाजिक सेवा सुविधाहरुमा सवै वर्ग समुदायको पहुँच अभिवृद्धि गर्दै समन्यायिक समाजको निर्माण गर्नु
३. पूर्वाधारहरुको विकास र विस्तार गरी आधारभूत सेवा सुविधाको पहुँचमा अभिवृद्धि गर्दै आमनागरिकहरुको जन जीवनमा सहजता ल्याउनु
४. विपद जोखिम न्यूनीकरण तथा जैविक विविधता एवं प्राकृतिक सम्पदाहरुको संरक्षण, सम्वद्र्धन गर्दै दिगो उपयोग गर्नु
५. संस्थागत क्षमता अभिवृद्धि गर्दै सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी,पारदर्शि, र सुशासनको प्रत्याभूति गराउनु ।

**गाउँपालिकाको आवधिक योजनामा उल्लेखित माथिका उद्धेश्य हासिल गर्न देहाय बमोजिमको प्राथमिकता निर्धारण गरिएको छः**

- कृषि
- पर्यटन
- शिक्षा
- स्वास्थ्य
- उद्योग

## २.२.४ गाउँ विकासको रणनीति

गाउँ विकासको आवधिक योजनामा उल्लिखित सोच, लक्ष्य तथा उद्देश्य हासिल गर्ने देहायअनुसारका प्रमुख रणनीतिहरू अबलम्बन गरिनेछः

१. कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी एवं आय आर्जनका अवसरहरु सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने ।

२. शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सामाजिक सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गरी सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने ।

३. यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधार बिकास एवं निर्मित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार एवं स्तरोन्नति गर्ने

४. प्राकृतिक सम्पदाको दिगो उपयोग एवं वातावरणको संरक्षण सहित विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने ।

५. सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शि, जवाफदेही, नागरिकमैत्री र प्रभावकारी वनाउने ।

## २.३ समष्टिगत आर्थिक खाका

वगनासकाली गाउँपालिकाले तय गरेको दीर्घकालीन सोच, गाउँ विकासको लक्ष्य तथा उद्देश्य अनुरुप गाउँ क्षेत्रभित्र उत्पादन, रोजगारी, आय र लगानी लगायत सूचकहरुमा विगत आर्थिक वर्षको अवस्था, उपलब्धी, चालु आर्थिक वर्षको समीक्षाका आधारमा मध्यमअवधिको समष्टिगत आर्थिक खाका तयार गरिन्छ। खाका तयार गर्ने सिलसिलामा आवधिक योजनाको आधारमा बार्षिक योजनाको प्रभाव र असर तहको प्रमुख नतिजा सूचकलाई समेत आधार लिइएको हुन्छ। यस गाउँपालिकाको समष्टिगत आर्थिक खाकाको ढाँचा देहायअनुसार रहेको छः

तालिका २.१ प्रमुख समष्टिगत आर्थिक खाका (स्रोतः आवधिक योजना र विषयगत शाखावाट प्राप्त तथ्यांकको आधारमा तयार गरिएको)

| सि.नं. | सूचक/लक्ष्य | एकाई | गत आ.व. को उपलवधी | चालु आ.व. अनुमानित उपलव्धी | मध्यमकालीन लक्ष्य (गाउँपालिका) | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| १ | बार्षिक उत्पादन | रु.लाखमा | २५९५ | २६५० | २७०० | २८३५ | २९०० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| १.१ | कृषि क्षेत्रको योगदान | प्रतिशत | ७६ | ७४ | ७१ | ६९ | ६५ |
| १.२ | गैर कृषि क्षेत्रको योगदान | प्रतिशत | २४ | २६ | २९ | ३१ | ३५ |
| २ | औषत पारिवारिक आय | रु.हजारमा | २०५ | २१५ | २२७ | २३५ | २४२ |
| ३ | उद्योग,व्यापार र व्यावसाय | संख्या | ६८० | ७०० | ७५० | ८०० | ८६० |
| ४ | औपचारिक क्षेत्रमा थप रोजगारी सिर्जना | कार्यदिन | ४२३०० | ४५००० | ४६५०० | ४८००० | ४९५०० |
| ५ | आधारभूत खाद्य सुरक्षाको स्थितिमा रहेका परिवार | प्रतिशत | ९० | ९२ | ९४ | ९५ | ९६ |

## २.४ प्रमुख नतिजा सूचक तथा समस्टिगत मध्यमकालीन नतिजा खाका

गाउँ विकासको सोच र लक्ष्य अनुरुप आगामी तिन आर्थिक बर्षको मध्यमकालीन खर्च संरचनाको प्रमुख लक्ष्य तथा नतिजा सूचक निर्धारण गरिएको छ । सो अनुसार समष्टिगत लक्ष्यहरुको विद्यमान स्थिति तथा आगामी ३ वर्षको अपेक्षित उपलब्धि तालिका २.२ मा प्रस्तुत गरिएको छ ।

तालिका २.२ प्रमुख समस्टिगत नतिजा सूचक तथा मध्यमकालीन लक्ष्य

| क.स. | सूचक/लक्ष्य | एकाई | मध्यमकालीन लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | आधार बर्ष ०८१/०८२ | आ.ब २०८२/०८३ | आ.ब २०८३/०८४ | आ.ब २०८४/०८५ |
| १ | कृषिक्षेत्रमा रोजगारी | प्रतिशत | ६५ | ६२ | ६० | ५५ |
| २ | खाद्यान्न बाली उत्पादन | मे.टन | ४७५० | ४८०० | ४९०० | ५००० |
| ३ | उद्योग, व्यापार व्यवसायबाट रोजगारीको सिर्जना | संख्या | ९०० | १००० | ११५० | १२०० |
| ४ | पर्यटन आगमन (हजारमा) | संख्या | ७ | ८ | ९ | १० |
| ५ | पर्यटन क्षेत्रमा रोजगारी | संख्या | २०० | २२५ | २५० | २७५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | आधारभूत खानेपानी उपलब्ध घरपरिवार | प्रतिशत | ९० | ९३ | ९५ | ९८ |
| ७ | बर्षभरी सिंचित क्षेत्रफल खेतीयोग्य जमिनको (हजारमा) | हेक्टर | १९.१९ | २१.१९ | २७.१९ | ३४.१९ |
| ८ | जम्मा पक्कि सडक निर्माण बार्षिक | कि.मी. | ३ | ५ | ५ | ५ |
| ९ | इन्टरनेट प्रयोगकर्ता जनसंख्या | प्रतिशत | ९० | ९५ | १०० | १०० |
| १० | उच्च शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | ३१५ | ३७० | ४१० | ४५० |
| ११ | सबै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | ८५ | ९० | ९५ | १०० |
| १२ | सुरक्षित सौचालय भएका घरपरिवार | प्रतिशत | ९५ | ९८ | ९९ | १०० |

*नोटः* ***आवधिक योजनाको परिमाणात्मक लक्ष्यमा भएको विवरण, सम्बन्धित शाखावाट प्राप्त विवरण र बार्षिक बजेट तथा कार्यक्रमको आधारमा तयार गरिएको***

## २.५ समष्टिगत मध्यमकालीन बजेट खाका

गाउँपालिकाको खर्च अनुमान तथा स्रोत आँकलन गर्दा देहायका आधार अपनाइएको छ;

१. आर्थिक बर्ष २०८०/०८१ र २०८१/०८२ को बार्षिक बजेट तथा कार्यक्रमको विवरण र खर्च को आधारमा आर्थिक बर्ष ०८२/०८३ को खर्च तथा आयको प्रक्षेपण गरिएको छ । दोस्रो र तेस्रो वर्षको प्रक्षेपण गर्दा गाउँपालिकाको नीति तथा कार्यक्रम, लक्ष्य, घोषित कार्यक्रम र सो अनुसार संचालन हुने कार्यक्रम तथा हासिल गर्ने नतिजालाई प्रमुख आधार मानिएको छ ।

२. यसै गरी ३ आर्थिक बर्षको स्रोत अनुमानको सन्दर्भमा सङ्घ सरकारबाट प्राप्त ३ आर्थिक बर्षको बिभिन्न अनुदान शिर्षकमा प्राप्त हुने बजेट सिलिंग,, सङ्घ र प्रदेशको राजस्व बाँडबाँटवाट प्राप्त हुने रकम, प्रदेश सरकारवाट प्राप्त हुने अनुदान, आन्तरिक आय र उपलब्ध हुने अन्य स्रोत को अनुमान तथा प्रक्षेपण गरिएको छ भने सोहि आधारमा आयोजना/कार्यक्रम तथा प्रशासनिक खर्चको लागि आबश्यक चालु एबं पुँजीगत खर्च अनुमान गरिएको छ ।

३. रोयल्टी (वन, खानी तथा खनिज, जलश्रोत तथा अन्य प्राकृतिक स्रोत) बाट प्राप्त हुने राजस्व अनुमान गरी गणना गरिने भएतापनि वगनासकाली गाउँपालिकामा हालसम्म रोयल्टी बापतको रकम प्राप्त नभएकोले उल्लेख गरिएको छैन।

४ . उल्लेखित आधारलाई विश्लेषण गर्दा आगामी तीन वर्षको अवधिमा कुल बजेट रु. १ अर्ब ७३ करोड ६३ लाख ९८ हजार ( सबै किसिमका सशर्त अनुदान समेत गरी प्रचलित मूल्यमा) रहने प्रक्षेपण गरिएको छ । यस मध्ये चालु खर्च रु. १ अर्ब १५ करोड ३८ लाख ०६ हजार (सशर्त अनुदानको

चालु खर्च समेत) र पुँजीगत खर्च रु. ५८ करोड २५ लाख ९२ हजार रुपैया रहने प्रक्षेपण गरिएको छ । यस सम्बन्धी विवरण तालिका २.३ मा र अनुसूची-२ मा उल्लेख गरिएको छ ।

तालिका न. २.३ आगामी तीन आर्थिक बर्षकोलागि गाउँपालिकाको आय-व्यय विवरण (स्रोतः आर्थिक प्रशासन शाखा)

| क्र.स. | विवरण | आ.व. ०८०/८१ यथार्थ | आ.व. ०८१/०८२ को संशोधित अनुमान | मध्यमकालीन वजेट अनुमान र प्रक्षेपण (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८३/०८४ | तीन वर्षको कूल |
| १ | खर्च अनुमान | ५११५४७ | ५६९९०२ | ५४७५८५ | ५७८९६५ | ६०९८४८ | १७३६३९८ |
| | चालु खर्च | ३७०५०२ | ३७१०९५ | ३६८६५९ | ३८३९३५ | ४०१२१२ | ११५३८०६ |
| | पुंजीगत खर्च | १४१०४५ | १९८८०७ | १७८९२६ | १९५०३० | २०८६३६ | ५८२५९२ |
| | वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० |
| | कुल | ५११५४७ | ५६९९०२ | ५४७५८५ | ५७८९६५ | ६०९८४८ | १७३६३९८ |
| २ | आय अनुमान | | | | | | |
| २.१ | आन्तरिक आय | ४३२८० | ३३७८० | ४०००० | ४६००० | ५२९०० | १३८९०० |
| २.२ | प्रदेश राजस्व बाँडफाँटबाट प्राप्त रकम | ५१२७ | ४५८२ | ८३०७ | ८७२२ | ९११५ | २६१४४ |
| २.३ | संघीय राजस्व बाँडफाँटबाट प्राप्त रकम | ७७२४८ | ८१९९९ | ७७४६८ | ८१३४१ | ८५००२ | २४३८११ |
| २.३ | रोयल्टी बाँडफाँट | १००५० | ३० | १००५० | १०५५३ | ११०२७ | ३१६३० |
| | क. वन रोयल्टी | ५० | १५ | ५० | ५३ | ५५ | १५७ |
| | ख. खानी रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | ग. विद्युत रोयल्टी | १०००० | १५ | १०००० | १०५०० | १०९७३ | ३१४७३ |
| | ङ. पानी तथा अन्य रोयल्टी | ० | ० | ० | ० | ० | ० |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| २.४ | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ३५०८८३ | ४२६०७७ | ३८६३०० | ४०५६१५ | ४२३८६८ | १२१५७८३ |
| | समानिकरण अनुदान | ९५००० | ९२४०० | ९०४०० | ९४९२० | ९९१९१ | २८४५११ |
| | शसर्त अनुदान (चालु र पुँजीगत) | २४२३८३ | ३२७१७७ | २५२५०० | २६५१२५ | २७७०५६ | ७९४६८१ |
| | विषेश अनुदान | ७५०० | ० | ६८०० | ७१४० | ७४६१ | २१४०१ |
| | समपुरक अनुदान | ६००० | ६५०० | ३६६०० | ३८४३० | ४०१५९ | ११५१८९ |
| २.५ | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | २४९५८ | २३४४९ | २५४६१ | २६७३४ | २७९३७ | ८०१३२ |
| | क.समानीकरण अनुदान | ६६०८ | ६१४९ | ६२६१ | ६५७४ | ६८७० | १९७०५ |
| | ख.सशर्त अनुदान (चालु र पुँजीगत) | ८३५० | ७८०० | १०००० | १०५०० | १०९७३ | ३१४७३ |
| | ग. बिशेष अनुदान | ० | २५०० | १७०० | १७८५ | १८६५ | ५३५० |
| | घ. समपूरक अनुदान | १०००० | ७००० | ७५०० | ७८७५ | ८२२९ | २३६०४ |
| २.८ | जनसहभागिता | ० | ० | ० | ० | ० | ० |
| ३ | मौज्दात रकम (आन्तरिक आयमा गणना गरिएको ) | ० | ० | ० | ० | ० | ० |
| | कुल | ५११५४६ | ५६९९०२ | ५४७५८६ | ५७८९६५ | ६०९८४९ | १७३६४०० |
| | बचत (□) न्यून (+) | | | | | | |

## २.६ वजेट विनियोजन र प्रक्षेपणको बाँडफाँड

स्थानीय तहको मध्यमकालीन खर्च संरचना तर्जुमा दिग्दर्शन २०७८ (परिमार्जित) मा भएको व्यवस्था बमोजिम विभिन्न आधारमा गरिएको मध्यमकालीन अवधिको (आ.ब.००८२/०८३-०८४/०८५) बजेट अनुमान र प्रक्षेपणको तुलनात्मक विवरण देहायबमोजिम रहेको छ ।

**क. रणनीतिक स्तम्भको आधारमा बाँडफाँट**

रणनीतिक स्तम्भको आधारमा आगमी तीन आर्थिक बर्षको बजेट अनुमान तथा प्रक्षेपण को लागि वगनासकाली गाउँपालिकाको आवधिक योजनामा भएका रणनीतिको आधारमा तालिका २.४ मा प्रस्तुत गरिएको छ ।

*तालिका २.४ **रणनीतिक स्तम्भको आधारमा आगामी तीन बर्षको अनुमान र प्रक्षेपण (रु. हजारमा)***

| सि.नं. | रणनीतिक स्तम्भ | २०८२/०८३ को अनुमान | | २०८३/०८४ को प्रस्तावित | | २०८४/०८५ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | कृषिको आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण मार्फत उत्पादन र उत्पादकत्वमा वृद्धि, रोजगारी एवं आय आर्जनका अवसरहरु सिर्जना गरी स्थानीय अर्थतन्त्रलाई गतिशील वनाउदै निरपेक्ष गरिवी न्यूनीकरण गर्ने । | २८४९९ | ५ | ३१३४९ | ५ | ३४४८४ | ६ |
| २ | शिक्षा, स्वास्थ्य, खानेपानी लगायतका आधारभूत सामाजिक सेवा सुविधामा नागरिकको पहुँच अभिवृद्धि गरी सामाजिक समावेशीकरण, सामाजिक न्याय सहितको समतामूलक समाजको निर्माण गर्ने । | ३०१५४६ | ५५ | ३१६६२३ | ५५ | ३३०८७१ | ५४ |
| ३ | यातायात, विद्युत, सिंचाइ लगायतका पूर्वाधार बिकास एवं निर्मित पूर्वाधारहरुको दिगो उपयोगका लागि नियमित मर्मत सम्भार एवं स्तरोन्नति गर्ने | ९७२८२ | १८ | १०२१४६ | १८ | १०६७४३ | १८ |
| ४ | प्राकृतिक सम्पदाको दिगो उपयोग एवं वातावरणको संरक्षण सहित विपद सम्वेदनशीलता विकास गर्दै विपद जोखिम न्यूनीकरण गर्ने । | ६३०८ | १ | ९१९७ | २ | ११५१७ | २ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ५ | सार्वजनिक सम्पत्तिहरुको दिगो संरक्षण र व्यवस्थापन गरी सार्वजनिक सेवा प्रवाहलाई पारदर्शि, जवाफदेही, नागरिकमैत्री र प्रभावकारी वनाउने । | ११३९५२ | २१ | ११९६५० | २१ | १२६२३४ | २१ |
| | जम्मा | ५४७५८७ | १००. | ५७८९६५ | १००. | ६०९८४९ | १०० |

**ख. प्राथमिकताको आधारमा बाँडफाँट**

कार्यक्रम तथा आयोजनाको प्राथमिकताक्रम बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.५ मा प्रस्तुत गरिएको छ ।

तालिका २.५ प्राथमिकताक्रमको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| प्राथमिकता क्रम | आयोजना/ कार्यक्रम | **२०८२/०८३ को अनुमान** | | **२०८३/०८४ को प्रस्तावित** | | **२०८४/०८५ को प्रस्तावित** | |
|---|---|---|---|---|---|---|---|
| | संख्या | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| प्राथमिकता पहिलो (P1) | ९३ | ३३५७८० | ६१ | ३६९३५८ | ६४ | ४०२६०० | ६६ |
| प्राथमिकता पहिलो (P2) | ५२ | २११८०६ | ३९ | २०९६०७ | ३६ | २०७२४९ | ३४ |
| जम्मा | १४५ | ५४७५८६ | १०० | ५७८९६५ | १०० | ६०९८४९ | १०० |

नोटः *गाउँपालिकाको आवधिक योजना, बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखासँगको समन्वयमा तयार गरिएको छ ।*

**ग. दिगो विकास लक्ष्यको आधारमा बाँडफाँट**

दिगो विकास लक्ष्य बमोजिम आगामी तीन आर्थिक वर्षको व्यय अनुमान तथा प्रक्षेपण तालिका नं. २.६ मा प्रस्तुत गरिएको छ ।

तालिका २.६ दिगो विकास लक्ष्यको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण (रु. हजारमा)

| संकेत नं. | दीगो विकासका लक्ष्यहरु | आयोजना / कार्यक्रम संख्या | २०८२/०८३ को अनुमान | | २०८३/०८४ को प्रस्तावित | | २०८४/०८५ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|---|
| | | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| १ | गरिबीको अन्त्य | १३ | १२३४५ | २.२५ | १३,५८० | २.३५ | १४,९३७ | २.४५ |
| २ | शुन्य भोकमरी | १० | ८५०० | १.५५ | ९,३५० | १.६१ | १०,२८५ | १.७ |
| ३ | स्वस्थ्य जीवन | १५ | ८३६८६ | १५.२८ | ८७,८७० | १५.१८ | ९१,८२४ | १५.०६ |
| ४ | गुणस्तरीय शिक्षा | १३ | १९४११८ | ३५.४५ | २०३,८२४ | ३५.२ | २१२,९९६ | ३४.९३ |
| ५ | लैंगिक समानता | ७ | १०५०० | १.९२ | ११,०२५ | १.९ | ११,५२१ | १.८९ |
| ६ | सफा पानी र स्वच्छता | ९ | १०८५० | १.९८ | ११,३९३ | २. | ११,९०५ | १.९५ |
| ७ | आधुनिक उर्जामा पहुँच | ४ | ११३४ | ०.२१ | १,२४७ | ०.२२ | १,३०४ | ०.२१ |
| ८ | समावेशी आर्थिक बृद्धि र मर्यादित काम | ९ | ७५८० | १.३८ | ७,९५९ | १.४ | ८,७५५ | १.४ |
| ९ | उद्योग, नविन खोज र पूर्वाधार | १९ | ७३७०७ | १३.४६ | ७७,३९२ | १३.३७ | ८०,८७५ | १३.२६ |
| १० | असमानता न्यूनीकरण | ६ | ६६०५ | १.२१ | ६,९३५ | १.२ | ७,२८२ | १.१९ |
| ११ | दीगो शहर र समुदाय | १० | १२८३७ | २.३४ | १३,४७९ | २.३३ | १४,१५३ | २.३२ |
| १२ | दीगो उपभोग र उत्पादन | ४ | ५५०० | १ | ६,०५० | १.०४ | ६,६५५ | १.०९ |
| १३ | जलबायु परिवर्तन अनुकुलन | ८ | ६३०८ | १.१५ | ९,२४९ | १.६ | १०,१७४ | १.६७ |

| | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|
| १४ | पानी मुनीको जीवन | ० | 0 | ०. | ० | ०. | ० | ०. |
| १५ | जमीन माथिको जीवन | ० | 0 | ०. | ० | ०. | ० | ०. |
| १६ | शान्ति तथा न्यायपूर्ण र सशक्त समाज | १८ | ११३९१६ | २०.८ | ११९,६१२ | २०.६६ | १२७,१८२ | २०.८५ |
| १७ | दीगो विकासका लागि साझेदारी | ० | ० | ०. | ० | ०. | ० | ०. |
| | जम्मा | १४५ | ५४७५८६ | १०० | ५७८,९६५ | १०० | ६०९,८४८ | १०० |

*स्रोतः गत आ.ब तथा चालू आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखा*

**घ. लैंगिक संकेतको आधारमा बाँडफाँटः**

लैंगिक संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.७ मा प्रस्तुत गरिएको छ ।

तालिका २.७ लैंगिक उत्तरदायी बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

*स्रोतः गत आ.ब तथा चालू आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखा* **(रु. हजारमा)**

| लैंगिक संकेत | आयोजना / कार्यक्रम संख्या | २०८२/०८३ को अनुमान | | २०८३/०८४ को प्रस्तावित | | २०८४/०८५ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| निर्दिस्ट | २६ | ७५०६० | १३.७१ | ८२५६६ | १४.२६ | ९९०७९ | १६.२५ |
| प्रतक्ष्य | ६९ | २३५३५० | ४२.९८ | २६५३५० | ४५.८३ | २८६५७८ | ४६.९९ |
| तटस्थ | ५० | २३७१७६ | ४३.३१ | २३१०४९ | ३९.९१ | २२४१९० | ३६.७६ |
| जम्मा | १४५ | ७५०६० | १३.७१ | ८२५६६ | १४.२६ | ९९०७९ | १६.२५ |

**ङ. जलवायु संकेतको आधारमा बाँडफाँट**

जलवायु संकेत बमोजिम तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.८ मा प्रस्तुत गरिएको छ ।

तालिका २.८ जलवायु संकेतको बजेटको आधारमा तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण

*स्रोतः गत आ.ब तथा चालू आ.ब.को बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखा* **(रु. हजारमा)**

| जलबायु संकेत | आयोजना/ कार्यक्रम संख्या | २०८२/०८३ को अनुमान | | २०८३/०८४ को प्रस्तावित | | २०८४/०८५ को प्रस्तावित | |
|---|---|---|---|---|---|---|---|
| | | रकम | प्रतिशत | रकम | प्रतिशत | रकम | प्रतिशत |
| अति सान्दर्भिक | १० | २१,५०५ | ३.९३ | २७९५७ | ४.८३ | ३९१३९ | ६.४२ |
| सान्दर्भिक | ४७ | १५७,१५१ | २८.७ | १९६४३९ | ३३.९३ | २२५९०५ | ३७.०४ |
| तटस्थ | ८८ | ३६८,९३० | ६७.३७ | ३५४५७० | ६१.२४ | ३४४८०५ | ५६.५४ |
| जम्मा | १४५ | ५४७५८६ | १०० | ५७८९६५ | १०० | ६०९८४९ | १०० |

## २.७ विषय क्षेत्रगत बाँडफाँड

विषय क्षेत्रगत रुपमा आगामी तीन आर्थिक वर्षको बजेट अनुमान तथा प्रक्षेपण तालिका नं. २.९ मा प्रस्तुत गरिएको छ । विषय क्षेत्रगत आधारमा तीन आर्थिक वर्षको बजेट, खर्च तथा स्रोतको अनुमान तथा प्रक्षेपण सम्बन्धी विस्तृत विवरण अनुसूची २ र ३ मा उल्लेख गरिएको छ ।

तालिका २.९ आगामी तीन आ.व.को विषय क्षेत्रगत खर्चको बाँडफाटको प्रक्षेपण (रकम रु. हजारमा)

| क्र.स. | क्षेत्र | २०८२/०८३ को अनुमान | | | २०८३/०८४ को प्रस्तावित | | | २०८४/०८५ को प्रस्तावित | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | | कूल | चालु | पुँजिगत | कूल | चालु | पुँजिगत | कूल | चालु | पुँजिगत |
| १ | आर्थिक विकास | २८४९९ | १५६७४ | १२८२५ | ३२७७४ | १८०२६ | १४७४८ | ३७६९० | २०७२९ | १६९६० |
| २ | सामाजिक विकास | ३०१५४६ | २५७८१५ | ४३७३१ | ३१६६२३ | २६५९४३ | ५०६८० | ३३०८७१ | २७६५८१ | ५४२९१ |
| ३ | पूर्वाधार विकास | ९७२८२ | १९४६ | ९५३३६ | १०२१४६ | १९८५ | १००१६२ | १०६७४३ | २१३५ | १०४६०८ |
| ४ | वन,वाताबरण तथा विपद ब्यबस्थापन | ६३०८ | २०६४ | ४२४४ | ७७७२ | २२६२ | ५५१० | ९५११ | १७४० | ७७७१ |
| ५ | सार्बजनिक सेवा प्रबाह तथा संस्थागत सुशासन | ११३९५२ | ९११६२ | २२७९० | ११९६५० | ९५७२० | २३९३० | १२५०३४ | १०००२७ | २५००७ |
| | जम्मा | ५४७५८७ | ३६८६६१ | १७८९२६ | ५७८९६५ | ३८३९३५ | १९५०३० | ६०९८४९ | ४०१२१२ | २०८६३७ |

*स्रोत : बार्षिक बजेट तथा कार्यक्रम र आर्थिक प्रशासन शाखा*

आर्थिक वर्ष २०८२/०८३ को विनियोजन र पछिल्लो दुई वर्षको प्रक्षेपण विषय क्षेत्रगत नतिजा, विषय क्षेत्रगत कार्यक्रम तथा आयोजनाको विवरण, अपेक्षित उपलब्धि र विषय क्षेत्रगत अनुमानित बजेट परिच्छेद ३ देखि परिच्छेद ७ सम्म प्रस्तुत गरिएको छ ।बिषय उपक्षेत्रगत पृष्ठभूमि, सम्भाबना र अवसर, समस्या र चुनौती, सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा कार्यक्रम आयोजनाको विवरण गाउँपालिकाको आवधिक योजना तथा बिगत २ बर्षको गाउँपालिकाको बार्षिक बजेट तथा कार्यक्रम र नीतिलाई आधार लिएर तयार गरिएको छ | कार्यक्रम तथा आयोजनागत बजेट, प्राथमिकीकरण र संकेत अनुसूची ३ मा समावेश गरिएको छ | ***प्रत्येक बिषय उपक्षेत्रको नतिजा खाका गाउँपालिकाको आवधिक योजना र बिषयगत शाखावाट प्राप्त तथ्यांकको आधारमा तयार गरिएको छ |***

# परिच्छेद ३

# आर्थिक विकास

## ३.१ कृषि तथा खाद्य सुरक्षा

### ३.१.१ पृष्ठभूमी

लुम्बिनी प्रदेशको मुख्य बजारकेन्द्र बुटवल, भैरहवा, पाल्पाको सदरमुकाम तानसेन तथा गण्डकी प्रदेशको राजधानी पोखरावाट समिपमा रहेको यस गाउँपालिकामा मलिलो खेतियोग्य जमिनको प्रधानता रहेकोले यहाँको समृद्धिको प्रमुख संवाहक नै कृषि क्षेत्र हो ।कूल जनसंख्याको करीव ६४.१२ प्रतिशत मानिसहरु कृषिलाई एक प्रमुख पेशाको रुपमा ग्रहण गर्ने गरेको पाइन्छ।

गाउँगाउँपालिकाको प्रमुख खाद्यान्नमा धान, मकै, गहुँ र कोदो हुन । तुलनात्मक रुपमा गाउँपालिका क्षेत्रभित्र धान खेतीकै व्यापकता पाइन्छ यस पश्चात मकै, गहुँ र कोदोको उत्पादन वढी हुँदै आएको छ । गाउँपालिका क्षेत्रभित्र कूल खाद्यान्न उत्पादन करीव ४७६१ मे.टन वार्षिक हुने गरेको छ । गाउँगाउँपालिकामा उपलव्ध अभिलेख अनुसार करीव ३२२२.४ हेक्टर भूमिमा करीव २८.८२ प्रतिशत अर्थात ९२८.४ हेक्टर खेत र २२९४ हेक्टर करीव ७१.१८ प्रतिशत पाखोवारी रहेको देखिन्छ ।उपरोक्त भूमिमा गाउँपालिकाको विभिन्न क्षेत्रहरुमा तरकारी खेती, फलफुल, मसलाजन्य उत्पादनहरु उत्पादन हुँदै आएको पाइन्छ । तरकारी उत्पादन करीव ५३३ मे.टन हुने गरेको अभिलेख गाउँगाउँपालिकामा रहेको छ भने गाउँपालिका क्षेत्रभित्र सुन्तलाको उत्पादन करीव ६७.५ मे.टन हुँदै आएको छ र मसलाजन्य उत्पादनमा खासगरी लसुन, वेसार, खुर्सानीको कूल उत्पादन करीव २३२ मे.टन हुँदै आएको पाइन्छ । गाउँगाउँपालिकाको वडा नम्वर ७, ८ र ९ लाई अदुवा जोन घोषणा गरी सोही अनुसार व्यवसायिक खेतीको हुँदै आएको पाइन्छ । त्यसैगरी तरकारी जोन क्षेत्र वडा नम्वर १, २, ७, ८, र ९ लाई घोषणा गरिएको छ भने वडा नम्वर ४, ५ र ६ लाई सुन्तला जोन । यसरी गाउँपालिकाको वडा नम्वर ३ वाहेक सवै क्षेत्रलाई कुनैनकुनै कृषि खेतीको जोनको रुपमा विकास गरिएको छ । गाउँपालिका क्षेत्रवाट निकासी हुने उत्पादनहरुमा आलु, टमाटर, वन्दा र काउली रहेका छन । यसका साथै गाउँपालिकाले कुरिलो, एभोकार्डो, मौरीपालन र कफी खेतीको प्रवद्र्घनमा कृषकहरुलाई प्रोत्साहित गर्दै आएको छ । गाउँपालिका क्षेत्रभित्र ४४२ जना अगुवा कृषक, ५५८ जना तालिम प्राप्त कृषक र ९० वटा कृषक समुहहरु रहेका छन भने २० वटा कृषिमा आधारित सहकारीहरु क्रियाशील रहेको पाइन्छ । यसरी कृषिलाई व्यवसायीकरण गर्ने तर्फ पालिकावाट ठूलो प्रयासहरु हुँदै आएको देखिन्छ ।

गाउँपालिकाको अधिकांश जनसंख्या कृषि पेशामा संलग्न रहेकोले गाउँपालिकाको दीर्घकालीन विकास र समृद्धिका लागि यो क्षेत्रलाई आधुनिकीकरण र व्यवसायिकीकरण गर्न सकिने प्रवल संभावना रहेको छ ।

### ३.१.२ संभावना तथा अवसर

- लुम्बिनीको मुख्य बजारकेन्द्र बुटवल, भैरहवा, गण्डकी प्रदेशको राजधानी पोखरा तथा पाल्पाको सदरमुकाम तानसेन नजिक रहेको हुँदा कृषि उपजको बजारीकरण सहज रहेको |
- जनसंख्याको ठुलो हिस्साको मुख्य पेशा कृषि र पशुपंक्षी पालनमा संलग्न रहनु,
- कृषि सम्बन्धी राष्ट्रिय, प्रादेशिक र स्थानीय नीतिहरू अनुकूल हुनु,
- गाउँपालिकाको आवधिक योजनामा कृषि क्षेत्र प्राथमिकता प्राप्त क्षेत्र किटान हुनु,

- स्थानीय सरकारले स्थानीय विशिष्टता र आवश्यकता अनुसार कृषि क्षेत्रलाइ प्राथमिकता प्रदान गर्न सक्ने अधिकार हुनु,
- कृषिमा विविधिकरण, ब्यासायिकरण र यान्त्रीकीकरण गर्दै निर्वाहमुखी कृषि प्रणालीलाई ब्यवसायिक बनाउदै लैजाने नीति लिइएको,
- भौगोलिक तथा जैविक विविधताका कारण विविध प्रकारका बालीनाली तथा पशुपंक्षी पालनको संम्भाव्यता हुनु,
- मुल्यबान औषधि र जडिबुटिका लागि उपयुक्त बाताबरण भएको, प्राकृतिक रूपमा उपलब्ध भएको,
- वैदेशिक रोजगारबाट फर्केका युवाहरूलाई ब्यवसायिक कृषि तथा पशुपालनमा लाग्न अनुदान मार्फत आकर्षण गर्न सकिने ।
- कृषि सहकारी, व्यवसायिक फर्म, समुहरु दर्ता भई अगुवा कृषकहरु क्रियाशील
- नगदेवाली, माछापालन, फलफुलहरुमा किवी, ड्रागन फ्रुट, कफी एभोगार्डो, कुरिलो जस्ता उपजहरुको

## ३.१.३ समस्या तथा चुनौती

- कृषि उत्पादनको विविधिकरण र बजारीकरण गर्न नसकिएको,
- निर्बाहमुखी परम्परागत कृषि प्राणाली अबलम्बन हुनु, कृषिमा आधुनिकीकरण हुन नसक्नु,
- माटो र बीउ परीक्षणको लागि दक्ष जनशक्ति र कृषि प्रयोगशालाको अभाव हुनु,
- कृषि प्रसार सेवामा कृषकहरुको पहुँचमा वृद्धि नुहुनु,
- सार्वजनिक भूमिको पहिचान र अभिलेखकिरण नहुनु,
- कृषि सामाग्री, मल, वीउ, किटनाशक औषधि, औजार, प्राविधिक ज्ञान र सिपमा पर्याप्त पहुँचका साथै पर्याप्त वितरण नहुनु,
- बाह्रै महिना सिंचाइको सुविधा नहुदा आकासे पानीमा भर पर्नु,
- वैज्ञानिक भू-उपयोग योजना लागू नहुनु,
- कृषिको समग्र बैज्ञानिकिकरण, यान्त्रिकीकरण, व्यवसायिकरण र बजारीकरण हुन नसक्नु,
- उच्च प्रतिफल प्राप्त हुने उत्पादन तर्फ किसानहरूलाइ आकर्षण गर्ने ठोस योजना नहुनु,
- कृषि उपजहरुको भण्डारण, रष्टिक स्टोर, शीतभण्डार, स्टोरेज, प्रशोधन केन्द्र, कृषि विमा जस्ता सुबिधा सहज नहुनु
- कृषि समर्थन मूल्य, खाद्यान्न बैंक, सामुदायिक कृषि प्रसार सेवा केन्द्रको व्यवस्था नहुनु
- कृषि सामुहिक, चक्लावन्दी तथा कराररखेती कार्यान्वयन गर्नु
- वन्यजन्तुवाट हुँदै आएको वालीनाली क्षति कम गर्नु
- कृषि उपजहरु जलवायु अनुकुलन वनाउनु, जलवायु परिवर्तन वाट भएको क्षति न्यून गर्नु
- कृषि उपजहरुको प्राकृतिक हानी नोक्सानीको मूल्यांकन गरी राहतको व्यवस्था गर्नु

## ३.१.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

*"दिगो कृषिको आधार : व्यवसायिकता, प्रतिस्पर्धी र आत्मनिर्भरता"*

**लक्ष्य**

*"स्थानीय उत्पादन, रोजगारी र आयमा वृद्धि गर्दै दिगो आर्थिक उत्थानशीलता भएको हुने"*

**उद्देश्य**

गाउँपालिकाको कृषि तथा खाध सुरक्षा उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. कृषिलाई आधुनिकीकरण, यान्त्रिकीकरण, व्यवसायीकरण गर्नु
२. कृषि तथा कृषिजन्य उद्योग व्यवसायहरुको प्रवद्र्घन एवं वजारीकरण गर्नु
३. कृषि उपजको उत्पादन र उत्पादकत्व अभिवृद्धि गर्दै खाद्यमा आत्मनिर्भर हुनु

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य तथा उद्देश्य र बिषय उपक्षेत्रगत लक्ष्य-उद्धेश्य हासिल गर्न केन्द्रित रहनेगरी आवधिक योजनामा उल्लेख भएबमोजिम देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ;

कृषिको उत्पादन र उत्पादकत्व वृद्धि गर्ने

१. कृषक, कृषि व्यवसायी, प्राविधिक लगायत कृषि सेवामा आवद्ध पक्ष तथा संस्थाहरुको क्षमता अभिवृद्धि गर्ने
२. कृषि उपजहरुको व्यवसायीकरण तथा वजार विस्तार एवं कृषिजन्य उद्योग व्यवसायहरुको प्रवद्र्घन गर्ने
३. कृषि पूर्वाधारहरु निर्माण गर्न निजी क्षेत्र तथा सहकारी संस्थासंग सहकार्य गर्ने
४. समावेशी कृषि विकासमा महिला, दलित, अति विपन्न वर्गको आवद्धतामा वृद्धि ल्याउने
५. कृषि नीति तर्जुमा तथा योजना निर्माण, कार्यान्वयन अनुगमन तथा मूल्याङ्कन गर्ने
६. कृषिमा लगानी वृद्धि गर्न निजी क्षेत्र तथा सहकारी संस्थाहरुसंग समन्वय गर्ने
७. कृषि विकाससंग सम्वन्धित अनुसन्धान केन्द्र, शैक्षिक संस्था एवं सरोकारवालाहरुसंग समन्वय गर्ने

## ३.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

कृषि तथा खाद्य सुरक्षा उपक्षेत्रको उपक्षेत्रगत सूचक र मध्यम अवधिको लक्ष्य देहायअनुसार तालिका ३.१.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ३.१.१ नतिजा सूचक तथा लक्ष्य(स्रोत: बिषयगत शाखावाट प्राप्त विवरण र आवधिक योजना)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| कृषि तथा पशुपालन क्षेत्रमा रोजगार | प्रतिशत | ६५ | ६२ | ६० | ५५ |
| उद्योग र व्यवसाय क्षेत्रमा रोजगार | संख्या | ९०० | १००० | ११५० | १२०० |
| वैदेशिक रोजगारीमा गएका व्यक्ति | संख्या | २२०० | २००० | १५०० | १३०० |
| ज्याला मजदुरी | संख्या | २२०० | २७०० | ३००० | ३५०० |

| | | | | | |
|---|---|---|---|---|---|
| उन्नत विउ, जैविक मल, विषादी र आधुनिक कृषि प्रविधि प्रयोग गर्ने कृषक घरपरिवार | प्रतिशत | ५९.२५ | ६४.२५ | ६९.२५ | ७४.२५ |
| वार्षिक ३ लाख भन्दा बढी आम्दानी हुने घरपरिवार | प्रतिशत | ३.७५ | ५।२५ | ६।७५ | ८।२५ |
| खेती गरिएको जमिन | हेक्टर | २२४५.५७ | २२५०.५ | २२५५ | २२६०.५ |
| साना किसानको औषत वार्षिक आय | रु. हजारमा | २२३ | २३२ | २३९ | २५० |
| तरकारी उत्पादन | मे.टन | १२२० | १२४१ | १२८३ | १३२६ |
| अन्नवाली | मे.टन | ४४२९ | ४४५९ | ४५१९ | ४५९९ |
| फलफुल उत्पादन | मे.टन | २५९० | २६०५ | २६२१ | २७०१ |
| नगदे वाली उत्पादन | मे.टन | १८२१ | १८४१ | १८६६ | १८९६ |
| संचालित कृषि संकलन केन्द्र | वटा | १ | ३ | ४ | ५ |

## ३.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक बिकास क्षेत्रको खर्च र स्रोतको अनुमान समग्रमा अनुसूची ३ मा प्रस्तुत गरिएको छ ।

## ३.१.७ आगामी ३ आर्थिक बर्षको अबधिमा कार्यान्वयन गरिने कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आर्थिक विकास क्षेत्र अन्तर्गतका कृषि तथा खाध सुरक्षा उपक्षेत्रगत रुपमा मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.१.३ मा प्रस्तुत गरिएको छ।

(आवधिक योजना र बिगत २ बर्षको बार्षिक बजेट तथा कार्यक्रममा समाबेश भएका आयोजना तथा क्रियाकलापलाई समुहिकृत तथा एकीकृत बनाई प्रस्तुत गरिएको छ

तालिका ३.१.३ कृषि तथा खाध्य सुरक्षा उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत(रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | कृषि तथा पशु तथ्याङ्क र विकास योजना तर्जुमा तथा अध्यावधिक | कृषि सम्बन्धी तथ्याङ्कको आधार तयार गर्ने तथा कृषि सम्बन्धी कार्यक्रमलाई प्रभावकारी बनाउने | २०८२/८३ | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | कृषि क्षेत्रको स्थिति पत्र र कृषि विकास योजना तयार हुनेछ । |
| २ | कृषि प्राविधिक तथा कृषक अनुदान कार्यक्रम | कृषि प्राविधिक सेवा र कृषि अभ्यासलाई व्यवहारिक बनाउने | सालबसाली | | | कृषि उत्पादनको व्यवसायीकरण र उत्पादकत्व बृद्धि हुनेछ । |
| ३ | सामुदायिक विउ बैंक र कृषि सेवाकेन्द्रको स्थापना | स्थानीय जातका विउको संरक्षण तथा विउको उपलब्धता सहज बनाउने | सालबसाली | | | १/१ वटा गाउँस्तरीय सामुदायीक विउ बैंक स्थापना र संचालन हुनेछ |
| ४ | तरकारी पकेट क्षेत्र विकास एबम एक वडा एक कृषि उद्योग विकास कार्यक्रम | आयात कम गरी निर्यात बृद्धि गर्न | सालबसाली | | | प्रत्येक वडामा तुलनात्मक लाभको कृषि उद्योग स्थापना एबम संचालन भएको हुनेछ । |
| ५ | नमूना कृषि फार्म र व्यवसायिक खेती प्रवद्र्धनका लागि अनुदान तथा सघन कृषि प्रबर्द्धन कार्यक्रम | कृषि प्रसार सेवा र उत्पादनलाई विविधिकरण गर्ने | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको | कृषकको आत्म निर्भरता, कषि उत्पादनको बृद्धि र उपजको बिविधिकरण हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ६ | कृषि तथा पशु प्राविधिक शिक्षा प्रवद्र्धन | विद्यार्थीलाई जीवनपयोगी र प्राविधिक शिक्षा प्रदान गर्ने र ज्ञान हस्तान्तरण गर्ने | सालबसाली | | प्राथमिकता | स्थानीयस्तरमा दक्ष जनशक्तिको उपलब्धता हुनेछ । |
| ७ | कृषि सहकारी, उपजको बजारीकरण र प्रवद्र्धनको लागि अनुदान वितरण कार्यक्रम | उत्पादित कृषि उपजहरुको बजारीकरण, भण्डारण तथा विक्रि वितरण सहजीकरण गने । | सालासाली | | | कृषि संकलन केन्द्र, शीत भण्डार, कृषि सहकारी र कृषि एम्बुलेन्स स्थापना र संचालन हुनेछ |
| ८ | कृषक, समूह तथा सहकारी क्षमता विकास कार्यक्रम | समुह तथा सहकारीमार्फत कृषिको व्यवसायिकरण गर्न | सालवसाली | | आवधिक योजनाको प्राथमिकता | कृषक समूह तथा सहकारी संस्था कृषि उत्पादन, व्यवसाय र प्रसोधनमा संलग्न हुनेछन् । |
| ९ | व्यवसायिक फूल नर्सरी र खेती विस्तार कार्यक्रम | फुलको निर्यातमा बृद्धि गर्न | सालबसाली | | आवधिक योजनाको प्राथमिकता | व्यवसायिक फूल नर्सरी र खेती विस्तार भएका हुनेछन् । |
| १० | खाद्यान्न बाली विकासको लागि बिभिन्न कार्यक्रम ( मकै, धान, गहुँ, कोदो आदी ) | खाद्यान्य बालीको उत्पादन बृद्धि गर्न | सालबसाली | | | खाद्यान्न बालीको उत्पादनमा १० प्रतिशले बृद्धि हुनेछ । |
| ११ | व्यवसायिक मौरीपालन कार्यक्रम | गाउँमा मह उत्पादन बृद्धि गर्न | सालबसाली | | | महको उत्पादमा बृद्धि भएको हुनेछ । |
| १२ | जैविक मल प्रवद्र्धन कार्यक्रम | जैविक मलको उत्पादनमा बृद्धि गर्ने | सालबसाली | | आवधिक योजनाको प्राथमिकता | जैविक मल उत्पादन बृधि हुनुका साथै रोग एवं किरा फटयांग्रावाट बालिनाली उत्पादनमा हुने नोक्सानी |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | | | | न्यूनीकरण हुनेछ । |
| १३ | कृषि उपजको गुणस्तर तथा विषादी परीक्षण, नियन्त्रण र नियमन सम्बन्धि कार्यक्रम | नागरिकको गुणस्तरीय खाद्यन्य उपलब्ध गराउन | सालबसाली | | | एक वटा गुणस्तर परिक्षण केन्द्रको स्थापना हुनेछ । |
| १४ | कृषि क्षेत्र अनुदानका अन्य सालबसाली कार्यक्रम | कृषि व्यवसाय र उत्पादनमा बृद्धि गर्ने | सालबसाली | | | वास्तविक कृषक लाभान्वित हुनेछन् । |

## ३.१.८ जोखिम पक्ष तथा अनुगमन

यस उपक्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ। गाउँगाउँपालिका क्षेत्रमा कृषिको व्यवसायीकरण, कृषि पर्यटन, जैविक तथा वातावरणमैत्री कृषि प्रवद्र्धन, फूलखेती समेत उच्च मूल्यका कृषि उपजको प्रवद्र्धन, खाद्य स्वच्छता, पोषण र माटो व्यवस्थापन लगायत कृषि क्षेत्रको तथ्याङ्क व्यवस्थापन प्रणालीद्धारा कृषि उत्पादन, व्यवसायीकरण र औद्योगीकरणको वातावरण निर्माण हुनेछ|

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, कृषि प्रविधि, विउविजन, यान्त्रिकीकरण, भरपर्दो सिंचाई प्रणाली, भूस्वामित्व, पूर्वाधार र बजारीकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ ।यसका अलवा जलवायु परिवर्तनको असर, कृषि उपजको आयात र कृषि जमीन उपयोगमा परिवर्तन यस क्षेत्रका संभावित जोखिम पक्षको रुपमा रहेका छन् । छिमेकी मूलक भारतबाट आयातित उपजसँग प्रतिष्पर्धा र कृषि उपजको गुणस्तर र न्यून उत्पादन परिमाण पनि यस क्षेत्रका जोखिम पक्षका रुपमा देखिएका छन् ।

## ३.२ पशुपंक्षी विकास

### ३.२.१ पृष्ठभूमी

यस गाउँपालिकाका सम्पूर्ण वडाहरूमा यहाँ बसोबास गर्ने घरपरिवारहरूले पशुपंक्षी पाल्ने गरेका छन् । यहाँ गाई, भैंसी, बाखा, सुगुर, बंगुर, कुखुरा, हाँस, परेवा, टर्की, बट्टाई, लगायतका पशुपंक्षी पाल्ने र बिक्री गर्ने गर्दछन् । लुम्बिनी प्रदेश र गण्डकी प्रदेशको मुख्य बजारकेन्द्र यस गाउँपालिकावाट नजिक रहेको हुँदा पशुपंक्षीजन्य उत्पादन वृद्धि गर्न सकेको खण्डमा स्थानीय बजारको सहजता रहेको छ | पशुपंक्षीतर्फ करीव ५४.५५ प्रतिशत जनसंख्या पशुपालनमा आवद्ध रहेको पाइन्छ । गाउँपालिका क्षेत्रभित्र ८३ वटा फर्महरु सञ्चालनमा रहेको पाइन्छ । यसरी सञ्चालित फर्महरुवाट खासगरी कुखुरापालन, वाखा, वङ्गुर एवं गाईभैसीपालन हुँदै आएको र मासु अण्डा र दुध उत्पादन हुँदै आएको पाइन्छ । पशुपालनका लागि पालिकावाट पशु वीमाका लागि सहुलियत दरमा ऋण व्यवस्था, पशुसेवा केन्द्र, कृत्रिम गर्भाधान सेवा, दुध सङ्कलन केन्द्रको व्यवस्था गरिएको छ ।

कृषि तथा पशु फर्महरू मार्फत पशुपंक्षीहरूको व्यवसायीक उत्पादन समेत हुँदै आएको छ । व्यावसायिक हिसाबले हेर्दा कृषकहरूले सबैभन्दा बढी गाई, भैसी, कुखुरा, बाखा, माछा, बङगुर पाल्ने र बिक्री गर्ने गर्दछन् । (स्रोतः आवधिक योजना)।

### ३.२.२ संभावना तथा अवसर

- पशुपन्छीको नश्ल सुधार गरी उत्पादन र उत्पादकत्व वृद्धि गर्न कृत्रिम गर्भाधान कार्यक्रमलाई निःशुल्क गर्ने नीति लिइनुपर्ने,
- पशु आहारका लागि डाले तथा भुई घाँस उत्पादन गर्न सकिने
- घरघरमा पशुपंक्षीहरु गाई, भैसी, वाखा, वङ्गुर, कुखुराहरु पालन हुँदै आएको र आय आर्जनका स्रोतमा
- गाई, भैसी, बाखपालन, भेडापालन तथा कुखुरापालनबाट आय स्तर सुधार गराउन सकिने,
- पशुपन्छी जन्य उत्पादनमा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने,
- सामुदायिक होमस्टे तथा पर्यटन प्रबर्धन गरी स्थानीय स्तरमा उत्पादन भएका पशुपक्षीजन्य परिकारको खपत बढाउन सकिने ।
- पशुजन्य औषधी, उपचार, तथा खोपको व्यवस्था भएको
- पशु प्राविधिक तथा भेटेरीनरी सेवा उपलव्ध गराएको
- पशुपालन कृषकहरुलाई तालिम, परामर्श तथा प्राविधिक ज्ञानसीप प्रदान हुँदै आएको

### ३.२.३ समस्या तथा चुनौती

- जीविकोपार्जन, परम्परागत, निर्वाहमुखी पशुपालनलाई व्यवसायिकरण एवं आधुनिकीकरण गर्नु
- पशुपंक्षीजन्य रोग नियन्त्रण गर्नु
- उन्नत जातका पशुपंक्षी विकास तथा विस्तार गर्नु
- पशुपंक्षीहरुको व्यवसायिक पालनमा सहुलियत दरमा कर्जा सुविधा प्रदान गर्नु
- युवाहरुलाई पशुपंक्षीपालन प्रति आकर्षण वढाउनु
- पशुपक्षीको उपचार पर्याप्त नभएको,
- पशुपक्षीजन्य उत्पादनको पर्याप्त बजारको संभाव्यता अध्ययन नभएको ।

## ३.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"व्यवसायिक पशुपन्छी पालन मार्फत कृषकको आर्थिक स्तर सुधार गर्ने"

**लक्ष्य**

"आधुनिक र व्यवसायिक पशुपन्छी पालनबाट निर्यातमुखी उत्पादनलाइ वृद्धि गराउने"

**उद्देश्य**

गाउँपालिकाको पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१. पशुपन्छी पालनलाइ व्यवसायिक बनाउनु ।
२. पशुपन्छीजन्य उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रबर्धन गर्नु ।
३. दुध जन्य बस्तुको व्यवसायिक उत्पादनमा आत्मनिर्भर भई निर्यात प्रबर्धन गर्नु ।

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत एबम बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ (आवधिक योजनामा भएको रणनीति र कार्यनीतिको अध्ययन मार्फत थप परिष्कृत बानाइएको);

१. पशुपंक्षी विकास क्षेत्रको आधुनिकीकरण र विविधिकरण गरी उत्पादनमा वृद्धि र बजार प्रवद्र्धन गर्ने,

३ पशुपंक्षी स्वास्थ्य तथा उपचार सेवा र बिमाको प्रभावकारी व्यवस्थापन गर्ने ।

५ युवा कृषक एवं पशुपालनमा आधारित समूह तथा संस्थाहरुको क्षमता अभिवृद्धि गरी कृषकलाई उद्यमी बनाउने।

६ पशुपन्छी तथ्याङ्क प्रणालीको विकास गरी पशुपन्छी उत्पादनलाई आवश्यक कृषि सामाग्री तथा प्रविधिको उपलब्धता वृद्धि गर्ने

## ३.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

आर्थिक विकास क्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.२.१ पशुपंक्षी विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोत:आवधिक योजना र सम्बन्धित बिषयगत शाखावाट प्राप्त विवरण)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| कुखुरा/पन्छीको बार्षिक मासु उत्पादन | मे.टन | १० | १२ | १५ | १८ |
| कुखुरा चल्ला उत्पाद (लाख) | गेटा | १४० | १५० | २०० | २५० |
| अन्डाको वार्षिक उत्पादन (हजारमा) | संख्या | ८० | १०० | १२० | १३० |

| | | | | | |
|---|---|---|---|---|---|
| माछाको बार्षिक उत्पादन | मे.टन | ३ | ५ | ७ | ८ |
| खसी, वोकाको बार्षिक मासु उत्पादन | मे.टन | २५७ | ३०० | ३५० | ४०० |
| राँगाको बार्षिक मासु उत्पादन | मे.टन | १२८८ | १५०० | २००० | २५०० |
| बार्षिक दूध उत्पादन (हजार) | लिटर | ३०० | ३५० | ४०० | ५०० |
| भैसी र गाई फार्म | संख्या | ७ | १० | १५ | १८ |
| कुखुरा फार्म | संख्या | ६० | ८० | १०० | १२० |
| बाखा फार्म | संख्या | ५५ | ६० | ६५ | ७० |
| उन्नत घाँसको उत्पादन क्षेत्र | रोपनी | १०००० | १५००० | २०००० | २२००० |

### ३.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आथिक विकास क्षेत्रको समग्र खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ३.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आर्थिक विकास क्षेत्र अन्तर्गतको पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.२.२ मा प्रस्तुत गरिएको छ।

(आयोजना तथा कार्यक्रमको संक्षिप्त विवरण तयार गर्दा आवधिक योजनाको कार्यनीति तथा क्रियाकलाप र बजेटलाई मुख्य आधार बनाई समुहिकृत गरी एकीकृत रुपमा तयार गरिएको छ

तालिका ३.२.२ पशुपंक्षी तथा मत्स्य विकास उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमकोअवधि (शुरु र समाप्ती) | अनुमानित लागत(रु. हजारमा) | पुष्टयाई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | पशुपंछी श्रोत केन्द्रको स्थापना कार्यक्रम (गाई, भैसी ,वाखा, कुखुरा, बंगुर, भेडा ) | पशुपंक्षी व्यवसाय बृद्धि रोजगारीको अवसर सृजना गर्न | निरन्तर | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | पशुपंछी श्रोत केन्द्रको स्थापना र संचालन हुनेछ । |
| २ | पशु स्वास्थ्य तथा बिमा कार्यक्रम | पशुपालन व्यवसायलाई प्रबद्धन तथा प्रोत्साहन गर्न | सालवसाली | | | व्यवसायिक कृषकहरु प्रतक्ष्य लाभान्वित हुनेछन । |
| ३ | पशु आहार व्यवस्थापन कार्यक्रम | व्यवसायिक पशुपालनमा बृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | पशुपंक्षी बिकासमा सहयोग पुग्ने । |
| ४ | व्यवसायिक पशुपंक्षी र मत्स्य पालन तथा पकेट क्षेत्र अनुदान कार्यकम | पशुपंक्षी जन्य उत्पादन बृद्धि गर्ने | सालवसाली | | | नमूना पशुपंक्षी फर्म संचालन हुनेछन् । |
| ५ | क्षमता विकास कार्यक्रम | पशु व्यवसाय र उत्पादन बृद्धि गर्ने | सालवसाली | | | प्राबिधिक तथा कृषकहरुको क्षमता विकास हुनेछ । |
| ६ | पशुपंक्षी सेवा सालवसाली कार्यक्रम | निरन्तर कार्यक्रम | सालवसाली | | नीति तथा कार्यक्रम | कृषक लाभान्वित हुनेछन् |

## ३.२.८ जोखिम पक्ष तथा अनुमान

गाउँगाउँपालिका क्षेत्रमा पशु नक्ष सुधार र पशु आहार व्यवस्थापन लगायत पशुपंक्षी विकास क्षेत्रको तथ्याङ्क व्यवस्थापन प्रणालीद्धारा पशुपंक्षीजन्य उत्पादनको ,व्यवसायीकरण र औद्योगीकरणको वातावरण निर्माण हुनेछ।

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन पशु आहार, पूर्वाधार र बजारीकरण जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ। छिमेकी मूलक भारतबाट आयातित उपजसँग प्रतिष्पर्धा र पशुपंक्षीजन्य उपजको गुणस्तर र न्यून उत्पादन परिमाण पनि यस क्षेत्रका जोखिम पक्षका रुपमा देखिएका छन् ।

## ३.३ पर्यटन तथा संस्कृति

### ३.३.१ पृष्ठभूमी

प्राकृतिक सौन्दर्य, जैविक विविधता, बहुजातीय, बहुभाषीय, बहुधार्मिक र सामाजिक विविधता एवं ऐतिहासिक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण वगनासकाली गाउँगाउँपालिका पर्यटकिय गन्तव्यको रुपमा सम्भावना बोकेको गाउँगाउँपालिका हो। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ।

निजी क्षेत्र र खासगरी मगर समुदायको आवद्धता पर्यटन क्षेत्रमा उल्लेख्यनीय रुपमा रहदै आएको छ । मगर संस्कृति, रितिरिवाज, रहनसहन, भेषभुषामा आधारित साँस्कृतिक पर्यटन प्रवद्र्घनवाट स्थानीय समुदायको आर्थिक र सामाजिक समृद्धिमा ठूलो सहयोग पुग्ने देखिन्छ । त्यसैगरीनेवारी संस्कृति, कुमाल र वोटे संस्कृति यसका अरु थप आकर्षणहरु हुन । यसरी जातीय विविधताको संरक्षण र सम्वद्र्घनवाट स्थानीय स्तरमा पर्यटन प्रवद्र्घन मार्फत रोजगारी श्रृजना, आयआर्जनवाट गरिवी निवारणमा ठूलो सहयोग पुग्ने देखिन्छ । धार्मिक एवं ऐतिहासिक पर्यटकीय हिसावले महत्वपूर्ण स्थानहरुमा वगनासदेवी स्थान, दर्लम महाकाली, महामृत्युजन्य शिवालय, सिद्धगुफा मन्दिर, रामनदी (राम्दी) धाम, मालारानी, रानीमहल क्षेत्र, ऋषिकेषेश्वर मन्दिर, वौद्धगुम्वा, माडी फाँट, सिद्धवावा मन्दिर, भगवती मन्दिर, शिवालय मन्दिर, कालिका मन्दिर, चेचीकोट मन्दिर, अर्यभञ्याङ, चिलाङ्गदी भञ्याङ, भिरभञ्याङ, तिनछाँगा, चमेरो गुफा, कालिका मन्दिर, चेचीकोट मन्दिर रहेका छन जसको प्रवद्र्घनवाट पर्यटनमा आधारित उद्योग व्यवसाय सञ्चालनबाट रोजगारीको श्रृजना भई आर्थिक एवं सामाजिक समृद्धिमा र साँस्कृतिक पहिचानमाउल्लेखनीय सहयोग पुग्दै आएको र थप अरु पुग्ने सम्भावना रहेकोले यस पर्यटन क्षेत्रलाई दोश्रो प्राथमिकतामा राखिएको छ ।

पर्यटनको प्रचुर सम्भावना भएको यस गाउँपालिकामा विभिन्न पर्यटकीय स्थलहरुको पहिचान तथा संरक्षण र विकास गर्नु पर्ने आवश्यकता देखिन्छ ।

### ३.३.२ संभावना तथा अवसर

- स्थानीय मौलिक कला र संस्कृतिमा विशेष गरी जातजातिको सांस्कृतिक विकास र संरक्षण गरी अध्ययन केन्द्रको रूपमा विकास गर्न सकिने ।
- विभिन्न १८ स्थानहरुमा भगवती मन्दिर, विभिन्न ४ स्थानमा शिवालयहरु, देवदेवीका मन्दिरहरु रहेको
- मसिनेको डाँडा, सिद्धगुफा, अमिली खोला गुफा, धनचौर पानीझरना, खोलानदीहरु रहेको
- मगर, गुरुङ, नेवार, कुमाल संस्कृति, नाचगान, रीतिथिति, भेषभुषाहरु, मगर सङ्ग्रहालय, नाचगानहरु —भजन, सोरठी, सराय, मारुनी, भैलो)
- पर्यटकीय क्षेत्रहरुको संरक्षण र प्रवद्र्घन हुँदै आएको
- होटेल, होमस्टेहरु सञ्चालनमा सेङलेङ्ग, चरेपानी, काफ्ले, गौचौर)
- पर्यटन विकासका पूर्वाधारहरु क्रमशः निर्माण हुदै पर्यटनलाई आयआर्जनसंग जोड्न प्रयास भएको
- पर्यटन उद्योगसंग सम्वन्धित जनशक्तिको क्षमता विकास तथा तालिम प्रदान भएको

### ३.३.३ समस्या तथा चुनौती

- पर्यटन प्रवद्र्घनका लागि प्रचार प्रसार गर्नु
- पर्यटकीय पूर्वाधार तथा संरचनाहरुको निर्माण गर्नु

- स्थानीय भाषा, संस्कृति, चाँडपर्वहरु क्रमिक रुपमा लोपोन्मुख र त्यसको संरक्षण गर्नु
- नजिकको धार्मिक, संस्कृति, ऐतिहासिक र पुरातात्विक सम्पदाहरुसंग सहकार्यवाट लाभ आर्जन गर्नु
- दीर्घकालीन पर्यटन विकास गुरुयोजना तर्जुमा नभएको
- सम्भाव्य पर्यटकीय क्षेत्र र सेवाहरुको पहिचान नहुनु
- साहसिक पर्यटन क्षेत्रको विकास हुन नसक्नु
- धार्मिक एवं ऐतिहासिक क्षेत्रहरुको प्रचार प्रसार एवं प्रवद्र्घन नहुनु
- गाउँपालिकामा अवस्थित प्राकृतिक, धार्मिक, ऐतिहासिक र पौराणिक महत्वका स्थलहरूका बारेमा पर्याप्त प्रचारप्रसार नभएको ।
- सीमित आयस्रोतका कारण पर्यटकीय पूर्वाधार विकास गर्न चुनौतीपूर्ण भएको ।
- निजी क्षेत्रलाई आकर्षण गर्नुपर्ने चुनौती रहेको ।

## ३.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"वगनासकाली गाउँपालिकाको समृद्दिको आधार, पर्यटन क्षेत्रको दिगो विकास"

**लक्ष्य**

"धार्मिक, साँस्कृतिक र ऐतिहासिक पर्यटकीय गन्तव्यको विकास र प्रचार प्रसार मार्फत रोजगारी र आयमा वृद्दिगरी गाउँपालिकाको अर्थतन्त्र बलियो बनाउने"।

**उद्देश्य**

गाउँपालिकाको पर्यटन विकास उपक्षेत्रको उद्देश्यहरु (आवधिक योजनामा उल्लेख भए अनुसार) देहायअनुसार रहेका छन्:

१. पर्यटकीय गन्तव्यहरु एवं सांस्कृतिक सम्पदाहरुको संरक्षण, प्रवद्र्घन एवं पूर्वाधारहरुको स्तरोन्नति गर्नु
२. पर्यटन व्यवसायलाई विविधीकरण गर्दै रोजगारीका अवसरहरु सिर्जना गर्नु
३. पदयात्रा तथा पर्यापर्यटनको विकास गर्नु ।

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ (आवधिक योजनाको रणनीति तथा कार्यनीतिको आधारमा थप परिष्कृत पारिएको छ) ;

१ गुणस्तरीय पर्यटन पूर्वाधार सुविधाको बिकास र विस्तार गर्ने
२ ऐतिहासिक, पुरातात्विक, धार्मिक एवं सांस्कृतिक महत्वका सम्पदाहरुको पहिचान, संरक्षण, सम्वद्र्धन एवं प्रवद्र्घन गर्ने
३ पर्यटन क्षेत्रको रोजगारीमा महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने
४ पर्यटन बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने
५ दिगो पर्यटन पूर्वाधारको विकासको माध्यमद्वारा रोजगारी सिर्जना र आय वृद्धि गर्ने ।

### ३.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

पर्यटन तथा संस्कृति विषय उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.३.१ पर्यटन तथा संस्कृति उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| भ्रमण गर्ने वार्षिक पर्यटक (आन्तरिक/वाह्य) संख्या | हजारमा | ७ | ८ | ९ | १० |
| रोजगारीमा योगदान | संख्या | २०० | २२५ | २५० | २७५ |
| मुख्य पर्यटकीय स्थल/क्षेत्र | संख्या | ४ | ५ | ६ | ८ |
| व्यवस्थित होमस्टे/ग्रामीण पर्यटकीय गाउँ | संख्या | १ | २ | २ | २ |

### ३.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक विकास क्षेत्रको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ३.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

पर्यटन तथा संस्कृति विकास उपक्षेत्र अन्तर्गतका आयोजना तथा कार्यक्रम र बिषय उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.३.२. मा प्रस्तुत गरिएको छ (आवधिक योजनामा उलीख गरिएका आयोजना तथा कार्यक्रम र बजेटलाई आधार मानेर तयार गरिएको छ)।

तालिका ३.३.२ पर्यटन तथा संस्कृति विकास उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत(रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | पर्यटन पूर्वाधार विकास कार्यक्रम | पर्यटकहरु आकर्षण तथा आवागमनमा वृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | पर्यटकीय स्थल निर्माण भई सुचारु हुनेछ । |
| २ | पर्यटकीय सेवा क्षमता विकास कार्यक्रम | पर्यटनलाई व्यवसायको रुपमा विकास गर्ने | सालवसाली | | | पर्यटकीय व्यवसायीको सीप तथा क्षमता विकास हुनेछ । |
| ३ | मौलिक संस्कृति, धार्मिक क्षेत्र, मेला तथा पर्व संरक्षण एवं प्रवद्र्धन कार्यक्रम | स्थानीय संस्कृति संरक्षण र प्रवद्र्धन गर्ने | सालवसाली | | | मौलिक संस्कृति एवं धार्मिक क्षेत्रको संरक्षण र प्रवर्धन भएको हुने |
| ४ | ग्रामिण पर्यटन तथा होमस्टे संचालन तथा प्रबर्द्धन | रोजगारी तथा स्थानीय आय वृद्धि गर्नु | सालवसाली | | | स्थानीय आयमा वृद्धि र रोजगारीको अवसरमा वृद्धि हुने |
| ५ | कृषि पर्यटन कार्यक्रम एवं अन्य सालबसाली कार्यक्रम | कृषि उत्पादनमा बृद्धि तथा प्रचार गर्न | सालवसाली | | | गाउँमा कृषि पर्यटन सुरुवात हुनेछ । |
| ६ | पर्यटन प्रोफाइल तथा योजना तर्जुमा र कार्यान्वयन | पर्यटन क्षेत्रको योजनाबद्ध विकास गर्नु | ०८२/०८३ | | | स्थानीय आयमा वृद्धि र रोजगारीको अवसरमा वृद्धि हुने |

## ३.३.८ जोखिम पक्ष तथा अनुगमन

गाउँगाउँपालिका  क्षेत्रमा सांस्कृतिक तथा पर्यापर्यटनको विकास गर्न सकिने अनुमान गर्न सकिन्छ तर संघ र प्रदेश सरकार स्थानीय नागरिक र निजि क्षेत्र बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, निजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

## ३.४ सिंचाई

### ३.४.१ पृष्ठभूमी

यस गाउँपालिकामा खेतीयोग्य जमिनको उपलब्धता तथा अधिकांश परिवार कृषि पेशामा आबद्ध रहेका छन। यहाँ धान, गहुँ, मकै, कोदो,फापर जस्ता खाद्यान्न बाली साथै तरकारी र फलफूल वाली उत्पादनमा राम्रो सम्भावना रहेको छ । सिंचाई, कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ । कृषियोग्य भूमिमा नियमित वाह्रै महिना सिंचाइ सुविधा उपलव्ध गराई कृषिको उत्पादन तथा उत्पादकत्व वढाउन सिंचाइको दिगो व्यवस्थापन गर्नुपर्ने, परम्परागत सिंचाइ प्रणालीको मर्मत सम्भार एवं नयाँ प्रविधिमा आधारित सिंचाइ प्रणालीको माध्यमवाट सिंचित क्षेत्र विस्तार गर्नुपर्ने आवश्यकता महसुस भई सिंचाइ पूर्वाधारहरु निर्माण गरी सिंचाइ प्रणालीलाई सुदृढीकरण गर्नुपर्ने भएको छ । सिंचाई कृषि उत्पादनका लागि अत्यावश्यक पूर्वाधार भएको हुँदा उच्च प्राथमिकताका साथ नहर तथा सिंचाई आयोजनाहरू निर्माण गरी सिंचाई कार्य गर्नु नितान्त जरुरी छ ।

### ३.४.२ संभावना तथा अवसर

- पर्याप्त खोला तथा जलस्रोतको रहेकोले कुलो मार्फत गाउँपालिकाको अधिकांश खेतियोग्य जमिनलाई सिंचित गर्न सकिने ।
- दुर्वाङ, खाकावेशी, छिर्तिङ, साउने, लिम्चि जस्ता खोलावाट सिंचाई सुबिधा विस्तार गर्न सकिने
- वैकल्पिक सिंचाइ प्रविधिहरु प्रयोगमा ल्याउन सकिने
- सिंचाइ आयोजनाहरुमा ठूलो संख्यामा सञ्चालनमा आएको
- सिंचाइ कुलोहरु —करीव ५ किमि लम्वाइको) निर्माण भएको वैकल्पिक सिँचाइ थोपा सिँचाइ, फोहोरा सिँचाइ तथा प्लास्टिक पोखरी आदिबाट सिँचाइ सुविधा पुयाउन सकिने ।
- विद्युतीकरण मार्फत सिंचाई सहजीकरण गर्न सकिने ।
- कृत्रिम जलाशयहरू निर्माण गरेर समेत खेतीयोग्य भूमिमा सिंचाइ सुविधा पुर्याउन सकिने ।

### ३.४.३ समस्या तथा चुनौती

- परम्परागत प्रविधिमा आधारित कुलोहरूको मर्मत संभार नियमित हुन नसकेको ।
- परम्परागत सिंचाइ प्रविधिहरूको निर्माणमा पनि भौगोलिक कठिनाइका कारण निर्माण लागत उच्च रहेका।
- खेतीयोग्य भूमिमा सिंचाइ विस्तार गरी कृषि उपजहरुको व्यवसायिक उत्पादन वढाउनु
- वैकल्पिक सिंचाइ विधि प्रयोगमा कमि —आकाशेपानी सङ्कलन, पानीपोखरी तथा पानीट्याङ्की) कुलो मर्मत संभार हुन नसक्नु
- उपलव्ध पानीका स्रोतहरुको पूर्ण रुपमा सदुपयोग गर्न नसक्नु
- आधुनिक सिंचाई परियोजनाहरू खर्चिलो भएका कारण ठुलो आकारको बजेट आवश्यकता पर्ने ।
- वैकल्पिक सिंचाइ सुविधाको अभ्यास हुन नसकेका ।

## ३.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"दिगो सिंचाइ,कृषि उत्पादन र उत्पादकत्वमा अभिवृद्धि"

**लक्ष्य**

"सिंचाई सेवाको विस्तारवाट उत्पादन र उत्पादकत्वमा वृद्धि गर्ने"

**उद्देश्य**

गाउँपालिकाको सिंचाई विकास उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

१. जलाधार क्षेत्र, सीमसार, ताल तलैया, नदी खोला खोल्सी, तथा मुहानहरुको दिगो संरक्षण एवं उपयोग गर्दै नियमित रुपमा सिंचाइ सेवा उपलव्ध गराउनु
२. सिंचाइका आधुनिक तथा वैकल्पिक प्रविधिहरुको अवलम्वनवाट सिंचाइ सेवा सुनिश्चित गर्नु ।

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ;

१. दिगो सिंचाईको ब्यबस्था गर्न खोला तथा नदीवाट लिफ्ट सिंचाई सुविधा विस्तार गर्ने ।

२. सिंचाइ आयोजनाहरुको मर्मत सम्भार र स्तरोन्नति गर्ने

३. सिंचाइ सेवा सुविधा बिकास र विस्तार गर्ने

४. वैकल्पिक सिंचाइ प्रविधिको व्यवस् गर्ने

५. सिंचाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

## ३.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

सिंचाई विकास उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.४.१ सिंचाई विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोत: आवधिक योजना र बिषयगत शाखावाट प्राप्त विवरण)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| जमीनको उत्पादकत्व प्रति हेक्टर (वार्षिक औषत कुल कृषि उत्पादन) | मे.टन | २१५४४ | २१६२४ | २१७४५ | २१९६०.८ |
| १२ है महिना सिंचाई हुने क्षेत्र (खेतीयोग्य जमिन) | प्रतिशत | १९.१९ | २१.१९ | २७.१९ | ३४.१९ |

| | | | | | |
|---|---|---|---|---|---|
| प्रयोग भएका सिंचाईका प्रविधि (लिफ्ट, सतह) | हेक्टर | ३ | ४ | ४ | ५ |

## ३.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक विकास क्षेत्रको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ३.४.८ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सिंचाई विकास बिषय उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.४.२ मा प्रस्तुत गरिएको छ (आवधिक विकास योजनामा समाबेश क्रियाकलाप तथा आयोजना र बजेट तथा बिगत बर्षको बार्षिक बजेट तथा कार्यक्रमलाई मुख्य आधार मानिएको छ )।

तालिका ३.४.२ सिंचाई विकास बिषय उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | सिंचाई सुविधा विस्तार तथा स्तरोन्नति र संरक्षण कार्यक्रम | थप सिंचाई सुविधा विस्तार गर्न | सालबसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | उत्पादकत्व वृद्धि हुनेछ । |
| २ | बैकल्पिक सिँचाई सुविधा विस्तार लिफ्टिङ्ग, पोखरी निर्माण तथा थोपा सिंचाई प्रबर्द्धन) | सिँचाई सुबिभा बृद्धि गर्न | सालबसाली | | | सिंचाई सुविधा विस्तार भई उत्पादकत्व हुनेछ । |
| ३ | कुलो तथा पोखरी संरक्षण, मर्मतसंभार र स्तरोन्नति | उपलब्ध श्रोतको समुचित उपयोग गर्ने | सालबसाली | | | परम्परागत कुलो तथा पोखरी निर्माण र संरक्षण हुनेछ। |

## ३.४.८ जोखिम पक्ष तथा अनुमान

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ । गाउँगाउँपालिका क्षेत्रमा प्रस्तावित कार्यक्रम तथा आयोजना प्रभाबकारी कार्यन्वयन हुँदा सिंचाई सुबिधा सबै कृषि योग्य जमिनमा पुग्दा कृषि क्षेत्रको उत्पादन र उत्पादकत्व वृद्धि हुन गई गाउँवासीको आर्थिक सामजिक जीवनस्तरमा सुधार हुनेछ ।

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन भरपर्दो सिंचाई प्रणाली, संघ, प्रदेश र स्थानीय सरकार, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

## ३.५ उद्योग, ब्यापार तथा ब्यवसाय, श्रम र रोजगारी

### ३.५.१ पृष्ठभूमी

देश विकासको एक महत्वपूर्ण पक्ष भनेको उद्योग हो। वगनासकाली गाउँपालिकामा पनि उद्योगको बर्तमान अवस्थालाई हेर्दा यस क्षेत्रको हालसम्म किटान गरेर उद्योगको सूचीमा राख्न सकिने उद्योगको विवरण छैन । गाउँपालिकाको विकासका लागि स्थानीय स्तरमा उद्योग सञ्चालन गर्ने, रोजगारी सिर्जना गर्ने लगाएत कामहरु गर्न सकिन्छ ।

सन २०१८ मा भएको एक आर्थिक सर्भेक्षण अनुसार वगनासकाली गाउँगाउँपालिका क्षेत्रभित्र ७२९ उद्योग व्यवसायहरु सञ्चालनमा रहेको देखिन्छ । यस अनुसार कृषि, वन तथा माछा व्यवसायसंग सम्वन्धित ४८ वटा, उत्पादनसंग सम्वन्धित ६५ वटा, खानी, विजुली, ग्याँस, पानी तथा निर्माणसंग सम्वन्धित ८ वटा, थोक तथा खुद्रा व्यवसायहरु २९४ वटा, यातायात, गोदाम, सूचना तथा संचारसंग सम्वन्धित ३ वटा, होटेल रेष्टुरेण्टसंग सम्वन्धित १०२ वटा, वित्तीय, शिक्षा, स्वास्थ्य सेवासंग सम्वन्धित व्यवसायहरु क्रमशः १३,४३ र ७२ वटा र घरजग्गा कोरोवार, परामर्शसेवा, मनोरञ्जन, कला एवं प्रशासनिक कार्य आदिसंग सम्वन्धित ८१ वटा उद्योग व्यवसायहरु गाउँपालिका क्षेत्रभित्र क्रियाशील रहेको देखिन्छ। स्थानीय सीप, शैली तथा प्रविधिमा आधारित उद्योग व्यवसाय माटाका भाडामा आधारित उद्योग, सालको पातका दुना टपरी उद्योग, वगनासे चापी, नाम्लोको पातो, झोला, वाँसमा आधारित उद्योग व्यवसायहरुको सम्भावना प्रवल रहेको पाइन्छ । त्यसैगरी कृषि तथा पशुपंक्षी, जडीवुटीमा आधारित उद्योग व्यवसायको सम्भावना पनि त्यतिकै प्रवल देखिन्छ । यसका लागि पालिकावाट करीव २४० जनालाई सीप तथा व्यवसायिक तालिम समेत प्रदान गरिसकेको पाइन्छ । तापनि उत्पादिन वस्तुहरुको वजार प्रवद्र्घन, आवश्यक कच्चा पदार्थको नियमित उपलव्धता एवं उद्योग व्यवसाय सञ्चालनका लागि आवश्यक पूर्वाधारहरुको उपलव्धता एक समस्याको रुपमा देखिएको छ ।

तर्सथ उद्योगहरूको राम्रो सम्भावना भएकोले उद्योग वाणिज्य क्षेत्रको विकासका लागि ठोस कदम चाल्नुपर्ने देखिन्छ ।

### ३.५.२ संभावना तथा अवसर

- कृषिमा आधारित औद्योगिक कच्चा पदार्थको उपलब्धता रहेको,
- पशुजन्य उत्पादनमा आधारित डेरी तथा मासु, हाड, छाला प्रशोधन उद्योगहरूको स्थापना गर्न सकिने,
- कपडा उद्योग, हस्तकला, काष्ठकला तथा ललितकलामा आधारित उद्योगहरू सञ्चालन गर्न सकिने,
- गाउँपालिकामा रहेका प्राकृतिक पोखरीहरू तथा कृत्रिम पोखरीमा व्यवसायिक माछापालन गर्न सकिने,
- कृषि तथा पशुपालन —दुध, मासु अण्डा), माछापालन, फलफुल —किवी एभोगाडो, ड्रागन फ्रुट्स) एवं वेमौसमी तरकारी, कफी, अदुवा वेसार आदिमा आधारित उद्योगहरु व्यवसायिक सम्भावना
- गैरवन पैदावर तथा जडीवुटीमा आधारित उद्योग व्यवसायहरुको सम्भाव्यता अधिक
- आन्तरिक पर्यटनमा आधारित हस्तकलाका उद्योग, कोशेलीघर, आदिको सम्भाव्यता रहेको
- नजिकाका वुटवल, भैरहवा, सुनौली लगायतका ठूला शहर वजारहरु तथा जनघनत्व अधिक रहेका क्षेत्रहरु उपलव्ध
- उद्यमशीलता विकासका लागि २०० जनालाई तालिम र ६६ जनालाई व्यवसायिक सीप तालिम प्रदान भएको
- ढाका वुनाई, डोकोनाम्लो, दुनाटपरी जस्ता उद्योगहरुको प्रवद्र्घन हुँदै आएको, स्थानीय कच्चा पदार्थमा आधारित लघु, घरेलु तथा साना उद्योग ६० वटा र महिलाद्वारा सञ्चालित उद्योग व्यवसायको संख्या

१०४ क्रियाशील रहेकोसिलाइ/कटाइ/बुनाइ, मैनबत्ती बनाउने तालिम, मोटरसाईकल, हलुका तथा ठूला सवारी मर्मत तालिम तथा साइकल मर्मत तालिम, कृषिजन्य तालिम प्रदान गरी साना तथा घरेलु उद्योगको लागि दक्ष जनशक्ति तयार गर्न सकिने ।

## ३.५.३ समस्या तथा चुनौती

- निजी क्षेत्रसंग अपेक्षाकृत प्रभावकारी सहकार्य हुन नसक्नु
- स्थानीय हाटवजार र वाह्य वजारसंग सम्वन्ध स्थापित हुन नसकेको र वजार प्रवद्र्घन हुन नसकेको
- स्थानीय लघु, घरेलु तथा साना उद्योगहरुको विकास विस्तार तथा प्रवद्र्घनका लागि प्याकेज कार्यक्रम नहुनु
- गाउँपालिकाका बजार केन्द्रहरूमा ठुलो स्तरको आर्थिक गतिविधि नभएको,
- आयातित वस्तुमा परनिर्भरता घटाउदै कृषि उपजहरुमा आत्मनिर्भरताका लागि स्व उत्पादन वढाउनु
- वैदेशिक रोजगारीवाट फर्की आएका युवाहरुलाई व्यवसायतर्फ आकर्षण गर्नु
- स्थानीय कच्चा पदार्थ, साधन श्रोतमा आधारित लघु, घरेलु तथा साना उद्योगहरुको वजार विकास तथा प्रवद्र्घन गर्नु
- व्यवसायिक सीपयुक्त जनशक्तिको विकास गर्नु र वजारको माग अनुसार जनशक्ति तयार पार्नु
- औद्योगिक क्षेत्र विस्तारका लागि निजी क्षेत्रलाई आकर्षित गर्दै लगानी भित्र्याउनु
- व्यवसायिक लगानीको सुरक्षाको प्रत्याभुती हुन नसकेको,
- उद्योग विकासको लागि सडक, यातायात, विद्युत् तथा अन्य भौतिक पूर्वाधारको विकास गर्नुपर्ने ।

## ३.५.४ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"घरेलु तथा साना उद्योगको विकास र विस्तार ः स्थानीय अर्थतन्त्रको दिगो आधार"

**लक्ष्य**

"उद्योग व्यवसायहरुको प्रवद्र्घनवाट स्थानीय अर्थतन्त्रमा सुधार ल्याउने"

**उद्देश्य**

गाउँपालिकाको उद्योग, व्यापार तथा व्यवसाय एबम् श्रम तथा रोजगारी उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्:

१ स्थानीय साधन,श्रोत तथा कच्चा पदार्थमा आधारित उद्योगहरुको संरक्षण, प्रवद्र्घन एवं विकासलाई प्रोत्साहित गर्नु

२ घरेलु तथा साना उद्योग व्यवसायमा स्थानीय समुदायको आवद्धता वढाउदै आय वृद्धि र रोजगारीता सिर्जना गर्नु

३ उद्योगका लागि आवश्यक आधारभूत पूर्वाधारको क्रमिक विकास गर्ने ।

४ स्थानीय बजार प्रबर्धन र व्यवस्थापन मार्फत वाणिज्य बजार र आपूर्ति प्रणाली सुदृढ गर्ने ।

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ;

१ लघु, साना, मझौला तथा ठूला उद्योग सञ्चालनका लागि आवश्यक पूर्वाधार तथा वातावरण तयार गरी उद्योग ग्रामको स्थापना गर्ने।
२ स्थानीय कच्चा पदार्थ, साधन श्रोत र सीपको सदुपयोगमा वृद्धि गर्ने
३ स्थानीय उत्पादनहरुको वजार प्रवद्र्धन गर्ने
४ उद्योग व्यवसायमा युवा, महिला, दलित तथा अति विपन्न वर्गको आवद्धता वढाउने
५ उद्योग, व्यवसाय तथा सेवा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने
६ औद्योगिक उत्पादनलाई गुणस्तरीय र विश्वसनीय बनाई स्थानीय उत्पादनको बजार प्रवद्र्धन गर्ने ।
७ वैदेशिक रोजगारीबाट फर्केका युवाको परिवारलाई उद्यम स्थापनामा सहजिकरण र प्रोत्साहित गर्ने ।
८ सञ्चालित विकास निर्माणका आयोजनामार्फत श्रम तथा रोजगार प्रवद्र्धन गर्ने ।
९ गाउँपालिकाको तत्कालिन, मध्यमकालीन र दीर्घकालिन अवधिका लागि रोजगार योजना बनाई सो अनुसार विकास निर्माण कार्य सञ्चालन गर्ने ।

## ३.५.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

उद्योग, ब्यापार तथा ब्यबसाय र रोजगार उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ३.५.१ आर्थिक विकास क्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र बिषयगत शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| उद्योग, ब्यापार तथा ब्यबसाय संख्या | संख्या | ७०० | ७५० | ८०० | ८६० |
| उद्योग, ब्यापार, व्यवसायमा संलग्न जनसंख्या | संख्या | ३००० | ३३०० | ३५०० | ४००० |
| रोजगारमूलक नयाँ आयोजना/कार्यक्रम | संख्या | ५ | ७ | ८ | १० |
| बार्षिक थप रोजगारी सिर्जना | संख्या | १५० | १९० | २०० | २३० |
| गैर कृषि क्षेत्रमा रोजगारी | प्रतिशत | ३५ | ३८ | ४० | ४५ |
| चालु घरेलु तथा साना उद्योग र व्यापार ब्यबसाय | संख्या | ७३५ | ७४० | ७४५ | ७५० |
| चालू मझौला तथा ठुला उद्योग | संख्या | २ | ३ | ४ | ५ |
| प्राविधिक मानव संशाधन | संख्या | ७०० | ८०० | ९०० | १००० |
| रोजगारमूलक नयाँ आयोजना÷कार्यक्रम | संख्या | १४ | १६ | १८ | २० |

## ३.५.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक विकास क्षेत्रको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ३.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

उद्योग, ब्यापार तथा ब्यबसाय र रोजगार उपक्षेत्रको बिषय उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ३.५.२ मा प्रस्तुत गरिएको छ।

तालिका ३.५.२ उद्योग, ब्यापार तथा ब्यबसाय, श्रम र रोजगार उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | डिजिटल प्रणालीमा आधारित ब्यापार व्यवसाय प्रोफाइल तयारी | ब्यापार तथा ब्यबसाय संचालन सहज तुल्याउनु | ०८२/०८३ | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | डिजिटल प्रणालीमा आधारित व्यवसाय प्रोफाइल तयारी हुनेछ । |
| २ | स्थानीय कच्चा पदार्थ, ज्ञान, सीप र प्रविधि सम्बन्धी अध्ययन, संरक्षण र प्रवद्र्धन बिबिध कार्यक्रम | उद्योग व्यवसाय सिर्जनाको वातावरण तयार गर्ने | सालवसाली | | | नयाँ उद्यम तथा व्यवसाय सिर्जना र विकास हुनेछन् । |
| ३ | ब्यवसायिक सिप बिकास सम्बन्धि बिबिध तालिम (कुटानी, मिस्त्री, कूक, वेटर, प्लम्बिङ्ग, अचार बनाउने आदि) | रोजगार सृजना गर्न | सालवसाली | | | बार्षिक करिब १५० जनाले सिपमुलक तालिम पाउनेछन् । |
| ४ | व्यवसाय दर्ता तथा नविकरण कार्यविधि/निर्देशिका तर्जुमा | व्यवसाय दर्ता तथा नविकरणको व्यवस्था गर्ने | ०८२/०८३ | | | व्यावसाय दर्ता तथा नविकरण कार्यविधि तर्जुमा र कार्यान्वयन हुनेछ |
| ५ | उद्यमशीलता, व्यवसाय सिर्जना र विकास कार्यक्रम | रोजगारी सृजना गर्न | सालवसाली | | गाउँपालिकाको प्राथमिकता | |
| | श्रम तथा रोजगार | | | | | |
| ६ | स्थानीय रोजगार प्रवद्र्धन तथा सिपमुलक तालिम र प्रविधि | सीपयुक्त, अनुभवी र दक्ष स्थानीय व्यक्तिको पलायन | सालवसाली | | | करिब ५५० जना रोजगार कार्यक्रमबाट लाभान्वित भएका |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | हस्तान्तरण संचालन कार्यक्रम | रोक्ने | | | | हुनेछन् । |
| ७ | श्रमिक सामाजिक सुरक्षा कार्यक्रम | श्रमिकको न्युनतम सुरक्षा सुनिश्चित हुने व्यवस्था गर्ने | सालवसाली | | | करिब ७५० श्रमिक सामाजिक सुरक्षाबाट लाभान्वित हुनेछन् । |
| ८ | बैदेशिक रोजगारीवाट फर्किएका युवा लक्षित रोजगार प्रबर्द्धन कार्यक्रम | रोजगारी मार्फत गरिवी निवारण गर्नु | सालबसाली | | | बार्षिक करिब ३० जना युवा प्रत्यक्ष लाभान्वित हुने । |

### ३.५.८ जोखिम पक्ष तथा अनुमान

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ । गाउँगाउँपालिका क्षेत्र भित्रका युवाहरुलाई स्थानीय, राष्ट्रिय अन्तराष्ट्रिय बजारको माग अनुसारको ज्ञान, सीप र प्रविधि प्रदान गर्न, क्षमता तथा उद्यमशिलता विकास गरी रोजगारीको अवसरमा परिचालन गर्न आवश्यक छ ।

संघ र प्रदेश सरकार र सहयोगी संस्थाहरु बीच प्रभावकारी सहयोग, समन्वय र सहकार्य, संगठनात्मक र मानव श्रोत र सेवा व्यवस्थापन, जस्ता कार्यहरुको एकीकृत व्यवस्थापन हुन नसके अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम उत्पन्न हुन सक्दछ । संघ, प्रदेश र स्थानीय सरकार, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

## ३.६ सहकारी तथा वित्तीय सेवा

### ३.६.१ पृष्ठभूमी

कुनै पनि क्षेत्रमा बैङ्किङ कारोबार चलायमान हुन स्थानीय स्तरमा व्यापक रूपमा पूँजीप्रवाह भैरहने वातावरण हुनुपर्दछ । यस गाउँपालिकामा पूर्णत ग्रामीण परिवेश रहेको साथै उपभोक्ता बजारहरूको विकास नभएकोले पूँजी बजार विकास तथा प्रवाह हुन सकेको छैन । ग्रामीण अर्थतन्त्र सबल हुन कृषि, पर्यटन र उद्योग क्षेत्र चलायमान हुनुपर्ने भएकोले ती क्षेत्रको क्रमिक विकाससँगै बैङ्क तथा वित्तीय संस्थाको विकास स्वतः हुन जान्छ । वगनासकाली गाउँपालिकामा विभिन्न आर्थिक र वित्तिय कारोवारहरु बैकिङ्ग प्रणाली मार्फत हुने गरेको छ । सहकारी क्षेत्रको प्रवद्र्घन, परिचालन र विकास, तिनीहरुको क्षमता अभिवृद्धि जस्ता कार्यहरु पनि स्थानीय तहकै अधिकार क्षेत्रभित्र रहेको छ । देशको आर्थिक विकास तथा व्यापार व्यवसाय प्रवद्र्घन, एवं पूँजी परिचालनमा वैकिङ क्षेत्रको उल्लेखनीय भूमिका खेल्दै आएको छ ।एकको लागि हरेक र हरेकको लागि एक भन्ने मान्यता मार्फत सदस्यहरुको सामुहिक हितमा कार्य गर्नको लागि स्थापित सहकारी हालका दिनमा विश्वभर लोकप्रिय बन्दै गइरहेका छ । गाउँपालिकामा बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, उपभोक्ता आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ । साथै नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको छ ।

### ३.६.२ संभावना तथा अवसर

- कर्जा तथा ऋण सेवा सुविधा उपलव्ध
- वाणिज्य वैंक, लघु वित्त एवं सहकारी संस्थाहरु क्रियाशील
- वचत, लगानी, रेमिट सेवा सुविधाहरु उपलव्ध
- आम नागरिकहरुको वचत सङ्कलन, कर्जा प्रवाह एवं रेमिट सेवाहरु सञ्चालनमा पहुँच रहेको
- वित्तीय एवं सहकारी संस्थाहरु पालिका क्षेत्र भित्र क्रियाशील रहेको
- सहकारी संस्थाहरुको क्षमता विकासमा सहयोग गरिएको
- गाउँपालिकाको महिला बचत समूह तथा महिला सहकारीहरूको क्षमता अभिवृद्धि गर्ने नीति रहेको,
- अति विपन्न वर्गमा नियमित बचत गर्ने बानीको विकास गर्न प्रोत्साहन गर्ने गाउँपालिकाको नीति रहेको,
- गाउँपालिकामा ऋण तथा कर्जा सेवा प्रदान गर्न विभिन्न कृषि, महिला तथा वचत समूहहरू सक्रिय रहेका,
- उद्योग, कलकारखाना, बजार केन्द्र, व्यापारिक कारोबारको बिस्तार गर्दै बैङ्क तथा वित्तीय संस्थाहरूको विकास गर्न सकिने ।

### ३.६.३ समस्या तथा चुनौती

- वित्तीय नीति, नियम तथा मापदण्डहरु निर्माण तथा कार्यान्वयन नहुनु
- महिला सहकारी संस्थाहरुको विस्तार गर्न नसक्नु
- सहकारी सदस्यहरुमा क्षमता अभिवृद्धिको कमि तथा व्यवसायिकताको विकास गर्न नसक्नु
- विपन्न वर्गलाइ वैंकिङ सेवा पहुँच वृद्धि गर्नु
- कृषि, पर्यटन, लघु, घरेलु तथा साना उद्योगहरुमा कर्जा प्रवाहमा अभिवृद्धि ल्याउनु
- व्याँजदरलाई नियन्त्रण गर्नु
- धितो मूल्याङ्कन तथा ग्रामीण धितोको जटिलता हटाउनु
- बैङ्क तथा वित्तीय संस्थाहरू प्राय बजार केन्द्रमा मात्र सीमित रहेका,

- स-साना कुटानी पिसानी मिलहरू र केही ग्रिल वर्कसप बाहेक अरु ठूला अति आवश्यक उद्योग तथा कल कारखानाहरूको स्थापना नभएको,
- वित्तीय संस्थाहरूमा सहज र सुलभ पहुँच नहुँदा समग्र अर्थतन्त्र चलायमान हुन नसक्दा स्थानीय पूँजीको विकास कमजोर रहेको ।

## ३.६.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### सोच

"वित्तीय पहुँचमा सहजता :रोजगारी र उद्यमशीलता"

### लक्ष्य

"वित्तीय स्रोतहरुको प्रभावकारी परिचालनवाट उद्योग व्यवसायको प्रवद्र्घन"

### उद्देश्य

१ सहकारी संस्थाहरुलाई सवल, प्रतिस्पर्धी र व्यवसायिक वनाउदै वित्तीय सेवाको पहुँच वृद्धि गर्नु

२ प्रतिस्पर्धात्मक एवं तुलनात्मक लाभ भएका व्यवसायिक क्षेत्रहरुमा वित्त परिचालनका लागि प्रोत्साहित गर्नु

३ सहज कर्जा प्रवाह र बचत परिचालनमार्फत उद्योग, कृषि पर्यटन क्षेत्रमा सहकारीको लगानी अभिवृद्धि गरी आर्थिक वृद्धि हासिल गर्नु ।

### रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत तथा बिषय उपक्षेत्रगत लक्ष्य तथा उद्देश्य हासिल गर्न केन्द्रित रहनेगरी देहायअनुसारका उपक्षेत्रगत रणनीति अवलम्बन गरिनेछ;

१ सहकारीता बिकास गर्ने

२ सङ्कलित पूँजीलाई छिटो प्रतिफल प्राप्त हुने क्षेत्रमा परिचालन गर्ने

३ विप्रेषण (रेमिटेन्स) लाई उद्यम र व्यवसायमा परिचालन गर्ने

४ वित्तीय परिचालन तथा सहकारी बिकास सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

५ वित्तीय पहुँच नपुगेका घरपरिवारमा बैङ्क तथा वित्तीय संस्थाको पहुँच पुऱ्याउने

६ व्यवसायिक, उत्पादनमूलकसाना तथा मझौला उद्योगमा ऋण प्रवाह अभिवृद्धि गर्ने ।

७ सहकारी क्षेत्रलाई ब्यबस्थित, भरोसायोग्य र सदस्यको अधिकतम हितमा परिचालन गर्ने गरी प्रबर्धन एबं विकास गर्ने ।

## ३.६.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

सहकारी तथा वित्तीय सेवा क्षेत्रको विषय क्षेत्रगत सूचक र मध्यम अबधिको लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ३.६.१ सहकारी तथा वित्तीय सेवा क्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोत: आवधिक योजना र सम्बन्धित शाखा )

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| सहकारीमा महिला सहभागिता | प्रतिशत | ४५ | ४८ | ५४ | ५८ |
| कृषि सहकारीको संख्या वृद्धि | प्रतिशत | १० | १५ | २० | २० |
| बचत तथा ऋण सहकारी सङ्ख्य कम गर्ने मर्जर लगायत बिधि मार्फत | प्रतिशत | १५ | २० | २५ | ३० |
| सहकारी र वित्तीय संस्थामा आवद्ध परिवार | प्रतिशत | ६० | ६५ | ७० | ७० |
| सहकारीमा आवद्ध जनसंख्या | संख्या | ८३२३ | ९२४८ | ११०९८ | ११०९८ |
| सहकारी संख्या | संख्या | ३२ | ३० | २८ | २५ |

### ३.६.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आर्थिक विकास क्षेत्रको खर्च र स्रोतको त्रिबर्शीय अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ३.६.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सहकारी तथा वित्तीय सेवा बिषय उपक्षेत्रगत रुपमा आगामी ३ बर्ष अबधिमा संचालन हुने शीर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, देहायअनुसार तालिका ४.७.३ मा प्रस्तुत गरिएको छ।

तालिका ४.७.३ सहकारी तथा वित्तीय सेवा उपक्षेत्रका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.न. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रमको अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु. हजारमा) | पुष्ट्याई | आगामी ३ बर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | सहकारी सुपथ व्यवसाय तथा पसल सञ्चालन तथा साझेदारी अनुदान कार्यक्रम | सुलभ मुल्यका पसल सञ्चालन गर्न सान्झेदारी गर्ने | सालवसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | सुलभ पसल स्थापना हुनेछन् । |
| २ | लक्षित वर्ग सहकारी सचेतना तथा प्रबद्र्धन र सहकारी तालिम कार्यक्रम | लक्षित वर्गमा वित्तीय सेवा तथा सुविधाको पहुँच बृद्धि गर्ने | सालवसाली | | | लक्षित क्षेत्र, वर्ग तथा समुदायमा वित्तीय सेवा र सुविधाको सहज पहुँच बृद्धि हुनेछ। |
| ३ | कर शिक्षा तथा व्यवसाय योजना तर्जुमा तालिम | गाउँपालिकाको आम्दानी बृद्धि गर्न | सालवसाली | | | वर्षमा १ पटक हुनेछन् |
| ४ | सहकारी क्षमता विकास तथा लक्षित बर्ग केन्द्रित कार्यक्रम | लक्षित वर्गमा वित्तीय सेवा तथा सुविधाको पहुँच बृद्धि गर्ने | सालवसाली | | | लक्षित क्षेत्र, वर्ग तथा समुदायमा वित्तीय सेवा र सुविधाको सहज पहुँच बृद्धि हुनेछ। |

## ३.६.८ जोखिम पक्ष तथा अनुगमन

यस क्षेत्रको कार्यक्रम र आयोजना कार्यान्वयनमा सम्बन्धित निकाय बीच क्रियाशिल समन्वय, श्रोत व्यवस्थापन, योजना तर्जुमा र कार्यान्वयन र सेवा प्रवाहमा प्रभावकारिता बृद्धि हुनेछ | संघ, प्रदेश र स्थानीय सरकार, सहकारी, सहयोगी संस्था नीजि क्षेत्रसँगको समन्वय, सहकार्य, सेवा व्यवस्थापन र अन्य क्षेत्रसँग एकीकृत अनुगमन सहितको कार्य संचालन नभएमा अपेक्षित उपलब्ध हासिल नहुने जोखिम रहन्छ।

# परिच्छेद – ४

# सामाजिक विकास क्षेत्र

## ४.१ शिक्षा

### ४.१.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक विकास क्षेत्र अन्तर्गतको आधारभुत एबम् माध्यमिक शिक्षाको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ | राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रका जनताको शिक्षा तथा स्वास्थ्यमा पहुँच सुनिश्चिताका लागि निर्देशित गरेको छ भने सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ | राष्ट्रिय जनगणना २०७८ अनुसार समग्रमा गाउँपालिकाकोसाक्षरता दर ८१.७४ प्रतिशत रहेको छ। यसमा पुरुष साक्षरता दर ९१.०१ प्रतिशत र महिला साक्षरता दर करीव ७४.१८ प्रतिशत रहेको पाइन्छ । यसरी महिलाको तुलनामा पुरुषको साक्षरता अधिक देखिन्छ भने निरक्षरता दर करीव १८.२६प्रतिशत रहेको देखिन्छ। आधारभूत तहको खुद भर्नादर ९२ प्रतिशत रहेको पाइन्छ । विद्यालय छाड्ने दर करीव १ प्रतिशत रहेको पाइन्छ । गाउँपालिकामा प्राप्त अभिलेख अनुसार कूल शिक्षकको संख्या २३० जना र विद्यार्थीहरुको संख्या ३५८५ जना रहेका पाइन्छ । त्यसैगरी गाउँपालिका क्षेत्रभित्र कूल ३७ वटा विद्यालयहरु सञ्चालनमा रहेको पाइन्छ । त्यसमा ३० वटा सामुदायिक र ७ वटा संस्थागत विद्यालयहरु रहेका छन । गाउँपालिकाको पाश्र्वचित्र २०७५ अनुसार वालविकास केन्द्र ३९ वटा, प्रावि १६, निमावि १२, मावि ३ र उच्चमावि ७ वटा रहेको पाइन्छ । उपरोक्त विद्यालयहरुमा वालविकास केन्द्रमा छात्रतर्फ ३८२ र छात्रतर्फ ३१२ गरी कूल ६९४ जना र कक्षा १ देखि १२ सम्म कूल ३८७० जना विद्यार्थीहरु मध्ये छात्रतर्फ १९६८ र छात्रा तर्फ १९०२ जना अध्ययनरत रहेको पाइन्छ ।

### ४.१.२ संभावना र अवसर

- उमेर समूहका प्रायः सवै वालवालिकाहरुको विद्यालयमा पहुँच
- शिक्षामा लगानी गर्न निजी क्षेत्र आकर्षित
- वालवालिकालाई गुणस्तरीय, व्यवहारिक शिक्षा दिनुपर्नेमा अभिभावकहरु सचेत एवं आवश्यक रकम खर्चिन तयार
- विद्यालयहरुमा आइसिटि, सिसिक्यारा, डिजिटल उपकरण, विज्ञान प्रयोगशाला, पुस्तकालयको व्यवस्था हुँदै
- विद्यालयहरुमा दिवाखाजा, सेनिटरी प्याड, नर्ससेवाको व्यवस्था
- तालिम प्राप्त, विषयगत शिक्षकको व्यवस्था, दरवन्दी मिलान
- स्थानीय पाठ्याक्रम निर्माण भई कार्यान्वयनमा
- विद्यालयसंग नगरपालिका, नगर शिक्षा योजना, विद्यालय सुधार योजना कार्यक्रमहरु सञ्चालनमा रहेको
- विद्यार्थी भर्नादर करीव ९९ प्रतिशत भन्दा वढी
- विद्यमान शिक्षण संस्थाहरूको थप स्तरोन्नति गर्न सकिने,
- माध्यमिक तहमा कम्प्युटर शिक्षा तथा गाउँपालिकामा आवश्यक जनशक्ति उत्पादन गर्न तद्अनुरूपका कार्यक्रम सञ्चालन गर्न विद्यालयहरूलाई प्रोत्साहन गर्न सकिने,

- सम्पूर्ण विद्यालयहरूमा आवश्यक मात्रामा शैक्षिक सामग्रीहरूको थप व्यवस्था, पुस्तकालय तथा विज्ञान र कम्प्युटर प्रयोगशालाको व्यवस्था गरी व्यावहारिक शिक्षा प्रदान गर्न सकिने ।

## ४.१.३ समस्या र चुनौती

- विद्यालयमा अतिरिक्त क्रियाकलाप लगायत आधारभूत भौतिक पूर्वाधारहरुको कमि र वालवालिका, अपाङ्गतामैत्री पूर्वाधारहरु, शैक्षिक सामाग्री, पुस्तकालय र प्रयोगशालाको कमि
- विद्यालय, विद्यार्थी र अभिभावकहरु वीच सम्वादको अभाव
- आपतकालीन अवस्थामा वैकल्पिक माध्यमवाट सिकाइलाई निरन्तरता दिन नसक्नु
- सिकाइ उपलव्धि दर न्यून
- उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउनु र टिकाइ राख्नु
- शिक्षालाई गुणस्तरीय, व्यवहारिक, प्राविधिमैत्री वनाउनु र माग अनुसारका सीपयुक्त जनशक्ति विकास गर्नु
- माध्यामिक तह (११—१२) लाई निःशुल्क शिक्षा प्रदान गर्नु
- विद्यालयहरूमा विद्यार्थीको अनुपातमा शिक्षक दरवन्दी आवश्यक दरबन्दी उपलब्ध नहुन र मिलान नगरिनु,
- विद्यालयमा विषयगत शिक्षकको कमी हुनुका साथै तल्लो तहमा दरवन्दी भएका शिक्षकले माथिल्ला कक्षामा पढाउनु पर्ने बाध्यता हुनु,
- उपयुक्त, व्यवस्थित र पर्याप्त खेलमैदानको व्यवस्था नभएको,
- लक्षित निरक्षर तथा सीमान्तकृत वर्गलाई विशेष शिक्षाको व्यवस्था नभएको,
- छोरीहरूले छोराहरू सरह शैक्षिक अवसरहरू प्राप्त गर्न पूर्णरूपमा अझै नसकेको,
- सबै बिद्यालयहरुमा छात्राहरुका लागि भेन्डिङ मेसिन सहितको सेनेटरि प्याडको व्यबस्था गर्ने,
- अधिकांश विद्यालयमा प्राथमिक उपचार कक्ष, पुस्तकालय, कम्प्युटर प्रयोगशाला, विज्ञान प्रयोगशाला र इन्टरनेट सुविधा नभएको,
- समग्र शैक्षिक समस्याहरू सम्बोधन गरी शैक्षिक संस्थाहरूलाई सुविधासम्पन्न बनाउन बजेटको व्यवस्था गर्नुपर्ने,
- शिक्षाको गुणस्तर सुधारमा व्यापक लगानी तथा प्रभावकारी कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने,
- सामुदायिक विद्यालयमा अंग्रेजी भाषाको माध्यमबाट पनि पठनपाठन गर्न प्रोत्साहन गर्नुपर्ने ।

## ४.१.४ विषय क्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### सोच

"सीपमुलक, व्यवसायिक र व्यवहारिक शिक्षामा गुणस्तर :आर्थिक, सामाजिक विकासमा रुपान्तरण"

### लक्ष्य

"गुणस्तरीय शिक्षामा सवैको पहुँच अभिवृद्धिगर्ने"।

### उद्देश्य

गाउँपालिकाको शिक्षा विकास उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छनः

१. शिक्षामा गतिगरिव, विपन्न तथा सीमान्तकृत वर्ग लगायत सवैको सहज पहुँच अभिवृद्धि र समावेशीता सुनिश्चित गर्नु ।

२. विद्यालयहरुमा आधारभूत भौतिक एवं शैक्षिक सुविधाको सुनिश्चितताबाट गुणस्तरीय, प्रयोगात्मक, व्यवहारिक, व्यवसायिक एवं प्राविधिक शिक्षा प्रदान गर्नु ।

### रणनीति

शिक्षा तथा प्रबिधि विकास उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ (आवधिक योजनाको रणनीति र कार्यनीतिको आधारमा तयार गरिएको) :

२. साक्षरता वृद्धि तथा उमेर समूहका वालवालिकाहरुलाई विद्यालयको पहुँचमा ल्याउने
३. शिक्षालाई सर्वसुलभ बनाउने
४. शिक्षाको गुणस्तरमा अभिवृद्धि गर्ने
५. शैक्षिक पूर्वाधारको व्यवस्थापन गर्ने
६. प्राविधिक जनशक्ति विकास गर्ने
७. आधारभूत शिक्षा सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

## ४.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

शिक्षा विकास उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.१.१ शिक्षा विकास उपक्षेत्रगत नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र बिषयगत शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| शिक्षा | | | | | |
| प्राविधिक शिक्षामा अध्ययनरत विद्यार्थी | संख्या | १२५ | १७६ | २१५ | २३० |
| विद्यालय विचमा छोड्ने दर | प्रतिशत | ०.१४ | ०.१२ | ०.१० | ०.८ |
| विद्यालय वाहिर रहेका (५–१५ वर्ष) बालबालिका | प्रतिशत | ० | ० | ० | ० |
| प्रारम्भिक बालकक्षामा अध्ययनरत ४–५ बर्षका बालबालिका | जना | ६१६ | ६८० | ७२० | ७८० |
| कक्षा ८ को निरन्तरता दर | प्रतिशत | १०० | १०० | १०० | १०० |
| कक्षा १० को निरन्तरता दर | प्रतिशत | १०० | १०० | १०० | १०० |
| साक्षरता डर | प्रतिशत | ८२ | ८५ | ९० | ९२ |
| आधारभूत तहमा खुद भर्ना दर | प्रतिशत | ९४ | ९५ | ९७ | ९९ |

### ४.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ४.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

शिक्षा विकास उपक्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.१.२ मा प्रस्तुत गरिएको छ । (आवधिक योजना तथा बिगत २ आर्थिक बर्षको बार्षिक बजेट तथा कार्यक्रमको आधारमा तयार गरिएको छ)

तालिका ४.१.२ शिक्षा विकास तर्फका कार्यक्रम/ आयोजनाको संक्षिप्त विवरण (स्रोतः आवधिक योजनामा समावेश गरिएका बिस्तृत क्रियाकलाप तथा आयोजनालाई एकीकृत गरि तयार गरिएको छ)

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवधि (शुरु र समाप्ती) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १.१ | विद्यालय भवन निर्माण, मर्मत तथा संरचना सुधार कार्यक्रम | सामुदायिक विद्यालयको आकर्षण वृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | सामुदायिक विद्यालयमा भौतिक पूर्वाधार विकास हुने |
| १.२ | प्रारम्भिक बाल विकास केन्द्र व्यवस्थापन कार्यक्रम | बालवालिकाको सिकाइ वातावरण तयार गर्ने | सालवसाली | | | बाल विकास केन्द्रहरु व्यवस्थित हुनेछन् |
| १.३ | सूचना प्रविधिमैत्री पठन-पाठन विस्तार कार्यक्रम | प्रविधिमैत्री विद्यालय तयार गर्न | सालवसाली | | | सवै विद्यालयहरु प्रविधिमैत्री हुनेछन् |
| १.४ | नमुना विद्यालय सञ्चालन कार्यक्रम | शैक्षिक गुणस्तर बृद्धि गर्ने | सालवसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | नमुना विद्यालय तयार हुनेछन् |
| १.५ | शैक्षिक गुणस्तर अभिबृद्धिको लागि सुधार कार्यक्रम | सिकाई उपलब्धी दर बृद्धि गर्ने | सालवसाली | | | सवै विद्यालयहरुको शैक्षिक गुणस्तर बृद्धि हुनेछन् । |
| १.६ | विद्यालय जनशक्ति व्यवस्थापन कार्यक्रम | विद्यालय शिक्षाको गुणस्तर बृद्धि गर्ने | सालवसाली | | | सवै विधालयमा आवश्यक जनशक्ति पुगेको हुनेछ । |
| १.७ | विद्यार्थी प्रोत्साहन कार्यक्रम | विधार्थीको निरन्तता दर बृद्धि गर्न | | | | विद्यार्थीको बिद्यालय टिकाउ दर र निरन्तरता बृद्धि हुनेछ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १.८ | प्रतिभा पहिचान तथा प्रोत्साहान कार्यक्रम | सिर्जनशीलताका साथै अध्ययनको प्रभावकारित बढाउने | सालबसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | बिद्यार्थी प्रतिभा प्रोत्साहित हुनेछन। |
| १.९ | शिक्षा क्षेत्र सालबसाली कार्यक्रम | शैक्षिक सेवा सुचारु गर्ने | सालवसाली | | | विद्यालय व्यवस्थित रुपमा संचालन हुनेछन् । |

### ४.१.८ जोखिम पक्ष तथा अनुगमन

शैक्षिक संस्थाहरुमा आबश्यक पर्याप्त भौतिक पूर्वाधार विकास र दक्ष जनशक्तिको उपलब्धता सहित गुणस्तरीय, प्रबिधिमैत्री, रोजगारमुलक, जिवनउपयोगी, प्रतिष्पर्धी शिक्षा प्रणाली विकास गर्नु आजको मुख्य चुनौती रहेको छ|

आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सुबिधा अझैसम्म पनि सवै वर्ग, समुदाय र क्षेत्रका जनतामा सहज, सुलभ तथा सरल रुपमा पुग्न सकेको छैन। माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ४.२ जनस्वास्थ्य तथा पोषण

### ४.२.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक विकास क्षेत्र अन्तर्गतको आधारभुत स्वास्थ्य तथा पोषणको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ | राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा सबै वर्ग तथा क्षेत्रका जनताको शिक्षा तथा स्वास्थ्यमा पहुँच सुनिश्चिताका लागि निर्देशित गरेको छ भने सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ ।

अधिकांश स्थानीयहरुलाई स्वास्थ्य सेवामा सहज र सुलभ पहुँच पुग्न सकेको छैन । ३० मिनेटको पैदल दुरीमा स्वास्थ्य सेवा उपलव्ध हुने क्षेत्रहरु सीमित छन। विरामी हुँदा पहिले स्वास्थ्य संस्थाहरुमा जाने, प्रसुती सेवा र स्वास्थ्य संस्थामा प्रसुती गराउने अभ्यासमा सुधार क्रमिक रुपमा आउन थालेको पाइन्छ । गाउँगाउँपालिका पाश्र्वचित्र, २०७५ अनुसार गाउँपालिका क्षेत्रभित्र ९ वटा स्वास्थ्य चौकी सञ्चालनमा छन । त्यसैगरी सामुदायिक स्वास्थ्य इकाइ र आयुर्वेदि केन्द्र १–१ वटा छन । त्यसैगरी २९ वटा गाउँघर क्लिनिक, २७ वटा खोप क्लिनिकहरु क्रियाशील रहेका छन । स्वास्थ्य चौकीहरु मध्ये ७ वटाको आफ्नै तथा पक्की भवनहरु छन र विद्युत र शौचालयसेवा समेत उपलव्ध रहेको तर खानेपानी एवं इण्टरनेट सेवा ४ वटा स्वास्थ्य चौकीमा मात्रै उपलव्ध हुन सकेको पाइन्छ । त्यसैगरी २ वटा स्वास्थ्य चौकीमा ल्याव सेवा र ४ वटा स्वास्थ्य चौकीमा वर्थिङ सेवा सञ्चालनमा रहेको देखिन्छ भने १५ शैयाको गाउँपालिका स्तरीय अस्पताल निर्माणधीन अवस्था रहेको छ ।

### ४.२.२ संभावना र अवसर

- लुम्बिनी प्रदेशमा प्रख्यात तानसेन मिसन हस्पिटल नजिकै अवस्थित
- आयुर्वेद औषधोपचारका लागि वहुमूल्यका जडीवुटीहरुको सहज उपलव्धता
- १३ वटा स्वास्थ्य संस्थाहरु (स्वास्थ्य चौकी, आधारभूत स्वास्थ्य सेवा केन्द्र, सामुदायिक स्वास्थ्य इकाइ) क्रियाशील
- ३६ वटा खोप केन्द्र, १५ वटा गाउँघर क्लिनिक सञ्चालनमा
- सामुदायिक विद्यालय स्वास्थ्य तथा नर्स सेवा शुरुवात गरिएको
- प्रसुती सेवा, स्वास्थ्य संस्थामा प्रसुती गराउने अभ्यास वृद्धि
- पोषण सम्वन्धी वहिरङ्ग उपचार केन्द्र सञ्चालनमा
- एम्वुलेन्स सेवा सञ्चालनमा
- ज्येष्ठ नागरिक र सुत्केरी स्वास्थ्य जाँच परीक्षण सञ्चालनमा
- महिला स्वास्थ्य स्वयंसेवीकालाई थप तथा सबलीकरण गर्न उत्कृष्ट महिला स्वास्थ्य स्वयंसेवीकालाई सम्मान गर्ने कार्यक्रम सन्चालन गर्न सकिने ।

### ४.२.३ समस्या र चुनौती

- आपतकालीन ठुलो स्तरको उपचार सेवाको कमी,
- जटिल रोगको उपचार तथा शल्यक्रिया सेवा आदि उपलब्ध नभएको,

- स्वास्थ्य संस्थाहरुको स्तरोन्नति –जनशक्ति, मेशिनउपकरण) पूर्वाधार (शुध्द खानेपानी, इण्टरनेट..) कमि र संस्था अपर्याप्त
- दक्ष, अनुभवी एवं विशेषज्ञ जनशक्तिको अभाव
- सरकारले सूचीकृत गरेको निःशुल्क औषधीहरुको अभाव
- एम्वुलेन्स सेवा सवै वडाहरुमा सर्वसुलभ हुन नसकेको
- आयुर्वेद, वैकल्पिक चिकित्सालय, योगा सञ्चालनमा नआउनु
- पौष्टिक आहार सम्वन्धी –जङ्क फुडको नकरात्मक असर) सचेतना कार्यक्रम प्रभावकारी हुन नसक्नु
- आपतकालीन स्वास्थ्य सेवा प्रदान गर्नु
- जटिल प्रकृतिका स्वास्थ्य उपचार उपलव्ध गराउनु
- भौतिक एवं प्राविधिक रुपमा महामारीहरुको सामना गर्ने संयन्त्र, उपकरण, पूर्वाधार र जनशक्तिको व्यवस्था गर्नु
- झाडापखला, दम, निमोनिय, प्राणघातक जस्ता रोगहरुको नियन्त्रण तथा निवारण गर्नु

## ४.२.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### सोच

"समृद्ध र स्वस्थ जीवनः गुणस्तरीय स्वास्थ्य र पोषण"

### लक्ष्य

"स्वास्थ्य सेवामा सहज पहुँच अभिवृद्धि हुँदै सेवामा गुणस्तरीयता पहुँच बृद्धि गरी गाउँपालिकावासीको स्वास्थ्य स्थितीमा सुधार ल्याउने"

### उद्देश्य

गाउँपालिकाको स्वास्थ्य तथा पोषण उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन

१. प्राकृतिक एवं वैकल्पिक चिकित्सा पद्धतिको प्रवद्र्घन एवं स्वास्थ्य संस्थाहरुको क्षमता अभिवृद्धि गर्नु
२. आधारभूत एवं गुणस्तरीय स्वास्थ्य सेवामा सहज पहुँच वृद्धिवाट नागरिकको स्वास्थ्य अवस्थामा सुधार ल्याउनु

### रणनीति

स्वास्थ्य तथा पोषण उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछ (आवधिक योजनाको रणनीति तथा कार्यनीतिको आधारमा तयार गरिएको):

१ स्वास्थ्य बिमा कार्यक्रमलाई प्रभावकारी बनाइ विस्तार गर्नुका साथै बिपन्न नागरिकको बिमा गर्ने ।
२ स्वास्थ्य सम्बन्धी चेतना अभिवृद्धि तथा रोग न्यूनीकरण गर्ने
३ स्वास्थ्य सेवा विस्तार गर्ने
४ स्वास्थ्य सेवामा पहुँच सुनिश्चित तथा गुणस्तर वृद्धि गर्ने
५ आपतकालीन तथा आकस्मिक स्वास्थ्य सेवा सञ्चालन गर्ने
६ स्वास्थ्य सेवा सम्बन्धी नीति तर्जुमा तथा योजनाको कार्यान्वयन गर्ने
७ जनस्वास्थ्य प्रवद्र्धनका लागि समुदायस्तर सम्मको संरचना र कार्यक्रमलाई प्रभावकारी गराउने ।

८ पूर्ण खोपको सुनिस्चितता गर्ने ।

### ४.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

जनस्वास्थ्य तथा पोषण उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.२.१ जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना तथा बिषयगत शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८०/८१ | ०८१/८२ | ०८२/८३ |
| स्वास्थ्य ताथ पोषण | | | | | |
| कम तौल भएका ५ बर्षमूनीका बालबालिका | जना | ४३ | ३५ | २५ | १८ |
| पूर्व प्रसूति सेवा ४ पटक प्राप्त गर्ने गर्भवती | प्रतिशत | ९३ | ९६ | ९८ | ९९ |
| झाडापखालाको संक्रमण दर (प्रति हजारमा) | जना | ७६ | ५० | ४० | १५ |
| स्वाशप्रश्वासको संक्रमण दर (प्रति हजारमा) | जना | ३७ | २० | १० | ५ |
| परिवार नियोजनका साधनको प्रयोग दर | प्रतिशत | १९ | २५ | ३५ | ४० |
| ३० मि.को दुरीमा स्वास्थ्य संस्थामा पहुँच भएको जनसंख्या | प्रतिशत | ६० | ७० | ७५ | ८० |
| सबै प्रकारका खोप लिएका बालबालिका | प्रतिशत | ८५ | ९० | ९५ | १०० |

### ४.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ४.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

जनस्वास्थ्य तथा पोषण उपक्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.२.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ४.२.२ **जनस्वास्थ्य तथा पोषण तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण (आवधिक योजना तथा बिगत २ आर्थिक बर्षको बजेट तथा कार्यक्रमको आधारमा तयार गरिएको )**

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्य क्रम अवधि (शुरु र समाप्ती) | अनुमानित लाग(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | स्वास्थ्य संस्था सुदृढिकरण तथा स्वास्थ्य पूर्वाधार निर्माण कार्यक्रम | स्वास्थ्य सेवालाई व्यवस्थित तथा सहज बनाउन | निरन्तर | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | आवश्यकता अनुसार स्वास्थ्य संस्थाहरु निर्माण हुनेछन् । |
| २ | स्वास्थ्य सेवा प्रवद्र्धन कार्यक्रम | स्वास्थ्य सेवा दिगो, सुपथ र सहँज बनाउन | सालवसाली | | | गाउँगाउँपालिका वासीलाइ स्वास्थ्य सेवा लिन सहँज हुनेछ । |
| ३ | पोषण सुधार कार्यक्रम | मातृ तथा नवजात स्वास्थ्य सुधार गर्न | सालवसाली | | | गाउँपालिकामा ५० प्रतिशतले पोषणमा सुधार भएको हुनेछ । |
| ४ | स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन कार्यक्रम | व्यवस्थित तथा सुलभ सेवा प्रवाह गर्न | सालवसाली | | | सबै स्वास्थ्य संस्था जनशक्ति व्यवस्थापन भएको हुनेछ । |
| ५ | लक्षित वर्ग स्वास्थ्य सेवा कार्यक्रम | स्वास्थ्य सेवामा सबैको सहज पहुँच बृद्धि गर्न | सालवसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | सबै वडामा विपन्न तथा जेष्ठ नागरिक स्वास्थ्य सेवा कार्यक्रम सञ्चालन हुनेछ । |
| ६ | मातृशिसु तथा गर्भवती स्याहार कार्यक्रम | मातृ स्वास्थ्य सुधार गर्न | सालवसाली | | | सुरक्षित मातृत्व र पोषण सेवा २५ प्रतिशतले बृद्धि हुनेछ । |
| ७ | विद्यालय नर्स कार्यक्रम | स्वास्थ्यमैत्री विद्यालय निर्माण गर्न | सालवसाली | | | विद्यालयमा नर्सको व्यवस्था हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ८ | महामारी नियन्त्रण पूर्वतयारी | सजह स्वास्थ्य उपाचार अभिबृद्धि गर्न | सालवसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | महामारी नियन्त्रण पूर्वतयारी युनिट तयार हुनेछ । |
| ९ | स्वास्थ्य विमा प्रवद्र्धन | जडिबुटीको प्रयोग बढाउने | सालवसाली | | | ८५ प्रतिशत नागरिकले स्वास्थ्य बिमा गरेका हुनेछन् |
| १० | परिवार नियोजन सेवा विस्तार कार्यक्रम | सवै वर्गको स्वास्थ्यमा सहज पहुँच बृद्धि गर्न | सालवसाली | | | परिवार नियोजनको साधन प्रयोगमा बृद्धि हनेछ । |
| ११ | बाल स्वास्थ्य सुधार कार्यक्रम | साधन प्रयोगमा बृद्धि गर्न | सालवसाली | | | सवै वडामा सञ्चालन हुनेछन् । |
| १२ | स्वास्थ्य सेवासँग सम्बन्धित बिबिध सालवसाली कार्यक्रम सशर्त समेत | सवै प्रकारको स्वास्थ्य सेवा उपलब्ध गराउन | सालवसाली | | | स्वास्थ्य सेवा सहज र गुणस्तरीय भएको हुनेछ। |

## ५.१.८ जोखिम पक्ष तथा अनुमान

आधारभूत तथा गुणस्तरीय स्वास्थ्य सुविधा अझैसम्म पनि सवै वर्ग, समुदाय र क्षेत्रका जनतामा सहज, सुलभ तथा सरल रुपमा पुग्न सकेको छैन। बढ्दो अव्यवस्थित शहरीकरणका कारण एकातिर सरूवा रोगको नियन्त्रणमा चुनौती रहेको छ भने बदि्लदो खानपान र जीवनशैलीका कारण नसर्ने रोगको भार बढदो छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हासिल नहुन सक्छ।

## ४.३ खानेपानी तथा सरसफाई

### ४.३.१ पृष्ठभूमि

राष्ट्रिय जनगणना, २०७८ अनुसार कूल घरधुरी ५११५ मध्ये करीव ४७.२३ प्रतिशत अर्थात २४१६घरधुरीमा पाइपलाइनको निजीधारा जडान भएको पाइन्छ । यस अनुसार अझैपनि करीव ५२.७७ प्रतिशत घरधुरीमा खानेपानीको निजी धारा उपलव्ध हुन वाँकी रहेको देखिन्छ । त्यसैगरी सार्वजनिक धारावाट खानेपानी उपभोग गर्ने घरधुरी संख्या २१८१ अर्थात करीव ४२.६३ प्रतिशत र कुवावाट खानेपानी उपभोग गर्ने घरधुरी संख्या करिब ५ प्रतिशत रहेको छ । यसरी सुरक्षित खानेपानी उपभोग गर्ने कूल घरधुरीमा करीव ८९.९७ प्रतिशत रहेको देखिन्छ भने असुरक्षित खुल्ला कुवा, ढुङ्गेधारा एवं नदीखोलावाट खानेपानी उपभोग गर्ने घरधुरी संख्या करीव १०.०३ प्रतिशत रहेको देखिन्छ । यस मध्ये कुवा, ढुङ्गेधारा एवं नदीखोलावाट खानेपानी उपभोग गर्दै आएको देखिन्छ ।राष्ट्रिय जनगणना २०७८ अनुसार करीव ९९.०३ प्रतिशत घरधुरीमा शौचालयको सुविधा उपलव्ध भएको देखिन्छ । यस अन्तर्गत ढल सहित सुविधा भएको, सेफ्टिटयाङ्की र खाल्डे शौचालय हरु पर्दछन । करीव ३.४ प्रतिशत घरधुरीमा ढल सहितको शौचालय रहेको र अधिकांश घरधुरीमा सेफ्टिटयाङ्की भएको शौचालय रहेको पाइन्छ।गाउँपालिका क्षेत्रभित्र विभिन्न स्थानहरुमा गरी जम्मा १४ वटा सार्वजनिक शौचालय रहको पाइन्छ ।

### ४.३.२ संभावना र अवसर

- विभिन्न खोलाको जलस्रोतको उपलब्धता हुनु,
- प्रदेश र सघिय सरकारले खानेपानी आयोजनाको लागि बजेट छुट्याएको,
- दुर्वाङ्ग, खाकावेशी, झिमरुक, छिर्लिङ, साउने र लम्ची खोला जस्ता खानेपानीका श्रोतको उपलव्धता
- खानेपानी उपभोक्ता समितिहरु क्रियाशील रहेको
- घरधुरीमा पाइपलाइनवाट वितरित खानेपानी आपूर्ति भएको
- खानेपानी आयोजना, पानी मुहान संरक्षण कार्यक्रम सञ्चालनमा रहेको
- खानेपानीका लागि लिफ्ट प्रणाली प्रयोगमा ल्याइएको
- सरसफाइ अभियान सञ्चालन हुँदै आएको, घरघरवाट फोहोर सङ्कलन गर्ने अभ्यास हुँदै (सीमित क्षेत्रमा)
- प्रायः सवै घरमा शौचालयको व्यवस्था भएको

### ४.३.३ समस्या र चुनौती

- प्रचुर मात्रामा जल स्रोतको उपलब्धता भए तापनि पिउने पानी शुद्धीकरण गरी पिउने उचित प्रबन्ध नभएको,
- खानेपानीका पाइपहरु जीर्ण हुनु र मर्मत सम्भार नहुनु
- भौतिक संरचनाहरु निर्माणमा समन्वयको अभाव, पाइपलाइन फुट्नु तथा पानी मुहान पुरिनु
- नसड्ने नगल्ने, प्लाष्टिकजन्य सिसि आदिको सङ्कलन, तथा सुरक्षित र दिगो विसर्जनको अभाव
- खानेपानी मुहानहरुको दिगो उपयोग तथा संरक्षण गर्नु
- फोहोरमैला संकलन केन्द्र तथा ल्याण्डफिल साइटको व्यवस्था भइ नसकेको,
- सार्वजनिक स्थलमा शौचालयको व्यवस्था नभएको,

- विशेष गरी सघन बस्तीमा रहेका बजार केन्द्रहरूमा सडकहरूमा नाला व्यवस्थापन हुन नसकेको,
- कच्ची सडकका कारण धुलोले गर्दा वायु प्रदूषण हुने गरेको,
- फोहोर व्यवस्थापनको ठोस योजना नबन्दा विशेषगरी बजार क्षेत्रमा दीर्घकालीन हिसाबले जटिलता सिर्जना हुन सक्ने ।

## ४.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### सोच

"स्वच्छ, सुरक्षित खानेपानी र सरसफाइ"

### लक्ष्य

"नियमित खानेपानीको उपलव्धता र सरसफाइमा पूर्णता"

### उद्धेश्य

गाउँपालिकाको खानेपानी तथा सरसफाई उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन:

१. सुरक्षित खानेपानीमा नागरिक सवैको सहज पहुँच अभिवृद्धि गर्दै नियमित रुपमा उपलव्ध गर्नु
२. स्थानीयहरुको सहभागितामा फोहोरमैला तथा सरसफाईको व्यवस्थापनवाट स्वच्छ र सफा वातावरण कायम राखु।

### रणनीति

खानेपानी तथा सरसफाई उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

१. स्वच्छ र सुरक्षित खानेपानीमा सवैको पहुँच वृद्धि गर्ने
२. व्यवस्थित सरसफाइ र फोहोरमैलाको सुरक्षित विसर्जन
३. खानेपानी तथा सरसफाइ सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने
४. सरसफाइ सम्बन्धी जनचेतनामूलक कार्यक्रम सञ्चालन गरी हरेक घरपरिवारमा आधारभूत शौचालय तथा सरसफाइ सुविधाको व्यवस्था गर्ने ।

## ४.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

खानेपानी तथा सरसफाई उपक्षेत्रको विषय उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.३.१ खानेपानी तथा सरसफाई उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र बिषयगत शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/८५ |
| पाइपबाट वितरित निजि धाराको पानी प्रयोग गर्ने घरधुरी | संख्या | ५५ | ६० | ६५ | ७० |

| | | | | | |
|---|---|---|---|---|---|
| खानेपानी सुविधा उपलब्ध घरपरिवार | प्रतिशत | ९० | ९३ | ९५ | ९८ |
| सुरक्षित शौचालय भएका घरधुरी | प्रतिशत | ९५ | ९८ | ९९ | १०० |
| जोखिमयुक्त अवस्थामा साबुन पानीले हातधुने अभ्यास गर्ने घरपरिवार | प्रतिशत | ९८ | ९९ | १०० | १०० |
| फोहोर विसर्जन स्थल भएको घरपरिवार | प्रतिशत | २ | ४ | १० | १५ |
| फोहोर वर्गीकरण गरी विसर्जन गर्ने परिवार | प्रतिशत | २ | ५ | १० | १५ |

### ४.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ४.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

खानेपानी तथा सरसफाई उपक्षेत्रको आगामी ३ बर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.३.२ मा प्रस्तुत गरिएको छ ।(आवधिक योजनामा समाबेश गरिएका आयोजना तथा क्रियाकलापलाई एकीकृत तथा संश्लेषण गरी तयार गरिएको छ )

## तालिका ४.३.२ खानेपानी तथा सरसफाई उपक्षेत्रका कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवधि(शुरु र समाप्ती) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | खानेपानी आयोजना मर्मत तथा सुधार कार्यक्रम | सुरक्षित खानेपानी सुविधा सहज उपलब्ध गराउने | सालबसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | मौजुदा साना तथा ठूला आयोजनाको मर्मत सुधार भई सूचारु र दिगो हुनेछन् |
| २ | सार्वजनिक शौचालय निर्माण | पूर्ण सरसफाई र खुला दिशामुक्त क्षेत्र कायम राख्ने | निरन्तर | | | थप सार्वजनिक शौचालय निर्माण भई संचालन हुनेछ |
| ३ | खानेपानी गुणस्तर परिक्षण तथा सुधार | स्वच्छ खानपानीको व्यवस्था गर्ने | सालवसाली | | | घरपरिवारमा पानीको स्वक्ष खानेपानीको सहज रुपमा उपलब्ध हुनेछ |
| ४ | सरसफाई सचेतना कार्यक्रम | स्वच्छता र स्वच्छ व्यवहारको अभिबृद्धि गर्ने | सालवसाली | | | बार्षिक रुपमा समुदायको स्वस्फुर्त सहभागितामा कार्यक्रम संचालन हुनेछ |
| ५ | फोहोरमैला व्यवस्थापन | फोहोर विसर्जन परिमाण घटाउने र व्यवस्थापन सहज बनाउने | सालवसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | शहरी क्षेत्रमा बसोबास गर्ने घरपरिवारलाई उपयुक्त प्रविधि हस्तान्तरण हुनेछ । |
| ६ | सालवसाली कार्यक्रम सशर्त समेत | निरन्तर कार्यक्रम | सालवसाली | | | प्रत्येक वर्ष सञ्चालन हुनेछ । |

## ४.३.८ जोखिम पक्ष तथा अनुमान

प्रस्तावित कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यन्वयन मार्फत लक्षित उपलब्धि हासिल गर्न लागत प्रभावकारी कार्ययोजना तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ४.४ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण

### ४.४.१ पृष्ठभूमि

नेपालको संविधानले सामाजिक न्याय समावेशी प्रतिनिधित्वको हकलाई मौलिक हकको रुपमा प्रत्याभूत गरेको छ । राज्यको निर्देशक सिद्धान्त तथा नीतिमा सामाजिक, आर्थिक, भौगोलिक तथा सांस्कृतिक रुपले पिछडिएको वर्गको हितको लागि विशेष व्यवस्था गरेको छ। नेपालले लिएको दिगो विकास लक्ष्य अन्तरगत गुणस्तरीय शिक्षा, तथा स्वास्थ्य समुन्नत समाज, लैङ्गिक समानता, स्वच्छ खानेपानी तथा सरसफाई र असमानता न्यूनीकरणलाई समेत समावेश गरिएको छ।

गाउँपालिका अन्तर्गत वनेका समिति तथा उपसमितिहरुमा महिलाहरुको प्रतिनिधित्व हुँदै आएको पाइन्छ । गाउँपालिका क्षेत्रभित्र सवै वडाहरुमा आमा र महिला समूहहरु क्रियाशील छन । तर गाउँपालिकामा अनतरपार्टी महिला सञ्जालस्थापित हुन सकेको छैन । आमा समूह,महिला सञ्जाल एवं महिलाद्वारा सञ्चालित सहकारी संस्थाहरु क्रियाशील छन । गाउँपालिका क्षेत्रका महिलाहरु कृषि, पशुपंक्षी, स्वास्थ्य, इन्जिनियरिङ जस्ता प्राविधिक क्षेत्रमा कार्यरत छन । यसका साथै कृषक समूह, वन समूह, सहकारी, टोलसुधार समिति, खानेपानी उपभोक्त समितिहरु पनि महिलाहरुको उपस्थिति रहदै आएको पाइन्छ । त्यसैगरी महिला सशक्तीकरणका लागि उद्यम सञ्चालन कार्यक्रम र सीप अभिवृद्धि तालिम कार्यक्रमहरु पनि सञ्चालन भइरहेको पाइन्छ। त्यसैगरी वालवालिकाको वालसञ्जाल, वालक्लव, वडास्तरीय वाल संरक्षण समिति, स्वास्थ्य चौकी एवं विद्यालय व्यवस्थापन समितिमा वाल प्रतिनिधित्व हुँदै आएको छ भने वालमैत्री गाउँपालिका घोषणा समेत गरिएको छ ।

### ४.४.२ संभावना र अवसर

- महिला सशक्तीकरण हुँदै, निर्णायक तह नगरसभामा महिलाको वाक्लो उपस्थिति
- गाउँसभामा आदिवासी जनजातिहरुको प्रतिनिधित्व रहेको
- महिला समूह, आमा समूह, महिला सहकारी जस्ता संस्थाहरु क्रियाशील रहेको
- वाल क्लव, अपाङ्गताको क्लव, वृद्धक्लवहरु गठन भएको
- सामाजिक सुरक्षा कार्यक्रमवाट लाभान्वित जनसंख्या अधिक
- उद्यमशीलता तथा व्यवसायिक सीप विकास तालिमहरु सञ्चालन र लाभान्वितहरुको संख्या अधिक
- रोजगारीता, पेशा एवं व्यवसायहरुमा महिला उपस्थिति
- अपाङ्गत क्लव, अपाङ्गतहरुको सशक्तीकरणका लागि क्षमता विकास कार्यक्रमहरु सञ्चालन
- लक्षित वर्गको उत्थानका लागि वर्षिने वजेट विनिोजन भएको
- ज्येष्ठ नागरिक स्वास्थ्य परीक्षण, सम्मान कार्यक्रम सञ्चालन हुँदै आएको
- अपाङ्गत भएका, ज्येष्ठ नागरिक सम्मान कार्यक्रम सञ्चालन

### ४.४.३ समस्या र चुनौती

- सार्वजनिक भवन एवं पूर्वाधारहरु बालमैत्री, अपाङ्गतामैत्री एवं महिलामैत्री हुन नसक्नु

- ज्येष्ठ नागरिक हेरचाह केन्द्र सञ्चालन नहुनु
- विपन्न वर्ग, दलितहरुको आर्थिक सामाजिक स्तरोन्नतिका लागि स्व÷रोजगारीमूलक कार्यक्रमहरु कार्यान्वयन नहुनु
- महिलाहरुमा उद्यमशिलता बिकासका लागि क्षमता अभिवृद्धि, अनुदान, सहुलियत दरमा ऋण व्यवस्था नहुनु
- अपाङ्गत भएकाहरुको लागि शारिरीक एवं मानसिक विकास सम्वन्धी कार्यक्रम तथा पठनपाठनका लागि अलग्गै व्यवस्था नहुनु
- वालविवाह एवं वहुविवाह नियन्त्रण गर्नु
- लैङ्गिक हिंसा, भेदभाव, छुवाछुत जस्ता सामाजिक कुरीतिहरुको नियन्त्रण गर्नु
- अपाङ्गता भएकाहरुलाई स्वरोजगार वनाउनु
- महिलाहरुमा गुणात्मक क्षमता विकास गर्दै निर्णय तहमा उनीहरुको अर्थपूर्ण सहभागिता वृद्धि गर्नु
- वसाइ सराइ नियन्त्रण गर्नु
- बालमैत्री, ज्येष्ठ नागरिकमैत्री, अपाङ्गमैत्री तथा महिलामैत्री संरचनाहरू निर्माण गर्नुपर्ने ।

### ४.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"विभेदरहित, समतामुलक सभ्य समाजको निर्माण"

**लक्ष्य**

"सवै लक्षित वर्गलाई सशक्तीकरण, मूलप्रवाहीकरण, समावेशीकरण गर्दै समतामूलकको सुनिश्चितता" |

**उद्देश्य**

गाउँपालिकाको महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

१. महिला, वालवालिका, ज्येष्ठ नागरिक, दलित, अपाङ्गता भएका, सीमान्तकृत एवं अति विपन्न वर्ग, समुदायको क्षमता विकास, सशक्तीकरण र लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको सुनिश्चितता गर्नु

२. वर्गीय तथा जातीय विभेदको अन्त्य गर्दै निर्णय तथा नेतृत्व तहमा पहुँच अभिवृद्धिवाट सामाजिक न्याय सहितको समतामूलक समाज निर्माणमा सहयोग गर्नु

**रणनीति**

१ महिला सशक्तीकरण र समावेशीकरणमा जोड दिने

२ बालबालिकाको संरक्षण र सार्वजनिक तहलाई बालमैत्री बनाउने

३ ज्येष्ठ नागरिकहरुको सम्मान र संरक्षण गर्ने

४ अपाङ्गता भएका नागरिकहरुको संरक्षण र सशक्तीकरण गर्ने
५ दलित समुदायको सशक्तीकरण गर्ने
६ जनजाति समुदाय सशक्तीकरण गर्ने
७ लक्षित वर्ग तथा सामाजिक समावेशीकरण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

## ५.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना तथा सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/८५ |
| महिला, बालबालिका र सामाजिक समावेशीकरण | | | | | |
| नेतृत्वदायी पदमा महिला र लक्षित वर्गको प्रतिनिधित्व भएका स्थानीय समिति/संरचना | संख्या | १२ | १३ | १४ | १५ |
| सीपमुलक तालिम प्राप्त अपाङ्गता भएका व्यक्ति | प्रतिशत | १७ | २१ | २५ | २९ |
| व्यवसायिक सीपमूलक तालिम प्राप्त महिला(बार्षिक) | संख्या | २१० | २२५ | २४० | २५५ |

## ४.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ४.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.४.२ मा प्रस्तुत गरिएको छ । (आवधिक योजनामा समाबेश गरिएका आयोजना तथा क्रियाकलापलाई एकीकृत गरी तयार गरिएको)

## तालिका ४.४.२ महिला, बालबालिका तथा सामाजिक समावेशीकरण उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवध(शुरु र समासी) | अनुमानित लागत्(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | लक्षित वर्ग स्वरोजगार र आयमूलक कार्यक्रम (महिला, दलित, आर्थिक बिपन्न, अपांग तथा सिमान्तिकृत समुदायका नागरिक) | स्थानीय स्तरमा रोजगार सृजना गरी आय आर्जन वृद्धि गने | सालवसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | विभिन्न स्वरोजगार र आयमूलक कार्यक्रमबाट लक्षित वर्ग तथा समुदायका व्यक्तिहरु लाभान्वित हुनेछन् |
| २ | मानव बेचविखन अन्त्य, लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनिकरण कार्यक्रम | सवै प्रकारका हिंसाको अन्त्य गर्न | सालवसाली | | | मानव बेचविखन अन्त्य, लैङ्गिक हिंसा तथा घरेलु हिंसा न्यूनिकरण भएको हुनेछ |
| ३ | लक्षित बर्ग केन्द्रित बिभिन्न बार्षिक कार्यक्रम | भेदभावको अन्त्य गर्न र लक्षित बर्गको सशक्तिकरण गर्ने | सालवसाली | | | गाउँमा सवै प्रकारका भेदभावमा कमि आहेको हुनेछ । |
| ४ | बालमैत्री, ज्येस्ठ नागरिक मैत्री तथा अपांगमैत्री गाउँ कार्यक्रम | बाल विकास लगायत वाल अधिकारको संरक्षण गर्ने | सालवसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | बाल विकास केन्द्र, बाल कक्षा, ज्येस्ठ नागरिक सेवा केन्द्र, शारीरिक रुपमा असक्त नागरिक सेवा केन्द्र तथा मनोरञ्जनका क्रियाकलाप व्यवस्थित हुनेछन् |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ५ | लक्षित वर्ग सञ्जाल परिचालन तथा सामाजिक सुरक्षा कार्यक्रम संचालन | लक्षित सामुदायिक, सहकारी भवन, चौतारी, अध्ययन केन्द्र, पुस्तकालय आदी निर्माण गर्ने | सालवसाली | | | बार्षिक २ वटाका दरले भवन, चौतारी, केन्द्र वा पुस्तकालय निर्माण भई संचालन हुनेछन साथै लक्षित बर्ग लाभान्वित हुनेछन । |

### ४.४.८ जोखिम पक्ष तथा अनुगमन

माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

## ४.५ युवा तथा खेलकुद र नवप्रवर्तन

### ४.५.१ पृष्ठभूमि

राष्ट्रिय युवा नीति २०७२ अनुसार १६ देखि ३९ वर्ष उमेर समूहको जनसंख्यालाई युवा समूहमा राखिएको छ। राष्ट्र विकासको मूल प्रवाहमा युवाको समावेशिताका लागि युवाको हक हितको संरक्षण र सम्बर्धन गर्दै सक्षम र प्रतिस्पर्धि युवा, मानव संसाधन तयार गर्ने आजको युगको आवश्यकता हो। राष्ट्रिय जनगनना, २०७८ अनुसार यस वगनासकाली गाउँपालिकामा रहेका कुल जनसंख्या मध्ये १५ देखि ५९ वर्ष उमेर समूहको जनसंख्या सबैभन्दा धेरै (५८.३९ प्रतिसत) छ । गाउँपालिकाको खेलकुद तथा मनोरन्जनलाई विकास गरी बालबालिका तथा युवापुस्तलाई खेलकुदमा आकर्षण गर्नका लागि विभिन्न योजनाहरू तयार गर्नुपर्ने देखिन्छ । गाउँपालिकामा स्थानीय युवा क्लवको स्तरोन्नतिको लागि विभिन्न खेलकुद सामाग्रीको व्यवस्था गर्नुपर्ने, सामुदायिक रूपमा समन्वय गरी चिल्ड्रेन पार्कको व्यवस्था हुनपर्ने, खेलकुद प्याराफिट सहित खेलमैदान, वडा स्तरिय खेल मैदानमा आवश्यक चारैतिर पक्की नाली सहित माटो भरान, वडाका सबै क्लवहरूलाई खेलकुद सामाग्री उपलब्ध गराउने आदि जस्ता कार्यहरू खेलकुद विकासको लागि गर्नुपर्ने देखिन्छ । गाउँपालिकामा रहेका बालबालिका तथा युवाहरूमा रहेको खेलकुद प्रतिको रुचि मध्यनजर गर्दै गाउँपालिकामा रहेका संभावना पहिचान गरको खण्डमा राष्ट्रिय खेलकुदमा टेवा पुग्ने देखिन्छ ।

### ४.५.२ संभावना र अवसर

- शिक्षित, ऊर्जावान युवाहरुको उपस्थिति अधिक बह्येको
- खेलकुद तर्फ युवाहरुको आकर्षण वढ्दो
- युवाक्लवहरु दर्ता भई क्रियाशील रहेका
- स्थानीय संरचनामा युवाहरुको आवद्धता वढ्दोक्रममा रहेको
- स्वरोजगारीमूलक व्यवसायिक सीप तालिम, क्षमता विकास कार्यक्रमहरु सञ्चालन हुँदै आएको
- गाउँपालिकाको विभिन्न स्थानमा खेलकुद मैदानको व्यवस्था
- गाउँपालिका स्तरीय खेलकुद प्रतियोगिता सञ्चालन
- प्रधानमन्त्री तथा युवा स्वरोजगार कार्यक्रमवाट ठूलो संख्यामा लाभान्वित
- खेल पूर्वाधारको विकास मार्फत विभिन्न खेल प्रतियोगिताहरू आयोजना गरी खेलकुद पर्यटनको विकास गर्न सकिने सम्भावना रहेको।

### ४.५.३ समस्या र चुनौती

- वेरोजगार युवाहरुलाई अनुदान तथा सस्तो दरमा ऋण सुविधा उपलव्ध गराई रोजगारीमूलक कार्यक्रम सञ्चालन हुन नसक्नु
- वैदेशिक रोजगारीवाट फर्केका युवाहरु स्वरोजगारीमा आवद्ध हुन नसक्नु
- सुविधायुक्त खेलमैदान (कभरहल) नहुनु
- खेलाडीहरुको उचित सम्मान र सहयोग उपलव्ध हुन नसक्नु
- युवाहरुको आर्थिक, सामाजिक एवं राजनीतिक क्षेत्रमा अर्थपूर्ण उपस्थितिमा अभिवृद्धि ल्याउनु
- युवाहरुको विदेश तथा शहरीतर्फको पलायनलाई रोक्नु

- रैथाने स्थानीय खेलहरु डन्डिवियो, कबड्डी, गट्टा खेलहरु प्रवद्र्घन गर्नु

## ४.५.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालिन सोच

"सवल, सक्षम र व्यवसायिक युवा जनशक्ति"

### लक्ष्य

"व्यवसायिक युवाहरुको विकासवाट व्यवसायिक खेलकुदको विकास भएको हुने गर्ने।"

### उद्देश्य

गाउँपालिकाको युवा तथा खेलकुद र नवप्रवर्तन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

- युवाहरुमा क्षमता विकास, उद्यमशीलता एवं व्यवसायिकता विकासवाट रोजगारीका अवसरहरु सिर्जना भई सवै प्रकारका खेलकुदहरुको भौतिक पूर्वाधार तथा संरचनाको निर्माण गरी प्रतिस्पर्धी, प्रतिभाशाली युवा खेलाडीहरुको विकास गर्नु ।

### रणनीति

युवा तथा खेलकुद र नवप्रवर्तन उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

१. युवाहरुको क्षमता अभिवृद्धि तथा उद्यमशीलता बिकास गर्ने
२. बिकास निर्माणमा युवाहरुको सहभागिता अभिवृद्धि गर्ने
३. खेलकुद बिकासका लागि पूर्वाधार निर्माण र संस्थागत बिकास गर्ने

## ४.५.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

युवा तथा खेलकुद विकास उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ४.५.१ युवा तथा खेलकुद विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| सक्रिय युवाक्लब, सञ्जाल तथा संस्था | संख्या | १० | १२ | १५ | १७ |
| क्लब, सञ्जाल र संस्थामा आवद्ध युवा | प्रतिशत | ३१.७५ | ३५ | ४० | ४५ |
| कभर्ड हल तथा खेलकुद मैदान | संख्या | १० | १२ | १३ | १५ |
| जिल्ला, प्रदेश, राष्ट्रियस्तरमा प्रतिनिधित्व गर्ने खेलाडी | संख्या | ८ प्रदेश १०० जिल्ला | १२ प्रदेश ११० जिल्ला | १५ प्रदेश १२० जिल्ला | १८ प्रदेश १२५ जिल्ला |

### ४.५.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ४.५.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

युवा तथा खेलकुद विकास उपक्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.५.२ मा प्रस्तुत गरिएको छ । (आवधिक योजनामा समाबेश गरिएका आयोजना तथा क्रियाकलापलाई एकीकृत गरि तयार गरिएको छ )

तालिका ४.५.२ युवा तथा खेलकुद र नवप्रबर्तन विकास उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रम अवध(शुरु र समासी) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| ५.१ | युवा रोजगार प्रवद्र्धन कार्यक्रम | युवा रोजगारी सृजना गर्ने | सालवसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | करिब १५०० युवाहरु स्वरोजगार/रोजगार हुनेछन् ।प्रधानमन्त्री रोजगार कार्यक्रम समेत |
| ५.२ | खेलकुद पूर्वाधार विकास कार्यक्रम | गाउँपालिकामा खेलकुद विकास गर्न | सालवसाली | | | खेलकुद पूर्वाधार निर्माण र स्तरोन्नति हुने |
| ५.३ | खेलकुद आयोजना, खेलाडी उत्प्रेरणा तथा प्रतिभा प्रवद्र्धन कार्यक्रम | खेलकुद प्रबद्धन गर्न | सालवसाली | | | प्रत्येक वडामा खेलकुद आयोजना हुनेछ । |
| ५.४ | नवप्रबर्तनमा आधारित रोजगारी तथा ब्यबसाय संचालनको लागि प्रोत्साहन कार्यक्रम | युवाको उर्जा, सिप र क्षमताको उपयोग मार्फत गाउँपालिकाको समृद्धिमा टेवा पुर्याउने | सालवसाली | | | करिब ८० युवाहरु नवप्रबर्तनमा आधारित स्वरोजगार/रोजगार हुनेछन् ।प्रधानमन्त्री रोजगार कार्यक्रम समेत |

## ४.५.८ जोखिम पक्ष तथा अनुगमन

प्रस्तावित कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ।संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हासिल नहुन सक्छ ।

## ४.६ कला, भाषा, साहित्य र संस्कृति

### ४.६.१ पृष्ठभूमि

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन् । यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरू रहेका छन् भने त्यस्तै मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन् । सबै जातजाती र सम्प्रदायका आ–आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन् । जसमा वडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका, श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने–माघे स्रग्रान्ती, माघी, गोठधूप, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी–हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षावनधन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, गोठाले, श्री स्वस्थानी पूर्णिमा, नयाँ वर्ष सोह्रश्राद्ध जितीया, कूल–थानी पूजा, बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, सुवरात, ईद, वकरईद, नयाँ वर्ष, भ्यालेनटाईन डे आदि ।

### ४.६.२ संभावना र अवसर

१. जातिय विविधता, जातजातिहरुको सौहार्दपूर्ण वसोवास
२. विविध धर्मालम्वीहरुको मिश्रित स्थल
३. धर्म अनुसारको परम्परा, चाडपर्व, संस्कृतिमा अभ्यस्त
४. स्थानीय कला, भाषा, साहित्य, संस्कृतिमा आधारित कार्यक्रम सञ्चालन
५. मठ मन्दिरहरुको मर्मत सम्भार तथा स्तरोन्नति हुँदै आएको
६. मगर संस्कृतिमा आधारित सङ्ग्रहालय सञ्चालन

### ४.६.३ समस्या र चुनौती

७. कला, भाषा, संस्कृतिको जर्गेना, संरक्षण, प्रवद्र्धन नहुनु ।
८. साँस्कृतिक संरक्षण तथा प्रदर्शनी नहुनु ।
९. स्थानीय संस्कृतिमा आधारित पर्यटन प्रवद्र्घन तथा आयमूलक कार्यक्रम सञ्चालन नहुनु ।
१०. सबै लोपोन्मुख जातजातीको सांस्कृतिक केन्द्र स्थापना नहुनु ।
११. वैदेशिक एवं आयातित संस्कृति, भेषभुषा प्रति युवाहरुको वढ्दो आकर्षणलाई निरुत्साहित गर्नु ।
१२. स्थानीय भाषा, संस्कृति, चाडपर्वहरु लोपोन्मुख र पुस्ता हस्तान्तरण गर्नु ।

### ४.६.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**सोच**

"कला, भाषा, साहित्य संस्कृतिको संरक्षण र सम्वद्र्घनः जातजातिको पहिचान "

**लक्ष्य**

स्थानीय कला, भाषा, साहित्य र सँस्कृतिको संरक्षण र प्रवद्र्घन भएको हुने ।

**उद्देश्य**

गाउँपालिकाको कला, भाषा, साहित्य र संस्कृति उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छनः

१ परम्परागत, मौलिक एवं लोपोन्मुख कला, भाषा, साहित्य, संस्कृति तथा सम्पदाहरुको संरक्षण, सम्वद्र्घन तथा प्रवद्र्घनवाट स्थानीयहरुको पहिचान स्थापित गर्नु

### रणनीति

कला, भाषा, साहित्य र संस्कृति उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

१. मौलिक कला भाषा, संस्कृति र सम्पदाको संरक्षण र प्रवद्र्धन गर्ने
२. कला, भाषा, साहित्य र सम्पादन सम्बन्धी नीति र योजना कार्यान्वयन गर्ने
३. साँस्कृतिक, साहित्यिक भाषिक तथा कला सम्बन्धी पूर्वाधार निर्माण गर्ने ।

## ४.६.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

भाषा,कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिकाः ४.६.१ भाषा,कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य ( आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| कला, भाषा र साहित्य | | | | | |
| स्थानीय संस्कृति, कला, सम्पदा र साहित्य सम्बन्धी अध्ययन तथा अनुसन्धान | संख्या | ३ | ४ | ५ | ६ |
| व्यवस्थित रुपले संरक्षित ऐतिहासिक सार्वजनिक स्थल | संख्या | १२ | १४ | १६ | २० |
| स्थानीय कला, संस्कृति, सम्पदा, भाषा साहित्यमा आधारित प्रकाशन | संख्या | ३ | ४ | ५ | ६ |

## ४.६.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको त्रिबर्षीय अनुमान

सामाजिक विकास क्षेत्रको समग्र त्रिबर्षीय खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ४.६.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

भाषा, कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्रको आगामी तीन वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम, उद्देश्य तथा उपलब्धी सूचक देहायअनुसार तालिका ४.६.२ मा प्रस्तुत गरिएको छ । (आवधिक योजनामाछुटै विवरण नभएको हुँदा बिगत २ आर्थिक बर्षको बार्षिक बजेट तथा कार्यक्रमलाई आधार मानी यस उपक्षेत्र सम्बन्धी समाबेश कार्यक्रम तथा क्रियाकलापलाई एकीकृत गरी तयार गरिएको)

तालिका २.६.२ भाषा, कला, साहित्य तथा संस्कृति विकास उपक्षेत्र तर्फका कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना/कार्यक्रअवध (शुरु र समाप्ती) | अनुमानित लागत(रु हजारमा) | पुष्ट्याईं | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|---|
| १ | सांस्कृतिक, धार्मिक तथा ऐतिहासिक सम्पदा संरक्षण, प्रबर्धन तथा पहिचान | सम्पदाहरुको संरक्षण गर्ने | सालबसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | विद्यमान साँस्कृतिक धार्मिक तथा ऐतिहासिक सम्पदाहरुको संरक्षण, विकास, पहिचान, अध्ययन र अभिलेखन हुनेछ । |
| २ | मौलिक गीत, साहित्य तथा कला प्रतियोगिता र संरक्षण | मौलिक संस्कृतिको प्रवर्धन र प्रतिभा प्रस्फुटन गर्ने | सालबसाली | | | मौलिक संस्कृतिको प्रबर्धन र प्रतिभा प्रस्फुटन भएको हुनेछ |
| ३ | स्थानीय संस्कृतिको संरक्षण र प्रबर्द्धन कार्यक्रम | मौलिक संस्कृतिको प्रबर्धन | सालबसाली | | | मौलिक संस्कृतिको प्रबर्धन हुनेछ । |
| ४ | परम्परामा आधारित लोक संस्कृतिको पहिचान र संरक्षण | प्राचिन संस्कृतिको जगेर्ना हुने | सालबसाली | | | प्राचिन संस्कृतिको पहिचान र प्रचार प्रसार भएको हुनेछ |

## ४.६.८ जोखिम पक्ष तथा अनुगमन

माथि उल्लेखित समस्याहरू तथा चुनौतीहरूलाई सम्वोधन गर्न लागत प्रभावकारी कार्यक्रम तयार गरी लागू गरिनेछ। तिनै तहका सरकार, सरोकारवाला निकाय, अन्तर्राष्ट्रिय, राष्ट्रिय र स्थानीय गैर सरकारी तथा समुदायमा आधारित संस्थाहरु बीच समन्वय, सहकार्य, साझेदारी गरी उपलब्ध स्रोत साधनको उच्चतम परिचालन गरी प्रस्तावित कार्यक्रमको प्रभावकारी कार्यान्वयन भई अपेक्षित उपलब्धी हासिल हुने अपेक्षा गरिएको छ। संघीय संरचना अनुसार तर्जुमा हुनु पर्ने नीति, कानून, नियम, कार्यविधि, मापदण्ड, योजना, संस्थागत संयन्त्र तयार हुन नसकेमा तथा समयमा तयार नभएमा प्रस्तावित कार्यक्रमहरु कार्यान्वयन प्रभावित भई अपेक्षित उपलब्धी हालिल नहुन सक्छ ।

# परिच्छेद - ५
# पूर्वाधार विकास

## ५.१ सडक, पूल तथा यातायात

### ५.१.१ पृष्ठभूमि

सडक तथा यातायातलाई पूर्वाधार विकासको महत्वपूर्ण सूचक मानिन्छ । गाउँपालिकामा उपलव्ध अभिलेख अनुसार गाउँपालिका क्षेत्रभित्र कूल सडकको लम्वाइ १८५ किमि रहेको छ । मुख्य सडकको संख्या १६ वटा रहेको पाइन्छ भने प्रदेश एवं जिल्लालाई जाड्ने सडकको संख्या ८ र अन्तरगाउँपालिका जोड्ने सडकको संख्या २१ वटा रहेको छ।त्यसैगरी कृषि उपजहरुको ढुवानीका लागि गाउँपालिका भित्र विभिन्न स्थानहरुमा कृषि सडकहरु समेत निर्माण भएको पाइन्छ । नियमित रुपमा वार्है महिना सञ्चालन रहने सडकको संख्या १ वटा रहेको छ।एक अभिलेख अनुसार सडक यातायातमा पहुँच रहेको घरधुरी संख्या करीव ८० प्रतिशत रहेको देखिन्छ।तापनि वार्है महिना नियमित रुपमा सञ्चालनमा आउने सडकको संख्या न्यून पाइन्छ र सडक गुरुयोजना तर्जुमा हुन सकिरहेको छैन । गाउँपालिका क्षेत्रभित्रका ऐतिहासिक, पर्यटकीय स्थलहरु सम्म पुग्न सडक यातायात सेवाको उपलव्धता त्यति सहज छैन । सडक तथा यातायातको विकासले स्वास्थ्य तथा शिक्षा सेवामा पहुँच पुर्याउने, रोजगारी सिर्जना गर्ने, गरिबी न्यूनीकरण गर्ने र आर्थिक तथा सामाजिक विकासमा टेवा पुर्याउने हुदाँ समग्र क्षेत्रको उत्पादकत्व वृद्धि गर्छ ।

### ५.१.२ संभावना तथा अवसर

- प्रायः सवै वस्तीहरु सडक सञ्जालवाट जोडिएको
- अन्तरगाउँगाउँपालिका सडक सञ्जाल विस्तार भएको
- कल्भर्ट तथा मोटर पुल एवं झोलुङ्गे पुल निर्माण भएको
- गाउँगाउँपालिका कार्यालय र वडा कार्यालयहरु वीच सडक सञ्जाल स्थापित भएको
- नमुना तथा अनुकरणीय सडकहरु निर्माण भएको

### ५.१.३ समस्या र चुनौति

- योजनाबद्ध तथा दिगो विकास लक्ष्यका मापदण्ड अनुसार सडक सञ्जाल विस्तार नभएको,
- सडकहरु स्तरोन्नति नहुनु, सडक ग्रेड नमिलेको
- सडक संरक्षणका प्रविधिहरु दायाँवायाँ सडक नाली, वायो इन्जिनियरिङ नहुनु
- यातायात सडक गुरुयोजना निर्माण नहुनु
- सडक निर्माण गर्दा वातावरणीय प्रभाव मूल्याङ्कन तथा परीक्षण लगायत विस्तृत परियोजना प्रतिवेदन जस्ता पक्षहरुमा ध्यान नदिई सडक निर्माण गर्नु
- स्थानीय सडकमा प्रत्यक्ष लाभान्वितहरुको अपनत्व श्रृर्जना गर्नु
- गाउँगाउँपालिका क्षेत्रभित्रका सडक सञ्जालमा सार्वजनिक सवारी साधन नियमित रुपमा सञ्चालनमा ल्याउनु

- १२ है महिना नियमित रुपमा सडक सञ्चालनमा ल्याउनु

## ५.१.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालीन सोच

"गुणस्तरीय, सुरक्षित, वातावरणमैत्री सडक पूर्वाधार सहितको अन्तरआवद्धताको विकास"

### लक्ष्य

"सडक सञ्जालको विकासवाट सुलभ र भरपर्दो यातायात सेवा विस्तार भएको हुने"

### उद्देश्य

गाउँपालिकाको सडक,पूल तथा यातायात विकास उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

१. सुरक्षित र वातावरणमैत्री सडक यातायात पूर्वाधारको विकास, विस्तार एवं स्तरोन्नतिवाट आवागमनलाई सहज र व्यवस्थित गर्नु

२. सडक सञ्जालको विकासवाट अन्तर आवद्धता वढाउनु ।

### रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न यस उपक्षेत्र अन्तर्गत देहाय अनुसारका रणनीति अवलम्ब गरिनेछ:

१ यातायात पहुँचमा सुधार एवं सडक सञ्जाल बिकास गर्ने

२.सार्वजनिक यातायातलाई व्यवस्थित गर्ने

३.स्थानीय यातायात सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

४ दिगो तथा वातावरण मैत्री प्रविधि सहितको सडकको न्यूनतम मापदण्ड कार्यान्वयनमा ल्याइने ।

## ५.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

सडक,पूल तथा यातायात विकास उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६.१ सडक,पूल तथा यातायात विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना, बार्षिक बजेट तथा कार्यक्रममा समावेश आयोजनाको विश्लेषण र गाउँपालिकाको नीति तथा कार्यक्रम )

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| पक्की सडकमा पुग्न लाग्ने औषत समय (पैदल) | मिनेट | ६० | ५० | ३० | १० |
| १२ है महिना यातायात सुचारु सडक लम्बाई | कि.मि. | ४० | ४५ | ६० | ८० |
| पक्की सडक | कि.मि. | ३० | ३५ | ४० | ४५ |

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ |
| ग्राभेल सडक | कि.मि. | ४५ | ५५ | ७० | ८५ |
| धुले कच्ची सडक | | १९० | २१० | २३० | २५० |
| नियमित मर्मत संभार भएको सडक | संख्या | १० | १२ | १४ | १७ |

### ५.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

भौतिक पूर्वाधार विकास क्षेत्रको मध्यमकालीन अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ५.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सडक,पूल तथा यातायात विकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि सूचक देहाय अनुसार तालिका ५.१.२ मा प्रस्तुत गरिएको छ ।

तालिकाः ५.१.२ सडक, पुल तथा यातायात उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण (आबाधिक योजनामा समाबेश आयोजना तथा क्रियाकलापलाई समाबेश गरी एकीकृत गरिएको छ )

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजारमा) | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| १ | पक्की सडक निर्माण र स्तरोन्नति | गाउँपालिकाको भौतिक अवस्था र आवागमन व्यवस्थित गर्ने | निरन्तर | | प्राथमिकताक्रमको आधारमा गाउँ स्तरीय थप पक्की सडक निर्माण तथा स्तरोन्नति गर्ने |
| २ | संरचना सहित ग्राभेल सडक निर्माण | ग्रामीण वस्ती र उत्पादन र यातायातलाई सहज र व्यवस्थित बनाउने | निरन्तर | | प्राथमिकताको आधारमा सडक मापदण्ड अनुसार पूर्वाधार निर्माण गरी स्तरोन्नति भएको हुनेछ । |
| ३ | नयाँ ट्र्याक (सडक) निर्माण | गाउँको सवै स्थानमा सहँज यातायात पुर्याउन | सालबसाली | | गाउँका विभिन्न स्थानमा नयाँ सडक खोलिने छ |
| ४ | सडक पक्की पूल तथा कल्भर्ट निर्माण | आवागमन सहज र सुलभ बनाउने | सालबसाली | | मोटरेवल पुल तथा कल्भर्ट निर्माण भई आवागमन सहज हुने |
| ५ | सडक मर्मत तथा स्तरोन्नति कार्यक्रम | आवागमन सहज र अन्ताराबद्धता कायम गराउने | सालबसाली | | नियमित मर्मत सम्भार तथा स्तरोन्नतिले आवागमन सहज भएको हुनेछ । |

### ५.१.८ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना वैंक तयार गर्ने र आयोजना वैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ । यस प्रकार आयोजना छनौट र स्रोत विनियोजन नहुँदा गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न जग्गाको प्राप्ती, वन तथा वातावरणीय श्रोतको संरक्षण र विपद जोखिम न्यूनीकरणका कार्यक्रम समावेश गर्दा आयोजनाको लागत र समय बढन सक्ने जोखिम रहन्छ। जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने अवस्था समेत रहेको छ ।

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.२ आवास, वस्ती, भवन तथा शहरी विकास

### ५.२.१ पृष्ठभूमि

दिगो, सन्तुलित, फराकिलो र समाबेशी भौतिक पूर्वाधारको विकास बिना आर्थिक, सामाजिक विकास तथा गुणस्तरीय र सहज सेवा प्रबाह सुनिस्चित हुन सक्दैन। भौतिक पूर्वाधारको विकासले अन्तरआवद्धता र अन्तरसम्बन्ध विकास तथा विस्तार गरी सो मार्फत आर्थिक-सामाजिक विकासको नतिजा हासिल गर्न प्रत्यक्ष योगदान पुर्याउदछ।

गाउँपालिकावाट प्राप्त सूचना अनुसार गाउँगाउँपालिका क्षेत्रभित्र १०४ वस्तीहरु रहेका छन । वडागत रुपमा सवैभन्दा वढी वस्तीहरु भएका वडाहरुमा वडा नम्वर ६ र ३ रहेको देखिन्छ । यी वडाहरुमा क्रमशः २७ र २३ वस्तीहरु रहेको पाइन्छ भने न्यून वस्ती भएका वडाहरुमा वडा नम्वर ४ र सो पश्चात ५ रहेको देखिन्छ । प्राप्त अभिलेख अनुसार वडा नम्वर १ मा १३, २ मा १२, र ९मा १० वटा वस्तीहरु रहेको पाइन्छ । भौतिक पूर्वाधारहरुको उपलव्धता अनुसार सवै वस्तीहरुमा सडक यातायात पुगेको पाइन्छ । ढल व्यवस्था कूल वस्ती मध्ये १०.५७ प्रतिशत वस्तीहरुमा मात्रै उपलव्ध भएको पाइन्छ भने फोहोर सङ्कलन ३१ वटा अर्थात ३१.२९ प्रतिशत वस्तीहरुमा हुने गरेको पाइन्छ । अधिकांश वस्तीहरुमा इण्टरनेट सेवा उपलव्ध भएको पाइन्छ । यसैगरी गाउँपालिकाको वडा नम्वर २ र ५ मा मात्रै सुरक्षा सेवा–प्रहरी चौकी)नजिकै रहेको देखिन्छ ।

### ५.१.२ संभावना तथा अवसर

- सवै घरहरु खरको छानामुक्त हुँदै जस्तापाता लगाइदै आगालागी जस्ता प्रकोपवाट मुक्त
- भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार सार्वजनिक भवन तथा संरचना निर्माणको क्रममा
- विद्यालय, स्वास्थ्य संस्था, अस्पताल भवनहरु निर्माणको क्रममा
- मनोरन्जन पार्क र वाल उद्यानहरु विस्तार हुँदै
- सामुदायिक भवनहरु सवै वडाहरुमा निर्माण भएको
- एकीकृत वस्ती विकास गर्न सकिने
- प्रायः सवै वस्तीहरुमा आधारभूत भौतिक पूर्वाधारहरु सेवाहरु उपलव्ध भएको भूकम्प प्रतिरोधी वातावरण मैत्री सुविधा सम्पन्न तथा सुरक्षित भवन निर्माणमा जनचासो बढ्दै गएको ।

### ५.१.३ समस्या र चुनौति

- वसपार्क, वस स्टेशन तथा प्रतिक्षालयहरुको निर्माण नहुनु
- सार्वजनिक संरचना तथा भवनहरु सुविधायुक्त, अपाङ्गता, वालवालिका तथा महिलामैत्री नहुनु
- वजार क्षेत्रहरुमा हाटवजार, विश्रायस्थल, सार्वजनिक शौचालय, ढल तथा नालीहरुको व्यवस्था नहुनु
- भू उपयोग नीति, ऐन निर्माण र कार्यान्वयनमा नआउनु
- सार्वजनिक निर्माण, भवनहरुको मर्मत सम्भार नियमित नहुनु
- जोखिम क्षेत्रका वस्तीहरुको सुरक्षित संरक्षण गर्नु
- सार्वजनिक निर्माणमा सवैको सहज पहुँच अभिवृद्धि गर्नु
- सार्वजनिक निर्माणको दिगो उपयोग र अपनत्व श्रृर्जना गर्नु

## ५.१.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

### दीर्घकालीन सोच

"सबैका लागि पूर्ण सुरक्षित तथा व्यवस्थित आवासको सुनिश्चितता"

### लक्ष्य

व्यवस्थित आवास तथा वस्ती विकास गर्ने ।

### उद्देश्य

गाउँपालिकाको आवास, भवन तथा शहरी विकास उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्ः

१. सवै नागरिकलाई सुरक्षित तथा व्यवस्थित वसोवासको सुनिश्चित गर्नु ।

२. वजार उन्मुख क्षेत्रहरुमा शहरी पूर्वाधारहरुको विकास एवं वातावरणमैत्री, भूकम्प तथा प्रकोप प्रतिरोधात्मक भवन तथा पूर्वाधारहरु निर्माण गरी सहजता ल्याउनु ।

### रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको देहायअनुसारका रणनीति अवलम्ब गरिनेछः

१ आवास, वस्ती बिकास तथा सार्वजनिक निर्माण सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

२. सुरक्षित र व्यवस्थित आवास तथा वस्ती बिकास गर्ने

३. सुरक्षित तथा वहुउद्देश्यीय सार्वजनिक संरचना निर्माण गर्ने

३ गाउँपालिकाको भूउपयोग क्षेत्र निर्धारण गरी सो अनुसार आवास क्षेत्र, कृषि क्षेत्र, औद्योगिक क्षेत्र, व्यवसायिक क्षेत्र, संस्थागत, संरक्षण क्षेत्रको निर्धारण गर्ने ।

४ भूउपयोग क्षेत्र र भौतिक विकास गुरुयोजनाको आधारमा सार्वजनिक निर्माण कार्यलाई व्यवस्थित गर्ने।

५ गाउँपालिकाको शहर उन्मुख क्षेत्रमा भौतिक योजना सहित बजारको पूवार्धार विकास गर्ने।

## ५.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.२.१ आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित बिषयगत शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| आधारभूत पूर्वाधारयुक्त व्यवस्थित बजार | स्थान | २ | ३ | ४ | ५ |
| सुरक्षित बस्तीमा बसोबास गर्ने परिवार | प्रतिशत | ३५ | ४० | ४५ | ६० |
| भूकम्प प्रतिरोधी भवन निर्माण दक्ष व्यक्ति | जना | ४५ | ५० | ५५ | ६० |

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका सार्वजनिक भवन र संरचना | संख्या | ४० | ४५ | ५० | ५५ |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका आवास घर | प्रतिशत | १० | १५ | २२ | २२ |
| व्यवस्थित नालाको लम्बाई | कि.मि. | ४० | ४५ | ६० | ८० |
| भूकम्प प्रतिरोधी प्रविधि र मापदण्ड अनुसार निर्माण भएका (नयाँ निर्माण हुने)आवास घर | प्रतिशत | १० | १५ | २० | ३० |

स्रोतः सम्बन्धित शाखा

### ५.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको मध्यमकालीन अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ५.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि देहाय अनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

## तालिकाः ५.२.२ आवास,वस्ती, भवन तथा शहरी विकास उपक्षेत्रको कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजारमा) | आयामी ३ वर्षको उपलब्धी सूचक |
|---|---|---|---|---|---|
| १ | स्थानीय बसपार्क तथा पार्किङस्थल मर्मत, निर्माण, स्तरोन्नति र सञ्चालन | बढ्दै गएको सवारी साधनको पाकिङ्ग व्यवस्थित गरी आम्दानी गर्ने | सालवसाली | | गाउँ क्षेत्रको विभिन्न स्थानमा व्यवस्थित पार्किङ स्थल निर्माण भई संचालनमा आउने |
| २ | फोहोरमैला प्रशोधन तथा व्यवस्थापन | बसोबास विस्तार गर्ने एवं सुरक्षित र व्यवस्थित बनाउने | सालबसाली | | फोहोर प्रशोधन तथा व्यवस्थापन केन्द्र निर्माण हुनेछ । |
| ३ | सबै वडा कार्यालय भवन निर्माण | व्यवस्थित र सहज सेवा प्रबाह गर्न | २०८३/८४ | | सवै वडा कार्यलयको आफ्नै आधुनिक भवन हुनेछन्। |
| ४ | भूकम्प प्रतिरोधी निर्माण प्रविधि, सामाग्री, गुणस्तर लगायत प्राबिधिक क्षमता विकास तालिम सञ्चालन | रोजगारी सिर्जना र बलियो भवन निर्माणलाई प्रवर्धन गर्ने | सालवसाली | | कर्मचारी तथा स्थानीय इच्छुक युवालाई दक्ष बनाउने |
| ५ | ब्यबस्थित नाला निर्माण कार्यक्रम | सहज र ब्यबस्थित शहरी पूर्वाधार निर्माण गर्नु | सालबसाली | | शहरी क्षेत्र ब्यबस्थित भएको हुनेछ |
| ६ | शहरी आधारभूत मापदण्ड सहित पूर्वाधार विस्तार कार्यक्रम | सहज र ब्यबस्थित शहरी पूर्वाधार निर्माण गर्नु | सालबसाली | | शहरी क्षेत्र ब्यबस्थित भएको हुनेछ |

## ५.२.८ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना वैंक तयार गर्ने र आयोजना वैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार आवधिक खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ। यस प्रकार आयोजना छनौट र स्रोत विनियोजन नहुँदा गुणस्तरीय रुपमा कार्य सम्पन्न गर्न जग्गाको प्राप्ती, वन तथा वातावरणीय श्रोतको संरक्षण र विपद जोखिम न्यूनीकरणका कार्यक्रम समावेश गर्दा आयोजनाको लागत र समय बढन सक्ने जोखिम रहन्छ । जलवायु परिवर्तनको असर, वातावरणीय प्रभाव र जग्गा व्यवस्थापन लगायत स्थानीय सरोकारका विषयलाई सम्बोधन गर्न नसक्दा यसबाट अपेक्षित हासिल गर्न नसकिने अवस्था समेत रहेको छ ।

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.३ विद्युत तथा वैकल्पिक उर्जा

### ५.३.१ पृष्ठभूमि

जल विद्युत आर्थिक वृद्धि र आर्थिक रूपान्तरणको एक महत्वपूर्ण साधन हो। दिगो, सन्तुलित, फराकिलो र समाबेशी भौतिक पूर्वाधारको विकास बिना आर्थिक, सामाजिक विकास तथा गुणस्तरीय र सहज सेवा प्रबाह सुनिस्चित हुन सक्दैन। भौतिक पूर्वाधारको विकासको लागि सर्ब सुलभ र दिगो बिधुत आपूर्ति अनिबार्य शर्त हो| गाउँपालिकाको विकास प्रयासलाई योजनाबद्ध र व्यवस्थित रुपमा सञ्चालन गरी दिगो सुधार गर्न बिधुत उर्जालाई प्रतिफलको प्रवेशद्धारको रुपमा कार्य गर्दछ ।

राष्ट्रिय जनगणना २०७८ अनुसार गाउँगाउँपालिका क्षेत्रभित्र करीव ९७.४१ प्रतिशत घरधुरीमा विद्युत सेवा उपलव्ध हुँदै आएको पाइन्छ । विद्युत सेवा राष्ट्रिय विद्युत प्रशारण लाइन मार्फत उपलव्ध हुँदै आएको हो। गाउँगाउँपालिका क्षेत्रभित्र साना तथाः लघु जलविद्युत उत्पादनको सम्भावना न्यून देखिन्छ । वैकल्पिक ऊर्जाहरुमा सौर्य ऊर्जा र मट्टितेल प्रयोगमा रहेको पाइन्छ भने वायोग्याँसको प्रयोगकर्ता गाउँपालिका क्षेत्रभित्र रहेको देखिदैन । त्यसैगरी गाउँपालिका क्षेत्रभित्रका सडक किनाराहरुमा सौर्य वत्तिहरुको जडान पनि पाइदैन।

### ५.३.२ संभावना तथा अवसर

- केन्द्रीय विद्युत लाइन प्रशारण सेवा उपलव्ध
- अधिकांश घरहरुमा विद्युत सेवा उपलव्ध भएको
- सडक वत्तीको जडान भएको (सीमित क्षेत्रमा)
- विद्युतीय चुलो (इण्डक्सन) प्रयोगमा वृद्धि

### ५.३.३ समस्या र चुनौति

- न्यून संख्यामा विद्युत ट्रान्समिटर र कमजोरका कारण विद्युत सेवा अवरुद हुँदै आएको
- काठका पोललाई विस्तापित गरी स्टिलपोलहरु नराखिनु
- सडक वत्तिहरु नभएका कारण रातमा असुरक्षा वढ्दो
- खाना पकाउने दाउराको प्रयोगमा कमि ल्याउनु
- स्थानीय स्तरमा विद्युत खपतमा वृद्धि ल्याउनु

### ५.३.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

**दीर्घकालीन सोच**

"भरपर्दो र पहुँचयोग्य विद्युत सेवा"

**लक्ष्य**

"विद्युतीयश्रोतहरुको अधिकतम सदुपयोग भई विद्युत खपतमा अभिवृद्धि भएको हुने"।

**उद्देश्य**

गाउँपालिकाको विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेको छः

१. विद्युत आपूर्तिलाई दिगो र भरपर्दो बनाउदै विद्युत खपतमा वृद्धि ल्याउनु
२. खाना पकाउने उर्जा तथा ग्रामीण विद्युतीकरणमा वैकल्पिक उर्जाको प्रयोग बढाउनु, हरेक घरधुरीमा न्यूनतम उर्जाको सुनिश्चितता गर्नु ,
३. उर्जाको मुल प्रवाहमा नसमेटिएका घरधुरीहरूमा वैकल्पिक उर्जाको प्रबन्ध गर्नु ।

### रणनीति

गाउँपालिकाको  दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न विद्युत तथा वैकल्पिक उर्जा देहायअनुसारका रणनीति अवलम्ब गरिनेछः

१. वैकल्पिक ऊर्जा बिकास सम्बन्धी स्थानीय नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

२. ऊर्जालाई भरपर्दो र सुलभ बनाउने

३. वैकल्पिक ऊर्जाको बिकास गर्ने

४.विद्युत खपतमा अभिवृद्धि ल्याउने

## ५.३.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ५.१.१ पू विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र सम्बन्धित शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| सडक वत्ती जडान भएका स्थान | संख्या | ३० | ३५ | ४० | ५० |
| सुधारिएको ऊर्जा प्रयोग गर्ने परिवार | प्रतिशत | १५ | १८ | २५ | ३५ |
| धुवारहित चुल्हो जडान भएका परिवार | संख्या | ६० | ६३ | ६४ | ६५ |
| सोलार प्रणाली भएका घरपरिवार | प्रतिशत | ३ | ४ | ५ | ६ |
| टेलिभिजन र कम्प्युटर उपलब्ध परिवार | प्रतिशत | ६० | ६५ | ७० | ८० |

## ५.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

भौतिक पूर्वाधार विकास क्षेत्रको मध्यमकालीन अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ५.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

विद्युत तथा वैकल्पिक उर्जा क्षेत्रको आगामी आर्थिक वर्ष समेत मध्यमकालीन खर्च संरचना अबधिमा वर्ष संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि देहाय अनुसार तालिका ५.३.२ मा प्रस्तुत गरिएको छ ।

## तालिकाः ५.३.२ विद्युत तथा वैकल्पिक उर्जा उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजारमा) | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| १ | सडक वत्ती मर्मत, विकास र विस्तार | चोक, बजार र आवास क्षेत्रमा सडक बत्ति जडान गर्ने | सालवसाली | | सोलार प्रणालीमा आधारित सडक बत्ती जडान भई चोक, बजार र वस्तीमा उज्यालो कायम हुनेछ । |
| २ | ग्रामिण बिधुतिकरण कार्यक्रम | दिगो बिधुतको आपूर्ति सुनिस्चित गर्नु | | | दिगो बिधुत सेवा प्राप्त भएको हुनेछ । |
| ३ | जिर्ण र काठे पोल प्रतिस्थापन कार्यक्रम | सम्भावित दुर्घटना न्यूनीकरण गर्ने | सालवसाली | | जिर्ण र काठे पोल प्रतिस्थापन भएको हुनेछ |
| ४ | सोलार, वायोग्यास र सुधारिएको चुल्हो जस्ता वैकल्पिक उर्जाको प्रवद्र्धन | स्वच्छ उर्जाको प्रयोग बढाउने | सालवसाली | | सार्बजनिक कार्यालय तथा घरधुरीमा वायोग्यास, सोलार विद्युतीय चुल्हो, सुधारिएको धुवारहित चुल्हो जडान भई संचालन हुनेछ । |
| ५ | कार्यालयमा पावर व्याकअप प्रणाली जडान | सहज तथा सुलभ सेवा प्रवाह गर्न | सालवसाली | | कार्यालयमा पावर व्याकअप प्रणाली जडान हुनेछ । |

## ५.३.८ जोखिम पक्ष तथा अनुमान

उपलब्ध प्रविधिको उपयोग, जग्गा प्राप्ती, बजेटको सुनिश्चिता, नदीजन्य निर्माण सामग्रीको सहज उपलब्धता, मानव संशाधन उपलब्ध भएमा र विपद तथा अन्य विवादको कारण आयोजनाका लागत बढ्न नगएमा, सरोकारवाल निकायसँग प्रभावकारी समन्वय र सहकार्य हुनसकेमा उल्लिखित उपलब्धी हासिल हुनेछ। सो हुन नसकेमा योजनाको लक्ष्य तथा उद्देश्य प्राप्त नहुने जोखिम रहन सक्छ ।

## ५.४ सूचना, संचार र प्रविधि

### ५.४.१ पृष्ठभूमि

गाउँपालिकाको सबै क्षेत्रमा मोबाइल टेलिफोनको सुविधा पुगेको छ।गाउँपालिकाको योजनामा इन्टरनेट सेवाको पहुँच बढाउनुको साथै अन्य सूचना तथा सञ्चारमा सुबिधाको विकासलाई बढोत्तरी गर्ने कार्यक्रम तय गरिएका छन् ।गाउँ कार्यगाउँपालिका कार्यालय, सबै वडा कार्यालय र स्थास्थ्य संस्था र सबै माध्यमिक विद्यालयमा इन्टरनेट सेवा विस्तार गरिएको छ । अधिकांश स्थानीयहरुसंग मोवाइल फोन रहेको छ । राष्ट्रिय जनगणना २०७८ अनुसार करीव ८५.०८ प्रतिशत घरधुरीमा सामान्य स्तरको र ८०.६ प्रतिशत घरधुरीमा स्मार्ट मोवाइल फोन पुगेको पाइन्छ । त्यसैगरी इण्टरनेट सेवा पुगेको घरधुरी करीव ५३.२४ प्रतिशत रहेको देखिन्छ ।

### ५.४.२ संभावना तथा अवसर

- मोवाइल फोनको वढ्दो प्रयोग
- इण्टरनेट, केवल टिभी प्रसारणमा निजी क्षेत्रको आकर्षण
- स्थानीय स्तरवाट रेडियो एफएम, अनलाइन न्यूजहरु अपलोड
- विद्यालयहरुमा आइसिटि जडान भएको
- वडा लगायत नगरगाउँगाउँपालिका कार्यालय एवं सार्वजनिक कार्यालयहरुमा इण्टरनेट सेवा उपलव्ध
- विद्युतीय माध्यमवाट सेवाप्रवाह अभ्यासको थालनी

### ५.४.३ समस्या र चुनौति

- विद्यालय, सार्वजनिक सेवा प्रदाय कार्यालयहरुमा आइसिटिको सहज पहुँच अपर्याप्त
- सार्वजनिक स्थलहरुमा सिसिटिभि जडान अपर्याप्त
- गाउँगाउँपालिकाको सम्भावित सेवाहरु अनलाइन हुन नसक्नु
- फोन नेटवर्कको (टावर) गुणस्तर वृद्धि गर्नु
- साइवर सेक्युरिटी नियन्त्रण गर्नु

### ५.४.४ विषय उपक्षेत्रगत सोच, लक्ष्य, उद्देश्य र रणनीति

#### दीर्घकालीन सोच

**लक्ष्य:**

"विकासको मूल आधार:सूचना र सञ्चार"

#### लक्ष्य

"सूचना तथा सञ्चार प्रविधिहरुमा स्थानीयहरुको सहज पहुँच अभिवृद्धि भएको हुने"

#### उद्देश्य

गाउँपालिकाको सूचना, संचार र प्रविधि उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेको छः

१ सार्वजनिक स्थल, विद्यालय, भवन, कार्यालयहरुमा सूचना तथा सञ्चारका आधुनिक प्रविधिहरुको विस्तारवाट सूचना तथा सञ्चारमा आमनागरिकहरुको सहज पहुँच अभिवृद्धि गर्नु ।

### रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ उन्मुख भई योजनाको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न सूचना, संचार र प्रविधि उपक्षेत्रमा देहायअनुसारका रणनीति अवलम्ब गरिनेछः

१. सूचना प्रविधि तथा सञ्चार क्षेत्र सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने

२. सूचना सञ्चार प्रविधि सेवालाई सरल र सुलभ बनाउने

३. प्रभावकारी व्यवस्थापनका लागि आइसिटि प्रयोग गर्ने

४. सूचनामा पहुँचमा अभिवृद्धि गर्ने

## ५.४.५ विषय क्षेत्रगत नतिजा सूचक र लक्ष्य

सूचना, संचार र प्रविधि उपक्षेत्रको सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ५.४.१ सूचना, संचार र प्रविधि क्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र बिषयगत शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्षय | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/८४ | ०८४/८५ |
| इन्टरनेट सेवा प्रयोग गर्ने जनसंख्या | प्रतिशत | ९० | ९५ | १०० | १०० |
| ईन्टरनेट सञ्चालन रहेका वडा कार्यालय, स्वास्थ्य चौकी र विद्यालय | वटा | ४९ | ५२ | ५७ | ६० |
| स्थानीय स्तरका प्रकाशन र प्रसारण | संख्या | ० | १ | २ | २ |

## ५.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

भौतिक पूर्वाधार विकास क्षेत्रको मध्यमकालीन अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ५.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

सूचना, संचार र प्रविधि क्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल लागत, उद्धेश्य तथा उपलब्धि देहाय अनुसार तालिका ५.४.२ मा प्रस्तुत गरिएको छ ।

तालिका ५.४.२ : सूचना, संचार र प्रविधि कार्यक्रम/आयोजनाको संक्षिप्त विवरण

| सि.नं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि (शुरु र समाप्ती) | अनुमानित लागत (रु हजारमा) | आयामी ३ वर्षको उपलव्धी सूचक |
|---|---|---|---|---|---|
| | विद्युतीय सुशासन, सूचना र संचार | | | | |
| १ | इन्टरनेट र टेलिफोन सेवाको क्षमता विस्तार | सूचना प्रविधिमा आधारित सेवा र कार्य प्रणाली संचालन गर्ने | सालवसाली | | सबै वडा कार्यालय, स्थास्थ्य संस्था र माध्यमिक विधालयमा कप्युटर, प्रिण्टर र इन्टरनेट सूचना प्रणालीमा आधारित सेवा सुचारु हुनेछ |
| २ | प्रकाशन, प्रशारण र मिडिया परिचालन कार्यक्रम | नागरिकमा सुचना प्रवाह गर्न | सालवसाली | | प्रकाशन, प्रशारण र मिडिया परिचालन कार्यक्रम सञ्चालन गर्न |
| ३ | प्रबिधि मैत्री गाउँगाउँपालिका निर्माण कार्यक्रम | सूचना प्रविधिमा आधारित सेवा र कार्य प्रणाली संचालन गर्नु | सालवसाली | | प्रविधिको प्रयोग मार्फत कार्यक्षमता वृद्धि भएको हुने |

## ५.४.८ जोखिम पक्ष तथा अनुमान

वातावरणमैत्री भौतिक पूर्वाधार विकास गर्न प्राविधिक, आर्थिक र सामाजिक संभाव्यता अध्ययन, विस्तृत आयोजना प्रतिवेदन तयार आयोजना बैंक तयार गर्ने र आयोजना बैंकमा सूचीकृत आयोजनाको प्राथमिकताक्रम अनुसार मध्यमकालीन खर्च संरचनामा बजेट विनियोजन गरी आयोजना कार्यान्वयन गर्नुपर्दछ । यस प्रकार आयोजना छनौट र स्रोत विनियोजन नहुँदा, सम्बन्धित सेवा प्रदयाक निकायसँग प्रभावकारी समन्वय हुन नसक्दा आयोजनाको लागत र समय बढन सक्ने तथा अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहन्छ ।

# परिच्छेद —६

# वन, वातावरण तथा विपद् व्यवस्थापन

## ६.१ वन तथा जैविक बिबिधिता

### ६.१.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको ब्यबस्था गरेको छ। उल्लिखित संबैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वन नीति २०७५ र राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६ र वन ऐन, २०७६ तथा वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् ।उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ। गाउँपालिकामा उपलव्ध तथ्याङ्क अनुसार कूल क्षेत्रकको करीव ३७ वर्ग किमी भूमिमा वन क्षेत्र फैलिएको छ ।वन क्षेत्रको संरक्षणका लागि सामुदायिक वन उपभोक्ता समिति लगायतले महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएका छन । गाउँपालिका क्षेत्रभित्र ३४ वटा सामुदायिक वन र ६ वटा राष्ट्रिय वनहरु क्रियाशील रहेको पाइन्छ।

गाउँपालिका जैविक विविधतामा भरिपूर्ण रहेको पाइन्छ । गाउँपालिका क्षेत्रभित्र विभिन्न किसिमका जडीवुटीहरु, रुखविरुवा, चराचुङ्गी, घरपालुवा जनावर एवं वन्यजन्तुहरु पाइन्छ । रैथाने प्रजातिका विरुवामा धुपी, कटुस, साल, चिलाउने, खयर, काफल, सल्लो, सिमल, अमला, चौतारो, मायुरो आदि पाइन्छ भने जडीवुटीहरुमा तितेपाती, असुरो, हर्रो, बर्रो, केतुकी, बेसार, अदुवा, तेजपता —सिनकैली) गुर्जिगानो, कालो बेसार, बादलपाते, अमला, टिमुर, चौतारो, पाङ्गो, पानीअमला, पाखनवेद, वनकुरिलो, वयर, टोप्रेझार, सिस्नु, सफेदा, सितलचिनी, वेलौरी, दुधेझार पाइन्छ भने वन्य जनावरहरुमा मुख्यगरी बाघ, चितुवा, स्याल, दुम्सी, बादर, बनबाखो, राते) खरायो, मृग पाइन्छ भने पशुपंक्षीहरुमा कौवा, कोइली, ढुकुर, कालिज, तित्रा, जुरेलो, झारीकोटा, वकुला, भंगेरा, मलेवा, वनकुखुरा आदि पाइन्छ ।

### ६.१.२ संभावना र अवसर

- राष्ट्रिय तथा सामुदायिक वन उपभोक्ता समितिहरु क्रियाशील रहेका
- सार्बजनिक खालि क्षेत्रमा वृक्षारोपण हुँदै आएको
- गैरकाष्ठ वन पैदावरमा आधारित उद्योग, व्यवसाय सञ्चालन भएको
- वातावरणीय प्रभाव मूल्याङ्कन तथा परीक्षण गर्ने जस्ता कार्यहरु अभ्यासको क्रमिक विकास हुदै गएको
- कूल भूमिको करीव ५४.४ प्रतिशत क्षेत्र वनले ढाकेको
- वहुमूल्य जडीवुटी (पाखनवेद, टिमुर, गुर्जो, हर्रोवर्रो, सिन्कौली, कुरिलो, दालचिनी) पर्याप्त परिमाणमा उपलव्धता

- वन्यजन्तु, चराचुरुङ्गी, वनसम्पदा, जैविक विविधता सम्मिश्रणविशेष कार्यक्रममा आवद्ध गरी गरिबी निवारणमा जोड्न सकिने ।

## ६.१.३ समस्या तथा चुनौती

- वन्यजन्तुहरु वालीनालीमा हुने क्षति, नियन्त्रण गर्न नसक्नु
- वन डढेलो, आगलागी नियन्त्रण गर्न नसक्नु
- वन जङ्गलको दिगो सदुपयोग गर्दै जीविकोपार्जनका लागि आयमूलक कार्यमा उपयोग गर्न नसक्नु
- पूर्वाधार विकास र वन जङ्गल वीच सन्तुलन कायम हुन नसक्नु
- वन तथा जैविक विविधताको संरक्षण गर्नु
- मिचाहा प्रजातिको वढोत्तरीवाट रैथानी प्रजातिहरुको संरक्षण गर्नु
- मानव र वन्यजन्तु वीचको द्वन्द्व न्यूनीकरण गर्नु
- वन अतिक्रमण हुनवाट नियन्त्रण गर्नु ।

## ६.१.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस गाउँपालिकाको वन तथा जैविक विविधता उपक्षेत्रको लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

### सोच

"हरियाली वन तथा सन्तुलित वातावरण निर्माण "

### लक्ष्य

जैविक विविधताको दिगो संरक्षण र सम्वद्र्घन भएको हुने ।

### उद्देश्य

गाउँपालिकाको वन तथा जैविक विविधता उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

१. वन्य जीवजन्तुहरुको संरक्षण एवं जैविक विविधताको दिगो संरक्षण गर्दै पारिस्थितिकीय प्रणाली कायम राख्नु ।
२. वन क्षेत्रको विस्तार, जडीवुटी तथा वहुमूल्य प्रजातिको व्यवसायिक विस्तार एवं उद्यमशीलता विकास गर्नु ।

### रणनीति

गाउँपालिकाको दीर्घकालीन सोचतर्फ हासिल गर्न केन्द्रित रही वन तथा जैविक विविधता उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

१. बन तथा जैविक विविधता सम्बन्धी नीति तर्जुमा तथा योजना कार्यान्वयन गर्ने
२. जैविक विविधताको संरक्षण र प्रवद्र्धन गर्ने ।
३. बन पैदावरको दिगो उपयोग गर्ने ।

### ६.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

वन तथा जैविक विविधता उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६.१.१ वन तथा जैविक विविधता उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः विषयगत शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| रुख विरुवाले ढाकेको÷हरियाली क्षेत्र | हेक्टर | ३७४८ | ३७५५ | ३७६० | ३७७० |
| विपद् प्रभावित घरपरिवार | संख्या | ४५ | ३५ | ३० | २२ |
| अति जोखिममा रहेका घरपरिवार | प्रतिशत | २ | १.५ | १.३ | १ |
| वनमा आधारित उद्यमबाट रोजगार जना | संख्या | १५० | १६० | १७० | १८० |
| वनमा आधारित उद्योग व्यवसाय | संख्या | ४ | ५ | ६ | ७ |
| वृक्षरोपण गरिएको क्षेत्रफल | हेक्टर | १० | ११ | १३ | १५ |
| वनमा आधारित उद्यम र आयआर्जन कार्यक्रमबाट लाभान्वित परिवार | परिवार | ५० | ५५ | ५८ | ६१ |

### ६.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको आवधिक अनुमान

वन, वाताबरण तथा विपद ब्यबस्थापन क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

## ६.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

वन तथा जैविक विविधता उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत मध्यमकालीन खर्च संरचना अबधिमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी देहायअनुसार तालिका ६.१.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ७.३ वन तथा जैविक विविधता उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| १ | हरियाली प्रवद्र्धन र वृक्षारोपाण कार्यक्रम | हरियाली क्षेत्रको विकास र विस्तार गर्ने | सालबसाली | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता | सार्वजनिक, नीजि र संस्थागत रुपमा ग्रामिण तथा शहरी क्षेत्रमा हरियालीको विकास हुनेछ । |
| २ | वन पैदावार चोरी निकासी नियन्त्रण अभियान | जैविक विविधता, वातावरण संरक्षण र विपद व्यवस्थापन शिक्षा प्रदान गर्ने | सालबसाली | | | वन, समूह, इको क्लब, सामुदायिक संस्था र टोल विकास संस्थामार्फत संचालन गर्ने |
| ३ | वन व्यवस्थापन कार्यक्रम | वन व्यवस्थापन तथा संरक्षण गर्ने | सालबसाली | | | वन व्यवस्थापन कार्यविधि निर्माण गर्ने |
| ४ | जैविक बिबिधिता पहिचान तथा प्राकृतिक संरक्षण कार्यक्रम | जैविक बिबिधिताको प्रकृति पहिचान गरि प्राक्रित्क अवास्थामनै संरक्षण गर्नु | सालबसाली | | | जैविक बिबिधता पहिचान र संरक्षण भएको हुने । |
| ५ | वन उद्यम प्रबर्धन तथा संरक्षण कार्यक्रम | वनमा आधारित ब्यबसाय तथा रोजगारीलाई ब्यबस्थित र प्रतिफलयुक्त बनाउनु | सालबसाली | | | उद्यम तथा ब्यबसाय प्रबर्द्धन भएको हुने । |

## ६.१.८ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ । अन्तरनिकाय समन्वय, स्थानीयसँगको साझेदारी तथा अन्तरतह समन्वय हुन नसकेको खण्डमा प्रस्तावित कार्यक्रम तथा आयोजना कार्यान्वयन हुन नसकी अपेक्षित उपलब्धि हासिल नहुने जोखिम रहेको छ ।

## ६.२ वाताबरण संरक्षण तथा फोहोरमैला ब्यबस्थापन

### ६.२.१ पृष्ठभूमि

नेपालको संविधानले प्रत्येक नागरिकलाई स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने मौलिक हकको व्यबस्था गरेको छ। उल्लिखित संबैधानिक व्यवस्था कार्यान्वयन गर्न संघीय सरकारबाट राष्ट्रिय वातावरण नीति र राष्ट्रिय जलवायु परिवर्तन नीति, २०७६, वातावरण संरक्षण ऐन, २०७६, वातावरण संरक्षण नियमावली २०७७ लगायतका नीति, ऐन र नियम जारी भएका छन् ।उपरोक्त नीति तथा कानूनको उद्देश्य स्वच्छ र स्वस्थ वातावरणमा बाँच्न पाउने प्रत्येक नागरिकको मौलिक अधिकारको संरक्षण गर्न, वातावरणीय प्रदुषणबाट हुने क्षति बापत पीडितलाई प्रदुषकबाट क्षतिपूर्ति उपलब्ध गराउन, वातावरण र विकास बीच समुचित सन्तुलन कायम गर्न, प्रकृति, वातावरण र जैविक विविधतामा पर्ने प्रतिकुल वातावरणीय प्रभाव न्यूनीकरण गर्न तथा जलवायु परिवर्तनको चूनौतीलाई सामाना गर्ने रहेको छ।

### ६.२.२ संभावना र अवसर

१. वजार, चोक, गल्लीहरुमा फोहोर सङ्कलनका प्रयासहरु भएको
२. एकघर एकचर्पीको व्यवस्था, खुल्ला दिसामुक्त क्षेत्र घोषणा
३. वजार क्षेत्रमा ढल निकासको शुरुवाट (सीमित क्षेत्रमा)
४. धुवारहित सुधारिएको चुल्हो प्रायः अधिकांश घरमा जडन भएको
५. स्वच्छ हावापानी, धुँवा, धूलो, ध्वनि प्रदुषणमुक्त
६. खुल्ला एवं ग्रामीण हरियाली क्षेत्र
७. घर आँगन, वजार क्षेत्र नियमित सफाइ गर्ने अभ्यास

### ६.२.३ समस्या तथा चुनौती

८. सडक, चोक, वजार एवं सार्वजनिक क्षेत्रहरुमा सार्वजनिक शौचालय नहुनु
९. हरितपार्क, उद्यानहरुको प्रवद्र्घन हुन नसक्नु
१०. फोहोरमैलाको सुरक्षित विसर्जन हुन नसक्नु
११. फोहोर प्रशोधनको व्यवस्था गर्नु
१२. फोहोर र वातावरणीण वीच सन्तुलन कायम राख्नु
१३. खाना पकाउन दाउराको प्रयोगमा कम ल्याउनु।

### ६.२.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस गाउँपालिकाको वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन सम्बन्धी अधिकार क्षेत्र बमोजिमको उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

"स्वच्छ एवं सन्तुलित पर्यावरण "

**लक्ष्य**

"सवै प्रकारका वातावरणीय प्रदुषण न्यूनीकरण भएको हुने"

**उद्देश्य**

गाउँपालिकाको वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको उद्देश्य देहाय अनुसार रहेको छः

१. घर, आँगन, वजार क्षेत्रका फोहोरमैलालाई व्यवस्थित तवरले सङ्कलन, प्रशोधन, न्यूनीकरण एवं सुरक्षित विसर्जन गर्नु

२. वातावरण प्रदुषणका उपायहरु अवलम्वनवाट स्वच्छ वातावरण कायम राख्नु

**रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोच हासिल गर्न केन्द्रित रही वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य हासिल गर्न देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ।

१. वातावरण तथा जलवायु अनुकुलन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने

२. वातावरण संरक्षण तथा स्वच्छता व्यवस्थापनका लागि कार्यक्रम कार्यान्वयन कार्ययोजना वनाई लागु गर्ने|

३. फोहोरमैलाको दिगो ब्यबस्थापनको लागि संस्थागत संरचना र पूर्वाधारको विकास गर्ने |

## ६.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको सूचक र लक्ष्य देहायको तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ६.२.१ नतिजा सूचक तथा लक्ष्य (स्रोतः विषयगत शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| मनोरञ्जनस्थल, पार्क र हरित क्षेत्र | स्थान | ३ | ४ | ५ | ६ |
| कम्पोष्ट–विन प्रयोग गर्ने तथा फोहोर वर्गीकरणको अभ्यास गर्ने परिवार | प्रतिशत | १ | ३ | ५ | ११ |
| खाना पकाउन परम्परागत उर्जा प्रयोग गर्ने घरधुरी | प्रतिशत | ८० | ७६ | ७० | ६८ |
| संचालित व्यवस्थित सार्वजनिक शौचालय | संख्या | २ | ३ | ४ | ५ |
| स्थानीय विपद् व्यवस्थापन तथा जलवायु अनुकुलन कार्ययोजना तर्जुमा र कार्यान्वयन | भए÷ नभएको | भएको | भएको | भएको | भएको |

### ६.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

वातावरण संरक्षण तथा विपद व्यबस्थापन क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

### ६.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तीन वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी देहायअनुसार तालिका ६.२.२ मा प्रस्तुत गरिएको छ ।

## तालिका ६.२.२ वातावरण संरक्षण तथा फोहोरमैला व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| १ | फोहोरमैला प्रशोधन केन्द्र निर्माण तथा व्यबस्थापन कार्यक्रम | विसर्जन हुने फोहोर मैलाको वर्गीकरण, पुनप्रयोग, संकलन, भण्डारण, प्रशोधन गर्नु | ०८२-०८३ देखि ०८४/०८५ | | गाउँपालिकाको आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता | फोहोरमैला वर्गीकरण, पुनप्रयोग, संकलन र भण्डारण, प्रशोधन र विसर्जनको व्यवस्था हुनेछ । |
| २ | वरपिपल, समी, लागायत बढी अक्सिजन उत्सर्जन गर्ने बिरुवा रोपण, पार्क तथा उद्यानको निमाण कार्यक्रम | गाउँमा हरियाली प्रबद्धन गर्न | सालबसाली | | | वरपिपल, समी, लागायत बृक्षा रोपण तथा पार्क निर्माण, संरक्षण र स्तरोन्नति कार्यक्रम सञ्चालन हुनेछ । |
| ३ | आयोजनाको वातावरणीय अध्ययन | वातारण अनुकलन वनाउन | सालबसाली | | | वातावरणीय अध्ययन प्रतिवेदन तयार हुनेछ |
| ४ | विद्यालयस्तरमा वातावरण, जलवायु, फोहोरमैला व्यवस्थापनसम्बन्धी सचेतीकरण | कार्यालयमा सरसफाई र वातावरण सुधार सम्बन्धी नमूना प्रस्तुत गर्ने | सालबसाली | | | विद्यालय लगायत सार्वजनिक कार्यालयमा व्यवस्थित् र स्वस्थ वातावरण सम्वन्धी जनाचेतना कार्यक्रम सञ्चालन हुनेछन् |
| ५ | समुदायस्तरमा वातावरण प्रवद्र्धन कार्यक्रमलाई सहयोग | हरियाली, वातावरणीय सेवा र प्रर्यटन प्रवद्र्धन गर्ने | सालबसाली | | | गाउँ क्षेत्रमा १ वोटानिकल गार्डेन समेत पार्क र होमस्टे स्थापना हुनेछ । |
| ६ | वन तथा वातावरण संरक्षण र प्रबर्धन सम्बन्धि सशर्त सहितका सालबसाली कार्यक्रम | निरन्तर कार्यक्रम सञ्चालन गर्न | सालबसाली | | | वन क्षेत्र विकास र वाताबरण संरक्षणमा प्रतक्ष्य सहयोग पुग्नेछ । |

### ६.२.८ जोखिम पक्ष तथा अनुमान

वातावरण संरक्षण तथा फोहोरमैला ब्यबस्थापनको क्षेत्रमा मुलत अनियन्त्रित प्राकृतिक स्रोत साधनको दोहन, बढ्दो बजारीकरण, जनचेतनाको कमि, पर्याप्त लागानी हुन नसक्नु जस्ता बिषय प्रमुख चुनौतिको रुपमा रहेका छन् । यसै गरि वातावरण संरक्षण र फोहरमैला ब्यबस्थापनमा व्यक्ति देखि घर टोल समुदाय सम्मको सहयोग र साझेदारी आवश्यकता पर्दछ हाल यसो हुन नसक्नु यस क्षेत्रको अर्को चुनौतिको रुपमा रहेको छ । उल्लिखित जोखिम पक्षको सम्बोधन भएर प्रस्तावित कार्यक्रम तथा आयोजनाको प्रभावकारी कार्यान्वयन हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ ।

## ६.३ भूसंरक्षण तथा जलाधार ब्यबस्थापन

### ६.३.१ पृष्ठभूमि

गाउँपालिकामा रहेका नदीहरु तथा सामाजिक पोखरीहरु महत्वपूर्ण जलाधार क्षेत्रका रुपमा रहेका छन् ।तथापि यस्ता जलाधार क्षेत्रहरूको ठोस योजना नहुँदा यसको पूर्ण सदुपयोग नभई जलस्रोत खेर गइरहेको अवस्था छ। समृद्धिका आधारहरु मध्ये जलस्रोत पनि एक हो । तसर्थ यस गाउँपालिकाका महत्वपूर्ण जलाधार क्षेत्रहरूको संरक्षण तथा सम्बर्धन गरी पारिस्थितिक सन्तुलन कायम राख्न र गाउँपालिकालाई आर्थिक समृद्धितर्फ लैजान जरुरी छ ।

### ६.३.२ संभावना र अवसर

१. डाँडापाखा, खोल्साखाल्सीहरुमा वृक्षारोपणको शुरुवात
२. सडक नाला, ड्रेनवाल, रिटेनिङ्ग वाल, गाविन वाल आदि निर्माणवाट पहिरो नियन्त्रणको प्रयास भएको
३. रिचार्ज पोखरीहरु निर्माणका प्रयासहरु भएको
४. जलाधार क्षेत्रहरु, खोला खोल्सी तथा गल्छीहरु भएको
५. पानी मुहान, झरना, ताल तलैया, पोखरी तथा सीमासार क्षेत्रहरु भएको

### ६.३.३ समस्या तथा चुनौती

६. वायोइन्जिनियरिङ प्रविधि प्रयोगमा नआउनु
७. पानीपोखरी, नदीखोलाहरुमा तटवन्ध निर्माण हुन नसक्नु
८. भूक्षय नियन्त्रण तथा संरक्षणका लागि पर्याप्त कार्यक्रमको सञ्चालन नहुनु
९. सम्वेदनशील क्षेत्रहरुको व्यवस्थापन तथा वस्तीहरुको संरक्षण गर्नु
१०. जलाधार तथा पानीमुहानहरु सुक्दै गएकोले सोको दिगो संरक्षण गर्नु
११. डढेलो, वाढी, पहिरो तथा भूक्षयको नियन्त्रण तथा क्षति कम गर्नु

### ६.३.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस गाउँपालिकाको भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको सोच, लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

" भू तथा जलाधार क्षेत्रको दिगो संरक्षण र सम्वद्र्घन"

**लक्ष्य**

- भूसंरक्षण एवं जलश्रोतको दिगो उपयोगवाट जीवन स्तरमा सुधार ल्याउन सहयोग पुगेको हुने ।

### उद्देश्य

गाउँपालिकाको भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

१. वाढी पहिरो, जोखिम तथा संवेदनशील क्षेत्रहरुमा वायो इन्जिनियरिङ एवं वृक्षारोपण गर्दै नदी, खोला, ताल तलैया सीमसार तथा पानी मुहानहरुको संरक्षणवाट भू—क्षय नियन्त्रण एवं जलाश्रोतहरुको व्यवस्थापन एवं दिगो उपयोग गर्नु ।

### रणनीति

गाउँपालिकाको दीर्घकालीन सोच हासिल गर्न केन्द्रित रही भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहायअनुसारका रणनीति अवलम्बन गरिनेछः

१। भू—संरक्षण तथा जलाधार व्यवस्थापन सम्बन्धी स्थानीय नीति, योजना कार्यान्वयन गर्ने

२। भू—क्षय नियन्त्रण गर्ने

३। जलाधार क्षेत्रको संरक्षण एवं उपयोग गर्ने

## ६.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिका ६.३.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ६.३.१ भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र बिषयगत शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८२/८३ | ०८३/०८४ | ०८४/०८५ |
| संरक्षित बाढी÷पहिरो संवेदनशील वस्ती | संख्या | २ | ३ | ४ | ६ |
| संरक्षित तथा व्यवस्थित पोखरी | संख्या | ३ | ४ | ५ | ६ |
| संरक्षित परम्परागत ढुंगेधारा, कुवा, इनार | संख्या | २ | ४ | ७ | ९ |

## ६.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको आवधिक अनुमान

वन, वाताबरण तथा विपद ब्यबस्थापन क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको समग्र खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

## ६.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी तिन वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी देहायअनुसार तालिका ६.३.२ मा प्रस्तुत गरिएको छ ।

**तालिका ६.३.२ भूसंरक्षण तथा जलाधार व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र. सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| १ | नदी, खोला खोल्सा नियन्त्रण तथा प्राकृतिक पोखरी एवं ताल तलैया संरक्षण कार्यक्रम | पहिरो र कटान लगायतका प्रकोपको जोखिम न्यूनीकरण गरी उर्वराशक्ती र विकासका पूर्वाधारको संरक्षण गर्ने | सालबसाली | | गाउँपालिकाको नीति तथा कार्यक्रम र आवधिक योजनाको प्राथमिकता | प्राकृतिक जल पुनर्भरण पोखरी, ताल तलैया निर्माण तथा संरक्षण हुने , खोला, खहरे र गल्छी नियन्त्रण हुने र क्षतिग्रस्त भूमी पुनरुत्थान हुनेछ |
| २ | विकासका पूर्वाधार संरक्षण | विकासका पूर्वाधारलाई दीगो र व्यवस्थित बनाउने | सालबसाली | | | सडक, पुल, कुलो, बाँध तथा भवन लगायतका विकासका पूर्वाधारको दीगो संरक्षण र संचालन हुनेछ । |
| ३ | भू–उपयोग क्षेत्र पहिचान, निर्धारण तथा योजना तर्जुमा र कार्यान्वयन | जमीनको क्षमता, उपयोग र विकासको आवश्यकता अनुसार समोचित व्यवस्थापन र व्यवस्थित विकासको आधार तयार गर्ने | सालबसाली | | | निर्धारित भूउपयोगको क्षेत्र अनुसार भूमिको उपयोग र स्वरुपको र व्यवस्थापन हुनेछ । |
| ४ | भूमिगत पानीको पुनर्भरण तथा संरक्षण र आकासेपानी संकलन | पानीको संरक्षण तथा व्यवस्थापन गर्न | सालबसाली | | | भूमिगत पानीको पुनर्भरण तथा संरक्षण र आकासेपानी संकलन सुरुवात हुनेछ । |

## ६.३.८ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन् । उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ ।संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ ।

## ६.४ विपद व्यबस्थापन तथा जलवायू परिबर्तन अनुकुलन

### ६.४.१ पृष्ठभूमि

विपद् जोखिम न्यूनीकरण राष्ट्रिय नीति, २०७५ ले लिएको मूल उद्धेश्यलाई टेवा पुग्ने गरी स्थानीय सरकारले समेत विपद् जोखिमबाट सुरक्षित, जलवायु अनुकुलित तथा विपद् उत्थानशील स्थानीय तह निर्माण गर्दै दीगो विकासमा योगदान पुऱ्याउने दीर्घकालिन सोच, ध्येय र लक्ष्य सहित प्राकृतिक र गैर प्राकृतिक विपदबाट हुने क्षति उल्लेख्य रुपमा कम गर्ने मुल उद्देश्य अनुरुप आयोजना तथा कार्यक्रम तय गर्ने र सोहि मुताबिक बजेट सुनिस्चितता गर्नुपर्ने आबश्यकता रहेको छ ।

जोखिम वस्तीहरु पहिचान गर्ने, नक्साङ्कन गर्ने, वस्ती स्थानान्तरण गर्ने, नदी पहिरो नियन्त्रण गर्ने, त्यसको व्यवस्थापन गर्ने, नदी तटवन्ध निर्माण गर्ने कार्यहरु पनि स्थानीय तहको अधिकार क्षेत्रभित्र राखिएको छ । खासगरी विपद पूर्व तयारी, न्यूनीकरण गर्ने सम्वन्धी, विपद पश्चातको पुननिर्माण तथा पुनरुथापना, आपतकालीन उद्धार, राहत एवं सुरक्षित वासस्थानको व्यवस्था स्थानीय स्तरमा गर्नुपर्ने व्यवस्था पनि स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा गरिएको छ । संगठनात्मक संरचना अन्तर्गत विपद पूर्वतयारी तथा प्रतिकार्य समितिहरु हरेक वडामा गठन गरिएको छ भने आपतकालीन उद्धार कार्यका लागि संघ संस्थाहरु क्रियाशील रहेका छन। आपतकालीन उद्धारका लागि पालिकावाट एम्वुलेन्स सेवा उपलव्ध गराएको छ भने विपद व्यवस्थापनकोष स्थापना गरी सोही अनुसार सहयोग प्रदान गर्दै आएको छ ।

### ६.४.२ संभावना र अवसर

- विपद व्यवस्थापन कोष तथा सामुदायमा आधारित विपद व्यवस्थापन समिति क्रियाशील
- गाउँपालिकामा एम्वुलेन्सको व्यवस्था
- सार्वजनिक भवन तथा निजी घरहरु भूकम्प प्रतिरोधी हुँदै
- जलवायु परिवर्तन अनुकूलन सम्वन्धी जनचेतना अभिवृद्धि कार्यक्रमहरु हुँदै आएको
- विपद व्यवस्थापनका लागि जिल्ला स्तरीय रेडक्रस, सुरक्षा निकाय तथा चौकीहरु कार्यरत
- विपद व्यवस्थापनका लागि स्थानीय संघ संस्थाहरु क्रियाशील रहेका ।

### ६.४.३ समस्या तथा चुनौती

- आपतकालीन उद्धारका लागि तालिम प्राप्त स्वयंसेवक, राहत सामाग्रीहरुको व्यवस्था कमि
- विपद पीडितहरुका लागि राहत, खुल्ला क्षेत्र एवं सुरक्षित वासका लागि सुरक्षित र संरक्षित क्षेत्रको अपर्याप्त
- संवेदनशील क्षेत्रको नक्सांकन र संरक्षण सम्वन्धी कार्यक्रमको अभाव
- भौतिक एवं मानवीय क्षति न्यूनीकरण तथा पीडितहरुलाई तत्काल उद्धार गर्नु
- कृषि उपजहरुलाई जलवायु परिवर्तन अनुकुलन वनाउनु ।

## ७.४.४ सोच, लक्ष्य, उद्देश्य तथा रणनीति

यस गाउँपालिकाको विपद व्यवस्थापन तथा जलबायू परिवर्तन अनूकुलन सम्बन्धी उपक्षेत्रको लक्ष्य, उद्धेश्य, रणनीति तथा प्रमुख कार्यक्रमलाई देहाय अनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

"सुरक्षित र विपद उत्थानशील गाउँपालिका "

**लक्ष्य**

"विपद तथा महामारीवाट हुने घनजनको क्षति न्यूनीकरण भएको हुने"

**उद्देश्य**

विपद व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकूलन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

१ जलवायु परिवर्तन अनुकूलनका उपायहरु अवलम्वन गर्दै प्रतिरोधात्मक भौतिक संरचनाहरु निर्माण र आपतकालीन उद्धार व्यवस्थावाट मानवीय तथा भौतिक सम्पत्तिहरुको क्षति न्यूनीकरण गर्नु ।

**७.५.४ रणनीति**

गाउँपालिकाको दीर्घकालीन सोच हासिल गर्न केन्द्रित रही विपद व्यवस्थापन तथा जलवायू परिवर्तन अनुकूलन उपक्षेत्रको समष्टिगत लक्ष्य, उद्देश्य तथा प्रतिफल हासिल गर्न देहाय अनुसारका रणनीति अबलम्बन गरिनेछ।

- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापनका अवधारणालाई विकास व्यवस्थापन प्रक्रियामा मूलप्रवाहीकरण गर्ने
- विपद् तथा जलवायुजन्य जोखिम न्यूनीकरण, विपद व्यवस्थापनका लागि समुदाय तथा सरोकारवालासँग साझेदारी तथा सहकार्य अभिबृद्धी गर्ने
- जलवायु परिवर्तन अनुकुलन लाई विपद जोखिम न्यूनीकरण र व्यवस्थापनसँग एकीकृत गरी स्थानीय विकास प्रक्रियामा मूलप्रवाहीकरण गर्ने

## ६.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको सूचक र मध्यमकालीन लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ६.४.१ विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोत: आवधिक योजना र विषयगत शाखा)

| सूचक | इकाई | आधार वर्ष | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| विपद व्यवस्थापन | | | | | |
| तालिम प्राप्त स्थानीय खोज उद्दार र प्राथमिक उपचार कार्यकर्ता | संख्या | ४० | ५० | ६० | ७५ |
| विपद्वाट वार्षिक क्षती (जग्गा, बाली | रु. करोड | ६० | ४० | ३० | २० |

| | | | | | |
|---|---|---|---|---|---|
| नाली, संरचना, पशु र अन्य सम्पत्ती) | | | | | |
| सुरक्षित खुल्ला स्थान तथा आपत्कालीन सामुहिक आश्रयस्थल | संख्या | ७ | ९ | ११ | १३ |
| स्थानीय विपद् व्यवस्थित सूचना केन्द्रबाट ज्ञान तथा सिकाई प्राप्त गर्ने व्यक्ति | जना | ३० | ४० | ५५ | ८० |
| विपद् व्यवस्थापन कोष रकम (बार्षिक) वृद्धि | प्रतिशत | १५ | २० | २५ | २५ |

### ६.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको आवधिक अनुमान

विपद व्यवस्थापन तथा जलबायू परिबर्तन अनुकुलन क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ।

## ६.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

विपद व्यवस्थापन तथा जलबायु परिवर्तन अनुकूलन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत ३ वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित लागत, उद्देश्य र उपलब्धी देहायअनुसार तालिका ६.४.२मा प्रस्तुत गरिएको छ |

**तालिका ६.४.२ विपद व्यवस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण**

| क्र.सं. | रणनीतिक कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजनाको समयावधि | लागत अनुमान | पुष्ट्याईका आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | विपद् व्यवस्थापन | | | | | |
| १ | गाउँ विपद व्यवस्थापन तथा जलवायु उत्थानशिल योजना तर्जुमा तथा अद्यावधिक | गाउँपालिकाको विपद व्यवस्थापन र जलवायु उत्थानशिलतामा बृद्धि गर्ने | निरन्तर | | गाउँपालिकाको आवधिक योजनाको प्राथमिकता<br>एबम नीति तथा कार्यक्रमको प्राथमिकता | विपद रोकथाम, न्यूनीकरण, प्रतिकार्य र पुनर्लाभ र जलवायु उत्थानशिल सम्बन्धी लक्ष्य, उद्देश्य, रणनीति, कार्यक्रम र लगानी योजना तयार हुनेछ । |
| २ | वडा तथा टोलस्तरमा विपद् व्यवस्थापन समिति गठन र क्षमता विकास तालिम तथा सचेतना कार्यक्रम सञ्चालन | विपद व्यवस्थापनमा वडा र समुदायको क्षमता विकास र उत्थानशिलता बृद्धि गर्ने | सालबसाली | | | सबै वडामा समुदायलाई लक्षित गरी विपद न्यूनीकरण, पूर्व तयारी, खोज उद्दार, कृत्रिम अभ्यास, प्राथमिक उपचार, खोज उद्दार तालिम र सामाग्री व्यवस्थापन हुनेछ। |
| ३ | महामारी, बाढी, आगलागीबाट हुने जोखिम क्षेत्र, पहिचान, नक्सांकन र पूर्व तयारी तथा प्रतिकार्य | गाउँ क्षेत्रका प्रमुख विपदको जोखिम पहिचान, नक्शाकंन गरी जोखिम न्यूनीकरणको लागि पूर्व तयार गर्ने | सालबसाली | | | कोभिड १९ लगायत गाउँ क्षेत्रका प्रमुख विपदको जोखिम पहिचान र नक्शाकंन गरी पूव तयारी कार्ययोजना तयार हुनेछ। |
| ४ | आपत्कालीन सामग्री भण्डारण तथा गोदाम घर निर्माण | विपद उद्धार तथा राहत सामग्री व्यवस्थापनलाई | सालबसाली | | | गाउँपालिकामा विपद ब्यबस्थापनको लागि आवश्यक सामाग्रीको भण्डारण र |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | सहज र व्यवस्थित बनाउने | | | | सहज आपूर्तीको व्यवस्था हुने |
| ५ | दमकल तथा एम्बुलेन्सको व्यवस्थापन | विपद् व्यवस्थापनमा सहज गर्न | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | दमकल तथा एम्बुलेन्सको व्यवस्थापन हुनेछ। |
| ६ | वन्यजन्तु बाट सुरक्षा कार्यक्रम | जंगलि जनावरको व्यवस्थापन गर्न | सालबसाली | | | वन्यजन्तु (बाँदर, दुम्सी, चितुवा, बँदेल) बाट सुरक्षा कार्यक्रम |
| ७ | विपद व्यस्थास्थापन कोष वृद्धि तथा सञ्चालन | विपदको प्रतिकार्य र राहतमा वृद्धि गर्ने | सालबसाली | | | स्थानीय विपद व्यवस्थापन कोष संचालन तथा कोषमा बार्षिक कम्तिमा १५ प्रतिशतले वृद्धि हुनेछ । |

### ७.४.८ जोखिम पक्ष तथा अनुमान

जलवायु परिवर्तनको असर, विपद जोखिममा बृद्धि, स्रोतको अनियन्त्रित दोहन र उत्खनन तथा अनियन्त्रित निर्माण जस्ता जोखिम पक्षहरु रहेका छन्। उल्लिखित जोखिम पक्षको सम्बोधन भएमा अपेक्षित नतिजा हासिल हुन सक्ने देखिन्छ। संघीय संरचना अनुसारको नीतिगत, कानूनी र संरचनागत व्यवस्था, समुदाय तथा सरोकारवालाको सहभागिता, यस क्षेत्रमा श्रोत साधनको लगानीमा प्राथमिकता प्राप्त भएमा अपेक्षित उपलब्धी हासिल हुने अनुमान गरिएको छ।

# परिच्छेद- ७

# सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह

## ७.१ नीति, ऐन तथा सुशासन

### ७.१.१ पृष्ठभूमि

गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय नीति, कानून तथा कार्यविधि र सेवा प्रबाह मापदण्ड तर्जुमा र कार्यान्वयन मार्फत जनआकांक्षा सम्बोधन गर्नुपर्ने छ । आम नागरिक विशेष गरी विपन्न तथा पछाडि परेका वर्ग समुदायले स्थानीय सरकारबाट ठूलो अपेक्षा राखेका छन् । संवैधानिक व्यवस्था, कानूनी शासन र जनअपेक्षा अनुसार कूशल, पारदर्शी, जवाफदेही ढंगले स्थानीय शासन संचालन गरी सेवा प्रवाह र विकास कार्यलाई प्रभावकारी बनाउँने अहम् दायित्व स्थानीय सरकारमा रहेको छ ।

बदलिदो परिवेशसँगै सेवा प्रवाह र विकास व्यवस्थापनमा सिर्जनात्मक र वैकल्पिक उपायहरु अवलम्वन गर्न जरुरी देखिएको छ । सँगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउँने तर्फ गाउँपालिकाले विशेष ध्यान दिन आवश्यक छ ।

### ७.१.२ विद्यमान स्थिति तथा संभावना

संविधानको अनुसूची ८ मा रहेको स्थानीय तहको एकल अधिकार सूची र धारा ९ मा रहेका सांझा अधिकार सूची तथा सो को आधारमा नेपाल सरकार मन्त्रिपरिषदवाट स्वीकृत कार्य बिस्तृतिकरण समेतको आधारमा स्थानीय तहको अधिकार तथा कार्य कार्यान्वयनका लागि गाउँपालिकाले आबश्यकता र पहिचानको आधारमा बिभिन्न ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड स्वीकृत गरी कार्यान्वयनमा रहेका छन। संविधान तथा प्रचलित कानून अनुसार गाउँ सभाबाट न्यायिक समिति, विद्यायन समिति, लेखा समिति र कार्यपालिकाबाट विषयगत समितिहरु गठन भई तत्सम्बन्धी विषयमा क्रियाशिलता उन्मुख रहेका छन् । साथै समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ।

### ७.१.३ समस्या तथा चुनौति

तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै निर्वाचित जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सूसूचित गराउने, प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालना हुन सकिरहेको छैन। प्राप्त नमूना कानुन, विधि तथा नियमावलीलाई समेत आधार मानी आवश्यकताका आधारमा ऐन, नीति, नियम, कार्यविधि निर्माण गरिएको। तर्जुमा भएका ऐन, नीति, नियम, कार्यविधिको बारेमा सबै जनप्रतिनिधि, वडा समिति, आम नागरिक विशेष गरी विपन्न तथा लक्षित वर्गलाई सुसूचित गराउने,

प्रभावकारी रुपमा कार्यान्वयन गर्ने र सो को पालना हुनु जरुरी छ । विषय क्षेत्रगत रुपमा बजेट विनियोजना सन्तुलित गरी रोजगार, उत्पादनमूलक तथा आयमूलक आयोजनामा लगानी अपेक्षाकृत कम रहेको छ।

### ७.१.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको नीति, कानून तथा सुशासन उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ।

**सोच**

"गाउँपालिकाको प्रतिबद्धताः जनमुखी सरकार, सुशासन र पारदर्शिता"

**लक्ष्य**

"सेवा प्रवाहलाई पारदर्शी, छिटो, छरितो, सुलभ जनउत्तरदायी र प्रभावकारी बनाई जनचासोमा केन्द्रित हुने।"

**उद्देश्य**

गाउँपालिकाको नीति, कानून तथा सुशासन उपक्षेत्रको उद्देश्य देहायअनुसार रहेका छन्:

- स्थानीय सुशासन प्रबर्द्धनका लागि आवश्यक नीति, कानुन तथा मापदण्ड तर्जुमा र कार्यान्वयन गर्नु।

**रणनीति**

नीति, कानून तथा सुशासन उपक्षेत्रको देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

१। स्थानीय शासन संचालनको लागि आवश्यक नीति, कानून तथा प्रणालीको विकास र कार्यान्वयन गरी निर्णय, कार्यसम्पादन र सेवा प्रवाहलाई गुणस्तरीय, पारदर्शी र जनमुखी बनाउने ।

२। सहभागितामूलक नीति, कानून तथा निर्णय तर्जुमा र कार्यान्वयन प्रणाली अवलम्बन गर्ने

### ७.१.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

नीति, कानून तथा सुशासन उपक्षेत्रको सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिका ७.१.१ मा प्रस्तुत गरिएको छ।

तालिका ७.१.१ नीति, कानून तथा सुशासन उपक्षेत्रको नतिजा सूचक तथा आवधिक लक्ष्य (स्रोतः आवधिक योजना र विषयगत शाखा)

| सूचक | इकाई | आ.व. २०८१/०८२ को उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| गाउँपालिकाको नीति, कानून, निर्णय र सेवा प्रवाहबाट सन्तुष्ट सेवाग्राही | प्रतिशत | ९५ | ९६ | ९६ | ९८ |
| सशक्तिकरण र क्षमता विकास कार्यक्रमबाट लाभन्वित विपन्न÷पिछडिएको÷लक्षित वर्ग | प्रतिशत | ४० | ४५ | ५० | ५८ |
| गाउँपालिका क्रियाशिल र साझेदार गर्ने गैसस, सहयोगी र नागरिक समाज संस्था | संख्या | ३ | ३ | ५ | ७ |

| | | | | | |
|---|---|---|---|---|---|
| गाउँ विकासमा गैससको बार्षिक योगदान रकम | रु. हजारमा | ५०० | ७०० | १३०० | २००० |
| स्वीकृत भएका नीति र कानून | संख्या | ९८ | १०५ | १०८ | ११६ |
| –ऐन | संख्या | २२ | २३ | २३ | २५ |
| –नियम तथा विनियम | संख्या | ५ | ७ | ९ | ११ |
| –निर्देशिका, कार्यविधि र मापदण्ड | संख्या | ७१ | ७५ | ७६ | ८० |
| क्रियाशिल नीतिगत समिति तथा संयन्त्र | संख्या | ९ | ११ | १३ | १५ |
| अभ्यास गरिएका सामाजिक जवाफदेहिताका औजारको प्रकार | प्रकार | ३ | ४ | ५ | ६ |
| स्थानीय कानून, नीति र योजना तर्जुमा प्रक्रियामा नागरिक पृष्ठपोषण र सुझाव लिने माध्यम | प्रकार | ४ | ६ | ८ | १० |

### ७.१.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

### ७.१.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

नीति, कानून तथा सुशासन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत ३ बर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कूल अनुमानित रकम तथा उपलब्धी सूचक देहायअनुसार तालिका ७.१.२ मा प्रस्तुत गरिएको छ । (आवधिक योजनामा समाबेश कार्यक्रम तथा क्रियाकलापलाई एकीकृत गरी तयार गरिएको छ)

तालिका ७.१.२ नीति, कानून तथा सुशासन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानित लागत (रु.000) | पुष्ट्याईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | सुशासन तथा विकास नीति | | | | | |
| १ | नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका मापदण्ड निर्माण, परिमार्जन तथा प्रकाशन | तर्जुमा गर्नुपर्ने र बाँकी रहेका विषयमा नीति ऐन, नियम र कार्यबिधि तर्जुमा गर्ने | सालबसाली | | संबैधानिक र कानूनी व्यवस्था पालना | आबश्यक नीति, ऐन, नियम, कार्यविधि, निर्देशिका र मापदण्ड तर्जुमा तथा परिमार्जन हुनेछ । |
| २ | सुशासन तथा जबाफदेहिता प्रवद्र्धन कार्यक्रम | सामाजिक जवाफदेहिता प्रवर्धन गर्ने | सालबसाली | | जनविश्वास अभिवृद्धि गर्न | सार्बजनिक जवाफदेहिताको औजारको अभ्यास हुनेछ। |
| ३ | सूचना प्रविधिमैत्री शासन प्रवर्धन | सेवा प्रवाहलाई सहज र पारदर्शी बनाउने | सालबसाली | | राष्ट्रिय नीति र कार्यक्रम | सेवाग्राहीको संख्यामा बद्धि र गुनासोमा कमी आउनेछ । |
| ४ | मध्यस्थता, कानूनी साक्षरता तथा मेलमिलाप, न्यायिक समितिको क्षमता अभिवृद्धि कार्यक्रम | कानूनी सचेतना बृद्धि गर्ने तथा सामाजिक मेलमिलाप र सद्भाव अभिबृद्धि गर्ने | सालबसाली | | कानूनी दायित्व पुरा गर्न | शान्तिपूर्ण प्रक्रियाद्धारा विवाद निरुपणमा ५० प्रतिशतले बृद्धि हुनेछ । |
| ५ | गाउँ कार्यगाउँपालिका बैठक, सभा र बिभिन्न समितिको बैठक संचालन | कानुन, नीतिगत निर्णय तथा बजेट एबं कार्यक्रम माथि छलफल र स्वीकृत गर्ने | सालबसाली | | नीति तथा कानूनी व्यवस्था | बैठक र सभा व्यवस्थित तथा प्रभावकारी रुपमा संचालन हुनेछ । |
| ६ | वडा कार्यालय संचालन | प्रशासनिक कार्य, राजस्व र अनुगमन सम्बन्धी कार्य संचालन गर्ने | सालबसाली | | नीति तथा कानूनी व्यवस्था | वडा कार्यालयबाट सेवा सुचारु हुनेछ । |

## ८.१.८ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ | यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभाबमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

# ७.२ संगठन तथा क्षमता विकास

## ७.२.१ पृष्ठभूमि

विकास व्यवस्थापन र सेवा प्रवाह प्रक्रियामा सिर्जनशिलता र वैकल्पिक उपायहरु अबलम्बन गर्न जरुरी छ। अबका दिनमा गाउँपालिकाले सगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ | गाउँकार्यपालिका, गाउँसभा, न्यायिक समिति, लेखा समिति, विधायन समिति, सुशासन समिति, राजस्व परामर्श समिति, श्रोत अनुमान तथा वजेट सीमा निर्धारण समिति, एवं वजेट तथा कार्यक्रम तर्जुमा समिति लगायतका समितिहरु यसका संगठनात्मक संरचनाहरु हुन । त्यसैगरी स्थानीय तहको नीति, कार्यक्रम एवं सेवा प्रवाह कार्यान्वयनका लागि कर्मचारी प्रशासनको व्यवस्था गरिएको छ। कार्यवोझ, कार्यजिम्मेवारी तोक्ने, कार्यसम्पादन तथा मूल्याङ्कन गर्ने परिपाटीलाई संस्थागत गर्ने गरिएको छ ।

## ७.२.२ संभावना र अवसर

एकीकृत सेवा सहितको गाउँ कार्यपालिका, वडाको केन्द्रमा आधारभूत सुविधा सहित वडा कार्यालय, स्वास्थ्य संस्थाहरुबाट सेवा प्रवाह भैरहेको र उपरोक्त कार्यालयहरुको स्तरोन्नतिको लागि प्रयास भैरहेको छ। कार्यालयमा इन्टरनेट, विषयगत सेवा प्रवाहको लागि न्यूनतम कार्यकक्ष र भौतिक सामग्रीको व्यवस्थापन गरिएको छ। संघीय संरचना अनुसार कर्मचारीको समायोजन प्रक्रियासँगै हाल गाउँपालिकामा विषय क्षेत्रसँग सम्बन्धित कर्मचारी कार्यरत रहेका छन ।

## ७.२.३ समस्या तथा चुनौति

गाउँ कार्यगाउँपालिका कार्यालय, विषयगत शाखा, वडा कार्यालय र इकाईहरुमा आवश्यकता र दरबन्दी अनुसार प्राबिधिक, तथा विषयगत कर्मचारीहरुका पदपूर्ती नहुँदा सेवा प्रवाह र कार्यसम्पादन कठिनाई भैरहेको छ। कार्यगाउँपालिका कार्यालयमा विषयगत शाखाहरु सञ्चालनमा आएको भएता पनि एकीकृत सेवा प्रवाहमा कठिनाई रहेको छ। गाउँ कार्यगाउँपालिका र अन्तर्गतका कार्यालयवाट हुने कतिपय सेवा प्रवाहलाई प्रविधिमा आधारित बनाइएको भएता पनि सबै सेवालाई सूचना प्रविधिमा आधारित बनाउनु चुनौती रहेको छ | यसै गरि संस्थागत क्षमता विकासको लागि पर्याप्त लगानु बढाउन नसक्नु अर्को समस्याको रुपमा रहेको छ |

## ७.२.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति, कार्यनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको संगठन तथा क्षमता विकास उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

"वगनासकाली गाउँपालिकाको शानः सवल, जनमैत्री, र सुशासन"

**लक्ष्य**

"गाउँपालिकावाट संचालन हुने विकास व्यवस्थापन तथा प्रबाह हुने सेवाको व्यवस्थापन क्षमता, मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्ने" ।

**उद्देश्य**

१। स्थानीय सेवाको व्यवस्थापन, संस्थागत क्षमता, गुणस्तरीय मानव संशाधन र कार्य दक्षतामा अभिवृद्धि गर्नु

**रणनीति**

संगठन तथा क्षमता विकास उपक्षेत्रको देहायअनुसार रणनीति अबलम्बन गरिनेछ।

१। सार्बजनिक सेवा प्रवाहलाई पारदर्शी, गुणस्तरीय र जनमैत्री बनाउने ।

२। गाउँ कार्यगाउँपालिका तथा वडा कार्यालय र अन्तर्गत कार्यालयमा कार्यरत कर्मचारी तथा संगठनको संस्थागत क्षमता विकास गर्ने ।

३। सक्षम र उच्च मनोबलयुक्त जनशक्ति विकास गर्ने ।

## ७.२.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

संगठन तथा क्षमता विकास उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिका ७.२.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ७.२.१ संगठन तथा क्षमता विकास उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र विषयगत शाखा)

| सूचक | इकाई | आ.व. २०८१/०८२ को उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| संगठन तथा क्षमता विकास | | | | | |
| गाउँपालिकाको क्षमता विकास योजना तर्जुमा र कार्यान्वयन | भए/ नभएको | भएको | भएको | भएको | भएको |
| बार्षिक क्षमता विकास योजना अनुरुप तालिम संचालन | भए/ नभएको | नभएको | भएको | भएको | भएको |

## ७.२.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ७.२.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

संगठन तथा क्षमता विकास उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी ३ वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.२.१ संगठन तथा क्षमता विकास उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | अवधि | अनुमानितलागत (रु.०००) | पृष्टयाईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | संगठन तथा क्षमता विकास | | | | | |
| १ | कार्यालय व्यवस्थापन एवं भौतिक निर्माण तथा सुधार कार्यक्रम | संस्थागत सुशासन र प्रभावकारी सेवा प्रबाह गर्नु | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | सबै विषयगत शाखा र वडा कार्यालयको न्यूनतम भौतिक सुविधा उपलब्ध हुनेछ। |
| २ | स्थानीय सरकारको कार्य सम्पादन तथा संस्थागत स्वमूल्याङ्कन कार्यक्रम | संस्थागत सुशासन र प्रभावकारी सेवा प्रबाह गर्नु | सालबसाली | | | संस्थागत स्वमूल्यांकनमा सुधार हुनेछ। |
| ३ | जनप्रतिनिधि, कर्मचारी, नागरिक संस्था क्षमता अभिबृद्धि, अध्ययन अबलोकन कार्यक्रम | संस्थागत सुशासन र प्रभावकारी सेवा प्रबाह गर्नु | सालबसाली | | | कार्य सम्पादनमा ३३ प्रतिशतले बृद्धि हनेछ । |
| ४ | टोल विकास संस्था गठन तथा परिचालन | संस्थागत सुशासन र प्रभावकारी सेवा प्रबाह गर्नु | सालबसाली | | | टोल विकास संस्था विकास र परिचालन बृद्धि हुनेछ । |
| ५ | लक्षित वर्ग संस्थागत संरचना तथा क्षमता विकास कार्यक्रम | संस्थागत सुशासन र प्रभावकारी सेवा प्रबाह गर्नु | सालबसाली | | | लक्षित वर्गको सहभागिता र विस्वासमा बृद्धि हुनेछ । |
| ६ | सालबसाली प्रशासनिक खर्च | संस्थागत सुशासन र प्रभावकारी सेवा प्रबाह गर्नु | सालबसाली | | | कार्यालय प्रभावकारी रुपमा संचालन हुनेछ। |

### ७.२.८ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ । यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नागरिक बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभाबमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.३ राजश्व तथा स्रोत परिचालन

### ७.३.१ पृष्ठभूमि

गाउँपालिकाको राजश्व सुधार कार्ययोजना तर्जुमा गरी सोको प्रभावकारी कार्यान्वयन गर्नु पर्नेछ । हाल गाउँपालिकामा राजश्व परामर्श समितिको सिफारिसको आधारमा राजश्व अनुमान गर्ने कार्यले राजश्व संकलन अपेक्षित हुन सकेको छैन । राजश्वको दायरामा सबै आउन नसकेको अवस्था छ ।

### ८.३.२ विद्यमान स्थिति तथा संभावना

स्थानीय राजस्व परामर्श समितिको अध्ययन र सिफारिशका आधारमा सम्पत्ती कर, मालपोत, व्यवसाय कर, घरवहाल कर तथा वहाल विटौरी शुल्क लगायत सिफारिस तथा प्रमाणित शुल्क तथा दस्तुरका दर निर्धारण गरी सो अनुसार कर तथा गैरकर राजश्व संकलन हुदै आएको छ । गाउँपालिकाको स्रोतसाधन, सेवा प्रवाह र कार्यसम्पादन स्तरमा स्थानीय समुदायको चासो र निगरानीमा वृद्धि हुँदै गएको छ। गाउँपालिकाको वित्तीय स्रोत बढ्दै गएको र गाउँपालिकाको संस्थागत सबलीकरण र क्षमता विकासमा नेपाल सरकार, प्रदेश सरकार तथा विकास साझेदारहरुको सहयोग र तदारुपता पनि क्रमशः बढदै गएको छ।

### ७.३.३ समस्या तथा चुनौति

स्थानीय तहको राजस्व अधिकार क्षेत्रका विषयमा राजस्वको संभाव्यता विश्लेषण तथा राजस्व प्रशासन सम्बन्धी ज्ञान, सीप, दक्षताको कमी रहेको छ। गाउँपालिकाको आन्तरिक आय न्यून हुँदा विकासमा सङ्घीय र प्रदेश सरकारको अनुदानमा भर पर्नु पर्ने अवस्था रहेको छ। राजश्व सुधार कार्ययोजना तर्जुमा रहेको भएता पनि हालसम्म राजश्वको दर र दायरा सम्बन्धमा बिस्तृत अध्ययन गरी सोको आधारमा राजश्व प्रक्षेपण र संकलन हुन सकेको छैन ।

### ७.३.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम

यस गाउँपालिकाको राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

"सुदृढ र व्यवस्थित स्रोत परिचालन, प्रविधिमैत्री राजस्व प्रशासन"

**लक्ष्य**

- गाउँपालिकाको आन्तरिक आयमा गुणात्मक वृद्धि गर्नुका वाह्यश्रोत माथिको परनिर्भरता न्यूनीकरण भएको हुने

**उद्देश्य**

गाउँपालिकाको राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- दिगो, भरपर्दो तथा पूँजी निर्माण एवं आयआर्जनका क्षेत्रहरुमा परिचालनवाट आन्तरिक श्रोत अभिवृद्धि गर्नु
- वित्तीय सुशासन कायम राख्दै श्रोत परिचालनमा मितव्ययिता र कुशलता कायम राख्नु ।

**रणनीति**

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रमा देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

१। राजस्वको दायरा बृधि गरी आन्तरिक आयमा बृद्धि तथा सवलिकरणमा गर्ने |

२। स्रोतको प्राप्ति, राजस्वको स्रोत, आधार, दर र प्रशासनलाई सूचना प्रविधिमा आधारित गरी व्यवस्थित गर्ने |

३। सार्वजनिक सम्पत्तीको अभिलेख तयार गरी संरक्षण र उपयोग गर्ने ।

४। स्रोत परिचालनका लागि गैसस, सरकारी तथा गैरसरकारी र निजी क्षेत्रका निकायसँग समन्वय साझेदारी विकास गर्ने ।

## ७.३.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको विषय क्षेत्रगत सूचक र लक्ष्य देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ।

तालिका ७.३.१ राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः आवधिक योजना र बिषयगत शाखा)

| सूचक | इकाई | २०८१/०८२ सम्मको उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| राजश्व तथा स्रोत परिचालन | | | | | |
| आन्तरिक आयमा बार्षिक वृद्धि | प्रतिशत | १० | १५ | २५ | २५ |
| राजश्व परामर्श समितिको बैठक (बार्षिक) | संख्या | २ | ३ | ४ | ४ |
| राजस्व परामर्श समिति पदाधिकारी र राजस्व शाखामा कार्यरत कर्मचारीको क्षमता विकास तालिम | भए/नभए को | नभएको | भएको | भएको | भएको |
| राजश्व संकलन सुचना प्रविधिमा आधारित | भए/नभए को | भएको | भएको | भएको | भएको |
| राजश्व सुधार कार्ययोजना तर्जुमा र कार्यान्वयन | भए/नभए को | भएको | भएको | भएको | भएको |

## ७.३.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ७.३.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी ३ वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.३.२ राजस्व तथा श्रोत परिचालन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानितलागत (रु.000) | पुष्ट्याईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | राजस्व तथा श्रोत परिचालन | | | | | |
| १ | आन्तरिक आयको संभाव्यता अध्ययन तथा प्रक्षेपण (राजश्व सुधार कार्ययोजना तर्जुमा तथा परिमार्जन र कार्यान्वयन) | कानून अनुसार कर तथा गैरकर राजस्व, दस्तुर स्रोतको दायरामा गुणात्मक सुधार मार्फत आन्तरिक आय बृद्धि गर्ने | सालबसाली | | | आन्तरिक आयमा बार्षिक कम्तिमा २५ प्रतिशतका दरले बार्षिक बृद्धि हुनेछ । |
| २ | राजस्व व्यवस्थापन सूचना प्रणाली विकास तथा संचालन र करदाता शिक्षा तथा प्रोत्साहन कार्यक्रम | स्थानीय करको विषय क्षेत्र, दायरा, दर, छुट र भुक्तानी प्रक्रिया बारे जानकारी गराउने र असुली लाई सहज बनाउने | सालबसाली | | गाउँपालिकाको प्रथम आवधिक योजनाको प्राथमिकता | बिधुतिय भुक्तानी प्रणाली लागु भई कर असुली सहज हुनुका साथै करदाताको सहभागिता र सहयोगमा बृद्धि हुनेछ । |
| ३ | राजस्व राजस्व परामर्श समिति र शाखा संचालन तथा राजस्व परिचालन तथा अनुगमन र क्षमता विकास | कर प्रशासन र अभिलेख लाई सेवाग्राहीमैत्री र व्यवस्थित बनाउने | सालबसाली | | | राजस्व व्यबस्थापन लाई प्रभावकारी हुनुकासाथै नागरिकको सन्तुष्टीको स्तरमा ६० प्रतिशतले बृद्धि हुनेछ । |

## ७.३.८ जोखिम पक्ष तथा अनुमान

संबिधान र तीनै तहको सरकारको प्रचलित नीति तथा कानुन बमोजिम अन्तरतह समन्वय र सहकार्य प्रभावकारी हुनुका साथै सुशासन प्रबर्धनमा साझेदारी हुन सकेको खण्डमा अपेक्षित नतिजा हासिल हुन सक्दछ | यसै गरी स्थानीय तह र बिकास साझेदार, गैसस, समुदाय, सहकारी र नीजि क्षेत्र बीचको समन्वय, स्रोत साधन, प्रविधि र दक्ष मानव संशाधन परिचालनमा स्थानीय आवश्यकता अनुसार सहकार्य हुन सकेमा अपेक्षित नतिजा प्राप्त हुनेछ। उपरोक्त व्यवस्थाको अभावमा अपेक्षित नतिजा हासिल हुन नसक्ने जोखिम रहेकोछ।

## ७.४ योजना र विकास ब्यबस्थापन

### ७.४.१ पृष्ठभूमि

गाउँपालिकाले सगठन तथा क्षमता विकास, कर्मचारी व्यवस्थापन र अन्तर सरकार, समुदाय, नीजि तथा गैर सरकारी संस्था साझेदारीको माध्यमबाट सेवा प्रवाह र विकास व्यवस्थापनलाई नतिजामूलक र प्रभावकारी बनाउने तर्फ विशेष ध्यान दिन आवश्यक देखिन्छ ।यसलाई मध्यनजर गर्दै गाउँपालिकाको सेवा प्रवाह र कार्यसम्पादनमा प्रभावकारिता अभिवृद्धि गरी स्थानीय सुशासन कायम गर्न स्थानीय योजना तथा विकास व्यवस्थापनलाई उच्चतम महत्व दिएको छ | योजना र विकास ब्यबस्थापन उपक्षेत्रको वस्तुस्थिति विश्लेषण देहायअनुसार गरिएको छ।

### ७.४.२ विद्यमान स्थिति तथा संभावना

स्थानीय तहको अधिकार तथा जिम्मेवारी कार्यान्वयनका लागि गाउँपालिकाले आबश्यकता र पहिचानको आधारमा बिभिन्न योजना तथा कार्यक्रम तर्जुमा गरी कार्यान्वयन गरिरहेको छ। साथै समुदाय र नागरिक समाज समेतको सहभागितामा सहभागितामूलक योजना तर्जुमाको अभ्यास गरी सभाबाट स्वीकृत बजेट तथा नीति कार्यक्रमलाई वेवसाइट र सूचना पाटी मार्फत सार्वजनिक गर्ने अभ्यास भैरहेको छ।

बार्षिक बजेट तथा कार्यक्रम तर्जुमा प्रक्रियमा जनसहभागिता सुनिस्चित हुने गरी टोल एबम्  बस्तीस्तरबाटै सहभागितामूलक योजना छनौट प्रक्रियाको अभ्यास भैरहेको छ ।गाउँपालिकामा  संचालित स्थानीय संचित कोष र अन्य स्रोतबाट संचालित आयोजना तथा कार्यक्रमको प्रगति तथा गुणस्तर कायम गर्न स्थलगत अनुगमन तथा प्रगति विवरण समीक्षा कार्यलाई नियमित गरिएकोछ।गाउँपालिकामा योजना तर्जुमा र विकास गतिविधिको कार्यान्वयन, अनुगमन तथा नतिजा मापन प्रणालीमा समावेशी, सहभागितामूलक, परामर्श तथा सहकार्यमा आधारित पद्धतिहरुको विकास तथा अनुशरण हुँदै गएको छ।

### ७.४.३ समस्या तथा चुनौति

संबिधान तथा स्थानीय सरकार संचालनले स्थानीय तहको अधिकार क्षेत्र भित्रका विषयमा योजना तथा बजेट तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गर्ने, उपलब्ध सिमित श्रोत –साधनको उच्चतम प्रतिफलयुक्त क्षेत्रमा परिचालन गर्ने, प्रभावकारी र गुणस्तरीय विकास ब्यबस्थापन गर्ने साथै जनमैत्री सेवा प्रवाहको लागि मानब स्रोत परिचालन गर्ने समस्या तथा चूनौतिहरु विद्यमान रहेका छन् ।

कृषि, पर्यटन, यातायात, वातावरण जस्ता अग्रणी क्षेत्रहरुको दीर्घकालीन गुरुयोजना तर्जुमा हुन नसक्नु आयोजनाहरुको दिगोपना तथा मर्मत सम्भारका लागि लाभान्वितवाट उपभोग शुल्क सङ्कलन हुन नसक्नु, नतिजामा आधारित अनुगमन मूल्याङ्कन अभ्यास नहुनु आदी मुख्य समस्याको रुपमा रहेका छन् | यसैगरि आयोजनाहरुमा गुणस्तरीयता कायम राख्दै निर्धारित समयमै सम्पन्न गर्नु र आयोजनाहरुको दिगोपना, मर्मत सम्भार र स्थानीयहरुको अपनत्व सिर्जना गर्नु मुख्य चुनौतीका रुपमा रहेका छन | फलस्वरुप आयोजना

तथा कार्यक्रमलाई समयमा सम्पन्न गर्न र गुणस्तर कायम गरी ठोस उपलब्धी हासिल गर्न सकिएको छैन । आयोजना बैंक स्थापन र संचालन हुन नसक्नु मुख्य चुनौतिको रुपमा रहेको छ ।

## ८.४.४ सोच, लक्ष्य, उद्देश्य, रणनीति

यस गाउँपालिकाको योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको लक्ष्य, उद्देश्य, रणनीति तथा प्रमुख कार्यक्रम तथा आयोजनालाई देहायअनुसार प्रस्तुत गरिएको छ ।

**सोच**

"नतिजामुखी योजना र उत्तरदायी विकास प्रशासन"

**लक्ष्य**

"योजना तथा विकास ब्यबस्थापनको प्रभावकारितामा गुणात्मक वृद्धि गर्ने"

**उद्देश्य**

गाउँपालिकाको योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको उद्देश्यहरु देहायअनुसार रहेका छन्ः

- योजना तथा विकास ब्यबस्थापन प्रणाली सूचना प्रविधिमा आधारित बनाउने,

**रणनीति**

योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको देहायअनुसारका रणनीति अबलम्बन गरिनेछ ।

१ स्थानीय जनसहभागिता एवं सरोकारवालाहरुको सहभागितामा योजनाहरुको तर्जुमा गर्नु
२. सूचना प्रविधिमा आधारित प्रभावकारी कार्यान्वयन र अनुगमन तथा मूल्याङ्कनवाट योजना व्यवस्थापन गर्नु
३. विकास ब्यबस्थापनका लागि गैसस, निजी क्षेत्र, समुदायमा आधारित संस्थासँग समन्वय र साझेदारीमा अभिवृद्धि गर्ने ।

## ७.४.५ विषय उपक्षेत्रगत नतिजा सूचक र लक्ष्य

योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको विषय क्षेत्रगत सूचक र आवधिक लक्ष्य देहायअनुसार तालिका ७.४.१ मा प्रस्तुत गरिएको छ ।

तालिका ७.४.१ योजना तथा विकास ब्यबस्थापन उपक्षेत्रको नतिजा सूचक तथा लक्ष्य (स्रोतः सम्बन्धित शाखा)

| सूचक | इकाई | आ.व. ०८१/०८२ को उपलब्धी | मध्यमकालीन लक्ष्य | | |
|---|---|---|---|---|---|
| | | | ०८२/०८३ | ०८३/०८४ | ०८४/०८५ |
| विकास व्यवस्थापन | | | | | |
| आयोजना बैंकको स्थापना र संचालन | भएको/नभएको | नभएको | भएको | भएको | भएको |
| स्वीकृत स्थानीय गौरवका आयोजना | संख्या | ० | १ | २ | २ |
| नतिजामूलक ढाँचामा योजना तर्जुमा | भए/नभएको | नभएको | भएको | भएको | भएको |

| | | | | | |
|---|---|---|---|---|---|
| अनुगमन तथा मूल्याङ्कन ढाँचा र योजना | भए÷नभएको | भएको | भएको | भएको | भएको |
| समयमा सम्पन्न आयोजनाको अनुपात | प्रतिशत | ९० | ९२ | ९४ | ९५ |

## ८.४.६ विषय उपक्षेत्रगत खर्च तथा श्रोतको अनुमान

सुशासन तथा संस्थागत क्षमता विकास र सेवा प्रबाह क्षेत्रको मध्यमकालीन खर्च संरचना अबधिको खर्च र स्रोतको अनुमान अनुसूची-३ मा प्रस्तुत गरिएको छ ।

## ७.४.७ कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

योजना तथा विकास व्यबस्थापन उपक्षेत्रको आगामी आर्थिक वर्ष समेत आगामी ३ वर्षमा संचालन हुने शिर्षकगत प्रमुख कार्यक्रम तथा आयोजना, कून अनुमानित रकम, उद्देश्य तथा उपलब्धी देहायअनुसार तालिकामा प्रस्तुत गरिएको छ ।

तालिका ७.४.२ योजना तथा विकास व्यबस्थापन उपक्षेत्रको कार्यक्रम तथा आयोजनाको संक्षिप्त विवरण

| क्र.सं. | कार्यक्रम तथा आयोजना | उद्देश्य | आयोजना तथा कार्यक्रमको अवधि | अनुमानितलागत (रु.000) | पुष्ट्याईको आधार | आगामी ३ बर्षको उपलब्धी |
|---|---|---|---|---|---|---|
| | योजना र विकास व्यवस्थापन | | | | | |
| १ | आवधिक योजना, मध्यमकालीन योजना तथा बिभिन्न बिषयगत रणनीतिक योजना निर्माण तथा कार्यान्वयन, समिक्षा, अध्यावधिक र पूर्व संभाव्यता अध्ययन एबं डिपिआर र आयोजना वैक | बार्षिक योजनालाई ठोस र उपलब्धी बनाउन आयोजना बैंक तयार गर्ने | सालबसाली | | गाउँपालिकाको आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता | आयोजना ब्यबस्थापन प्रभावकारी भई आयोजनाको संख्यामा ६० प्रतिशतले कमी हुने र गुणस्तरीय आयोजना छनौट तथा कार्यान्वयन र सम्पन्न हुने आयोजनाको संख्यामा बृद्धि हुनेछ । |
| २ | आयोजना बैंकको स्थापना र संचालन | आयोजना व्यवस्थापनलाई वस्तुपरक, पारदर्शी र नतिजामा आधारित बनाउन आयोजना बैंक स्थापना र संचालन गर्नु | | | | आयोजना व्यवस्थापनका सबै चक्र प्रभावकारी भएको हुने |
| ३ | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, मूल्याङ्कन र सिकाई | योजना तर्जुमा, कार्यान्वयन, अनुगमन, प्रभाव लेखाजोखा र यस सम्बन्धी ज्ञानलाई | सालबसाली | | | योजना प्रणालीलाई नतिजा र श्रोतसँग आवद्ध हुनेछ । |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | प्रणाली संचालन | व्यवस्थित बनाउने | | | | |
| ४ | उपभोक्ता समिति र टोल विकास संस्था गठन, क्षमता विकास तथा परिचालन कार्यक्रम | उपभोक्ता समितिबाट हुने अयोजना कार्यान्वयनलाई गुणस्तरीय, लागत प्रभावकारी र उपलब्धीमूलक बनाउने | सालबसाली | | | उपभोक्ता समितिले तोकिएको मापदण्ड र समयतालिका भित्र आयोजना सम्पन्न गर्न सफल हुनेछन् । |
| ५ | राहत कोष, मर्मतसंभार कोष र अन्य कोष स्थापना तथा संचालन | बार्षिक योजनालाई नतिजा मा आधारित प्राथमिकता प्राप्त क्षेत्रमा लगानी बढाउने | सालबसाली | | गाउँपालिकाको आवधिक योजना, बार्षिक नीति तथा कार्यक्रमको प्राथमिकता | कोष संचालन सम्बन्धि बार्षिक योजना तर्जुमा हुनेछ । |
| ६ | सेवा प्रवाह सम्बनधी सफ्टवेयर प्रणाली सञ्चालन र सेवा प्रबाह, सुशासन तथा संस्थागत क्षमता विकास सम्बन्धि बिबिध कार्यक्रम | विद्युतीय माध्यमबाट नियमित रुपमा विना रोकाबाट सेवा र सूचना प्रवाह गर्नुका साथै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने | लवसाली | | | राजस्व, योजना, प्रशासन, व्यावसाय दर्ता र नविकरण, सम्पत्ती व्यवस्थापन सम्बन्धी सेवा प्रणाली सम्बन्धी सफ्टवयर संचालन भई सेवा अटोमेशन हुनेछ । |

# अनुसुचीहरु

## अनुसूची १

**प्रति इकाई लागत अनुमान** लागत (रु. हजारमा)

| प्रतिफल | एकाई | प्रति एकाई लागत | कैफियत | |
|---|---|---|---|---|
| कृषि वन तथा भुमि सुधार | | | | |
| रासायनिक मल | | | अन्तराष्ट्रिय मुल्य, र विनिमय दर ओभरहेड खर्चको आधारमा औषत लागत | |
| युरिया | मे.टन | | | |
| डी.ए.पी. | मे.टन | | | |
| पोटास | मे.टन | | | |
| प्राङगारिक मल | मे.टन | बजार मुल्यको आधारमा निर्धारण हुने | | |
| कम्पोष्ट (धुलो) | क्विन्टल | | बजारमा उपलव्ध विभिन्न ब्रान्ड तथा गुणको प्रांगारिक मलको औषत मुल्यको आधारमा | |
| कम्पोष्ट (दानादर) | क्विन्टल | | | |
| भर्मी कम्पोस्ट | क्विन्टल | | | |
| बीउ | /के.जी क्विन्टल | | विभिन्न तरकारी तथा खाद्यन्न बिउहरुको उत्पादन लागत औषतको आधारमा | बिउको प्रकार उल्लेख गर्ने ) |
| फलफुल तथा तरकारी बिरुवा | गोटा | | विभिन्न फलफुल बिरुवाहरुको सरकारी मूल्यको औषतको आधारमा | बिरुवाको प्रकार उल्लेख गर्ने |
| साना कृषि यन्त्रहरु | गोटा | | | यन्त्रको प्रकार उल्लेख गर्ने |
| चिलिंग भ्याट | गोता/लिटर | | | |
| बिभिन्न प्रजातिका जनावर तथा कुखुरा वितरण | गोटा | | | प्रकार उल्लेख गर्ने |
| बिभिन्न खोर तथा गोठ | संख्या | | | प्रकार अनुसार लागत |

| | | | | |
|---|---|---|---|---|
| निर्माण | | | | गणना गर्ने |
| बिभिन्न तालिम तथा प्रशिक्षण कार्यक्रम संचालन | वटा | | कार्यक्रमको अवधि, सहभागी संख्या, संचालन स्थल तथा स्रोत व्यक्तिको उपलब्धता समेतको आधारमा आर्थिक प्रस्ताब तयार गरी यकिन गर्ने | |
| व्यवसायीक तथा सीप विकास तालिम | पटक | | कार्यक्रमको अबधि, सहभागी संख्या, संचालन स्थल तथा स्रोत व्यक्तिको उपलब्धता समेतको आधारमा आर्थिक प्रस्ताब तयार गरी यकिन गर्ने | |
| बिभिन्न चेतनामुलक कार्यक्रम | पटक | | | |
| भौतिक पुर्बाधार तथा यातायत | | | | |
| पिच सडक | कि.मि | | डबल<br>लेन | |
| ग्रावेल सडक | कि.मि | | डबल<br>लेन | |
| नयाँ ट्र्याक खोल्ने सडक | कि.मि | | डबल<br>लेन | |
| पुल | प्रति मि. | | डबल<br>लेन | |
| सिंचित क्षेत्र विकास कार्य | कि.मि | | | |
| नहर संचालन तथा र्ममत | प्र.श | | | |
| तटवन्ध निर्माण | कि.मि | | | |

*नोटः प्रत्येक आयोजना तथा कार्यक्रमको प्रकृति अनुरुप इकाई पहिचान गरी सोको आधारमा प्रति इकाई लागत अनुमान बस्तुपरक निर्धारण गरी सोहि आधारमा उपरोक्त कार्यक्रम तथा आयोजनाको जम्मा लागत निकाल्ने ।*

# अनुसूचि २
## त्रिवर्षीय श्रोत अनुमान तथा प्रक्षेपण

| क्र.स. | विवरण | आ.व. ०८०/०८१ को यथार्थ | आ.व. ०८१/०८२ को संशोधित अनुमान | मध्यमकालीन वजेट अनुमान र प्रक्षेपण (रु हजारमा) | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | २०८२/०८३ | २०८३/०८४ | २०८४/०८५ | तीन वर्षको कुल |
| १ | खर्च अनुमान | ५११५४७ | ५६९९०२ | ५४७५८५ | ५७८९६५ | ६०९८४८ | १७३६३९८ |
| | चालु खर्च | ३७०५०२ | ३७१०९५ | ३६८६५९ | ३८३९३५ | ४०१२१२ | ११५३८०६ |
| | पुंजीगत खर्च | १४१०४५ | १९८८०७ | १७८९२६ | १९५०३० | २०८६३६ | ५८२५९२ |
| | वित्तीय व्यवस्था | ० | ० | ० | ० | ० | ० |
| | कुल | ५११५४७ | ५६९९०२ | ५४७५८५ | ५७८९६५ | ६०९८४८ | १७३६३९८ |
| २ | आय अनुमान | | | | | | |
| २.१ | आन्तरिक आय | ४३२८० | ३३७८० | ४०००० | ४६००० | ५२९०० | १३८९०० |
| २.२ | राजस्व बाँडफाँटबाट प्राप्त रकम ( प्रदेश सरकारवाट) | ५१२७ | ४५८२ | ८३०७ | ८७२२ | ९११५ | २६१४४ |
| | राजस्व बाँडफाँटबाट प्राप्त रकम (सङ्घीय सरकार ) | ७७२४८ | ८१९९९ | ७७४६८ | ८१३४१ | ८५००२ | २४३८११ |
| २.३ | रोयल्टी बाँडफाँट | १००५० | ३० | १००५० | १०५५३ | ११०२७ | ३१६३० |
| | क. वन रोयल्टी | ५० | १५ | ५० | ५३ | ५५ | १५७ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | ख. खानी रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| | ग. विद्युत रोयल्टी | १०००० | १५ | १०००० | १०५०० | १०९७३ | ३१४७३ |
| | ङ. पानी तथा अन्य रोयल्टी | ० | ० | ० | ० | ० | ० |
| **2.4** | **नेपाल सरकार वित्तीय हस्तान्तरण** | ३५०८८३ | ४२६०७७ | ३८६३०० | ४०५६१५ | ४२३८६८ | १२१५७८३ |
| | समानिकरण अनुदान | ९५००० | ९२४०० | ९०४०० | ९४९२० | ९९१९१ | २८४५११ |
| | शसर्त अनुदान | २४२३८३ | ३२७१७७ | २५२५०० | २६५१२५ | २७७०५६ | ७९४६८१ |
| | विषेश अनुदान | ७५०० | ० | ६८०० | ७१४० | ७४६१ | २१४०१ |
| | समपुरक अनुदान | ६००० | ६५०० | ३६६०० | ३८४३० | ४०१५९ | ११५१८९ |
| **2.5** | **प्रदेश सरकार वित्तीय हस्तान्तरण** | २४९५८ | २३४४९ | २५४६१ | २६७३४ | २७९३७ | ८०१३२ |
| | क.समानीकरण अनुदान | ६६०८ | ६१४९ | ६२६१ | ६५७४ | ६८७० | १९७०५ |
| | ख.सशर्त अनुदान | ८३५० | ७८०० | १०००० | १०५०० | १०९७३ | ३१४७३ |
| | ग. बिशेष अनुदान | ० | २५०० | १७०० | १७८५ | १८६५ | ५३५० |
| | घ. समपूरक अनुदान | १०००० | ७००० | ७५०० | ७८७५ | ८२२९ | २३६०४ |
| २.६ | आन्तरिक ऋण | ० | ० | ० | 0 | 0 | ० |
| ३ | मौज्दात रकम | | ० | ० | ० | ० | ० |
| | कुल | ५११५४६ | ५६९९०२ | ५४७५८६ | ५७८९६५ | ६०९८४९ | १७३६४०० |

***स्रोतः आर्थिक प्रशासन शाखा***

# अनुसूचि ३

## बजेट खर्च तथा स्रोतको विषय क्षेत्रगत त्रिबर्षीय अनुमान

**नोटः स्रोत उल्लेख गर्ने सन्दर्भमा संघ र प्रदेशवाट प्राप्त हुने राजश्व बाँडफाँटको रकमलाई आन्तरिक तर्फ गणना गरिएको छ ।**

### १ आर्थिक विकास क्षेत्र

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८२/०८३ | २८४९९ | १५६७४ | १२८२५ | ५७१० | २१७४५ | १०४५ | |
| २०८३/८४ | ३२७७४ | १८०२६ | १४७४८ | ९१६५ | २२४०७ | १२०२ | |
| २०८४/८५ | ३७६९० | २०७२९ | १६९६० | १२९७७ | २३३९१ | १३२२ | |
| जम्मा | ९८९६३ | ५४४२९ | ४४५३३ | २७८५२ | ६७५४३ | ३५६९ | |

### २ सामाजिक विकास क्षेत्र

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८२/०८३ | ३०१५४६ | २५७८१५ | ४३७३१ | १७५६४ | २७७२०८ | ६७७४ | |
| २०८३/८४ | ३१६६२३ | २६५९४३ | ५०६८० | १८४४२ | २९१०६८ | ७११३ | |
| २०८४/८५ | ३३०८७१ | २७६५८१ | ५४२९१ | १९२७२ | ३०४१६६ | ७४३३ | |
| जम्मा | ९४९०४० | ८००३३९ | १४८७०२ | ५५२७८ | ८७२४४३ | २१३१९ | |

## ३ पूर्वाधार विकास क्षेत्र

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८२/०८३ | ९७२८२ | १९४६ | ९५३३६ | ४२० | ८१३१३ | १५५४९ | |
| २०८३/८४ | १०२१४६ | १९८५ | १००१६२ | ४४१ | ८५३७९ | १६३२६ | |
| २०८४/८५ | १०६७४३ | २१३५ | १०४६०८ | ४६१ | ८९२२१ | १७०६१ | |
| जम्मा | ३०६१७१ | ६०६६ | ३००१०६ | १३२२ | २५५९१२ | ४८९३७ | |

## ४ वन, वाताबरण तथा विपद ब्यवस्थापन क्षेत्र

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८२/०८३ | ६३०८ | २०६४ | ४२४४ | १४४३ | ४२४२ | ६२३ | |
| २०८३/८४ | ७७७२ | २२६२ | ५५१० | २३४४ | ४८७८ | ५५० | |
| २०८४/८५ | ९५११ | १७४० | ७७७१ | ३८८० | ५१२२ | ५०९ | |
| जम्मा | २३५९१ | ६०६६ | १७५२५ | ७६६७ | १४२४३ | १६८२ | |

## ५ सुशासन तथा संस्थागत क्षमता विकास

| आर्थिक बर्ष | बजेट तथा खर्च अनुमान (रु.हजारमा) | | | खर्चको स्रोत (रु. हजार) | | | |
|---|---|---|---|---|---|---|---|
| | कुल | चालु | पुँजिगत | आन्तरिक श्रोत | नेपाल सरकार | प्रदेश सरकार | अन्य श्रोत |
| २०८२/०८३ | ११३९५२ | ९११६२ | २२७९० | ११०६८९ | १७९३ | १४७० | |
| २०८३/८४ | ११९६५० | ९५७२० | २३९३० | ११६२२३ | १८८३ | १५४४ | |
| २०८४/८५ | १२५०३४ | १०००२७ | २५००७ | १२१४५४ | १९६७ | १६१३ | |
| जम्मा | ३५८६३६ | २८६९०९ | ७१७२७ | ३४८३६६ | ५६४३ | ४६२६ | |